## नारी साहित्यकारहरुको विधागत इतिहास

स्रष्टादेखि स्रष्टासम्म

सम्पर्कको निरन्तरता सृजनामा जीवन्तता



# गुञ्जन

चन्द्रशमशेर नेवार

# गुञ्जन

**स्रष्टादेखि स्रष्टासम्म**

**सम्पर्कको निरन्तरता / सिर्जनामा जीवन्तता**

**वर्ष ७ अंक ४, वि.सं. २०६१**

प्रधान सम्पादक

**पद्मावती सिंह**

सम्पादक

**उषा शेरचन**

**ज्ञानू पाण्डे**

व्यवस्थापक

**जलेश्वरी श्रेष्ठ**

मुद्रक :– हिसि अफसेट प्रिन्टर्स, जमल (सेतो दरबार), काठमाडौं । फोन : ४२२६४१६

# विषय-अनुक्रम


| | विषय | पृष्ठ |
|---|---|---|
| १. | प्राक्कथन | क-ङ |
| २. | आधुनिक नेपाली कवितामा नारी-सहभागिता<br>*– उप प्रा. प्रभा भट्टराई (आचार्य)* | १-२८ |
| ३. | आधुनिक नेपाली कथाको विकासमा महिला कथाकारहरूको योगदान<br>*– उप प्रा. सावित्री मल्ल (कक्षपती)* | २९-६३ |
| ४. | नेपाली उपन्यास विधामा नारी साहित्यकार<br>*– उप प्रा. शारदा अधिकारी (ढकाल)* | ६४-८६ |
| ५. | गुञ्जनका गतिविधिहरूको प्रमुख झलक | ८७-९१ |
| ६. | गुञ्जनका कार्यप्रति साहित्यकारहरूको मन्तव्य | ९२-९६ |
| ७. | परिशिष्ट | |

# सम्पादकीय

नेपाली-साहित्यको संरक्षण, सँवर्धन तथा विकासको लागि सिर्जनशील महिला प्रतिभाहरू सँगठित भई स्रष्टादेखि स्रष्टासम्म सम्पर्कको निरन्तरता, सिर्जनामा जीवन्तता भन्ने नाराका साथ नेपाली-साहित्यको दिगो विकासको लागि सिर्जनशील समाजको निर्माण गर्ने तथा विविध साहित्यिक क्रियाकलापका माध्यमबाट साहित्यलाई गतिशील बनाउन प्रयासरत 'गुञ्जन'ले नियमित मासिक कार्यक्रम तथा बेलाबेला राष्ट्रिय तथा अन्तर्राष्ट्रिय स्तरका चर्चा परिचर्चा, अन्तरक्रिया तथा गोष्ठीहरुको आयोजना गर्दै आएको तथा प्रत्येक वर्ष नियमित रूपमा 'गुञ्जन' साहित्यिक पत्रिकाको प्रकाशन गर्दै आएको सर्वविदितै छ । गुञ्जनको यस वर्षको अङ्क 'नारी साहित्यकारहरूको विधागत इतिहास' पुस्तकको रूपमा प्रकाशित गर्न पाउँदा हामीलाई खुशी तथा गर्वको अनुभव भइरहेको छ ।

नेपाली-साहित्यको विकासमा नारी स्रष्टाहरूले महत्त्वपूर्ण भूमिकाको निर्वाह गरेका तथा योगदान पुऱ्याएका छन् । प्रारम्भिक कालदेखि आधुनिक कालसम्म नारी स्रष्टाहरूले विभिन्न विधामा कलम चलाएर नेपाली-साहित्यको भण्डार भरेका छन् । उनीहरूको सिर्जनात्मक इतिहास खोतलेर जनसमक्ष ल्याउने सत्प्रयास स्वरुप हामील यो पुस्तक प्रकाशनमा ल्याउन अघि सरेका हौं । यो कार्य त्यति सजिलो नभए तापनि एक वर्षको गृहकार्य गरी यो पुस्तक प्रकाशनमा ल्याउन हामी सफल भएका छौं । यो पुस्तक प्रकाशन गर्नुको औचित्य नारी साहित्यकारहरूको इतिहाससम्बन्धी फुटकर खेल, रचनाहरू प्रकाशन भएको तर नारी साहित्यकारहरूको विधागत इतिहास छर्लङ्गचाउने पुस्तकको प्रकाशन भने नभएको हुँदा त्यस खाँचोलाई पूरा गर्ने दायित्वबोध गरी यो पुस्तक प्रकाशनमा ल्याउन हामीले पहल गरेका हौं ।

यस पुस्तकको प्रकाशन गर्नु अघि गृहकार्य स्वरूप गत असार महिनामा **नारी साहित्यकारहरूको विधागत इतिहास** विषयक दुईदिने गोष्ठीको आयोजना गरी कथा, कविता तथा उपन्यास विधामा कार्यपत्र प्रस्तुत भई विस्तृत रूपमा छलफल गरिएको थियो । छलफलको क्रममा सहभागी विद्वान् तथा विदुषीहरूबाट प्राप्त टिप्पणी राय तथा सुझावहरूलाई सङ्कलित गरी सोहीअनुसार कार्यपत्रको पुन:संशोधन गरी यो पुस्तक प्रकाशनमा ल्याइएको हो ।

प्रयासको बाबजूद पनि हामीले अन्य विधाहरूलाई यस पुस्तकमा समाविष्ट गर्न सकेनौं । दोस्रो संस्करणमा समाविष्ट गर्ने प्रतिवद्धता जाहेर गर्दै यस पुस्तकको प्रकाशले नेपाली साहित्यका साधक तथा शोधकर्ताहरूलाई उल्लेखनीय सहयोग

पुऱ्याउनेछ भन्ने विश्वास व्यक्त गर्दछौं । हाम्रो अनुरोधलाई स्वीकारी गोष्ठीमा कार्यपत्र प्रस्तुत गरी आएका टिप्पणी तथा सुझावहरूलाई समेत समाविष्ट गरी शोधपूर्ण लेख तयार पारिदिनु हुने विदुषीहरू श्री शारदा अधिकारी, श्री सावित्री मल्ल तथा श्री प्रभा भट्टराईप्रति हामी हृदयदेखि आभारी छौं ।

साथै आफ्ना अमूल्य सुझावहरूसहित कार्यपत्रमाथि टिप्पणी गरिदिनु हुने टिप्पणीकारहरू श्री प्रतापचन्द्र प्रधान, डा. हरिप्रसाद शर्मा तथा श्री नेत्र एट्मज्यूप्रति पनि आभार प्रकट गर्दछौं । हामीलाई सहयोग गर्न सदा तत्पर श्री प्रतापचन्द्र प्रधानलाई यस पुस्तकको प्राक्कथन लेखिदिनुभएकोमा थप आभार प्रकट गर्दै यस पुस्तकको प्रकाशनको लागि आर्थिक भार बहन गर्नु हुने हाम्रा हितैषी तथा शुभचिन्तक कवि द्वारिका श्रेष्ठप्रति अत्यन्त आभारी छौं । त्यस्तै सुन्दर छपाइ गरिदिने हिसी प्रिन्टिङ्ग प्रेसलाई धन्यवाद नदिई रहन सक्दैनौं ।

अन्तमा, नेपाली -साहित्यको विकासमा प्रत्यक्ष अप्रत्यक्ष योगदान पुऱ्याउने सम्पूर्ण नारी स्रष्टाहरूलाई यो पुस्तक समर्पण गर्दछौं ।

पद्मावती सिंह

०६०/५/१

# प्राक्कथन

वि.सं. २०५९ साल असार १ र २ गते **गुन्जन** (नारी साहित्यकारहरूको फोरम)ले एउटा ऐतिहासिक काम गरेको थियो । नेपाल राजकीय प्रज्ञा-प्रतिष्ठानमा **नारी साहित्यकारहरूको विधागत इतिहास**विषयक गोष्ठीको आयोजनाले त्यस ऐतिहासिकता पुष्टि गर्दछ । वास्तवमा त्यो ऐतिहासक आयोजना नेपाली साहित्यमा नारी साहित्यकारहरूको योगदानसम्बन्धी अध्ययनको प्रथम गृहकार्य समेत थियो । गोष्ठीमा कार्यपत्र प्रस्तुत गर्नेहरूमा मुख्यतया प्रस्तोत्रयी प्रभा भट्टराई, शारदा अधिकारी (ढकाल) र सावित्री मल्ल (कक्षपति) थिए । गोष्ठीको अवधिभर प्रभा भट्टराईको **आधुनिक नेपाली-कवितामा नारी सहभागिता**, शारदा अधिकारी (ढकाल)को **नेपाली उपन्यासविधामा नारी साहित्यकार** र सावित्री मल्ल (कक्षपति)को **आधुनिक नेपाली-कथाको विकासमा महिला कथाकारको योगदान** शीर्षकका कार्यपत्रहरू गन्थन-मन्थनका केन्द्रीय विषय बनेका थिए । उपस्थित वरिष्ठ समालोचक, साहित्यिक स्रष्टाहरू र विद्वान् टिप्पणीकारहरूका सुझाउमूलक तथा मार्गदर्शी टिप्पणीहरूले वाचित कार्यपत्रहरू पुन:संशोधन र पुनश्चिन्तन गर्न पर्ने आग्रह पनि अघि सारे । सहभागीहरूबीच भएका छलफल, गन्थन-मन्थन, वैचारिक विनिमय कार्यपत्रको ढाँचा तयार पार्ने र प्रस्तुत गर्ने प्राविधिक पक्षका कुराहरू नै गोष्ठीका उपलब्धिहरू रहे । समुच्चयमा बौद्धिक वर्गको उपस्थितिमा सम्पन्न त्यस गोष्ठीले नेपाली-साहित्यमा खट्केको एउटा खाँचो पूरा गऱ्यो । **गुन्जन**को एउटा खाँचो पूरा भयो । **गुन्जन**को सफलता त्यही थियो अथवा त्यति मात्र थियो भन्न मिल्दैन, किनभने -

**नारी साहित्यकारहरूको विधागत इतिहास** लेख्ने र लेखाउने काम सजिलो छैन । त्यसमा पनि सूत्रात्मक तथा सूचनात्मक गुण अंगाल्ने कुनै पनि कार्यपत्रमा **विधागत इतिहास**को व्यापक र गहन विषयलाई समाविष्ट गर्नु अपजसे काम हो । गन्जनले कार्यपत्र तयार गर्न ल्याउँदा यो यथार्थप्रति यथेष्टमात्रामा सचेतता राखेको कार्यपत्रका प्रस्तोत्रयीको परिश्रमको लगानी खेर गएन । उहाँहरूद्वारा प्रस्तुत तीनवटा शोधपरक कार्यपत्रहरूलाई विभिन्न विद्वान् समालोकहरूका मन्तव्यसहित सङ्कलन-पुस्तकको रूप दिई प्रकाशनको उज्यालोमा ल्याउने जोखिमको अभिभारा **गुन्जन**ले बोकेको छ । नेपाली साहित्यमा **नारी साहित्यकारहरूको विधागत इतिहास** अवश्यै एउटा खाँचोको विषय हो; अब त्यो खाँचो यसै पुस्तकको माध्यमबाट **गुन्जन**ले पूरा गरिदिएको छ । यसको लागि **गुन्जन** कृतकृत्य छ ।

प्रभा भट्टराईको ***आधुनिक नेपाली-कवितामा नारी-सहभागिता*** शीर्षकको कार्यपत्रले परिशिष्टमा आधुनिक नेपाली-कविताको क्रमिक विकासयात्रामा सहभागी

करिब साढे सात दर्जन कवयित्रीहरू (पारिजातदेखि प्रिया श्रेष्ठ, मीना सुवेदी, भगवती जोशी, रञ्जना थापा आदिसम्म)का यथासम्भव प्राप्त कविता-कृतिहरूको झलक प्रस्तुत गरेको छ । यस कार्यपत्रमा नेपाली-कविताको कालक्रमिक यात्रामा नारी-सहभागितालाई कविताका विभिन्न पद्धति र रचनाविधान - प्रवृत्तिगत, शैलीगत र प्रकारगत स्वरूपको आधारमा केलाएर नेपाली-कवितामा नारी-सहभागिताको सारवस्तु खिँचिएको छ । ***नेपाली-कवितामा नारी-संलग्नताको पृष्ठभूमि*** उपशीर्षकमा वि.सं. १८७१ सम्मको अवधिभित्र देखा परेका दुई नारी प्रतिभा प्राणमञ्जरीदेवी र ललितत्रिपुरसुन्दरीको नाम गद्यलेखिकाका रूपमा उल्लेख गरिएको भए तापनि वि.सं. १७८० तिरै कवयित्री प्राणमञ्जरीदेवी पन्तले **सुदर्शनटीका**(गद्य होइन पद्य) नामक शोककाव्यको रचना गरेको उल्लेख पाइन्छ । यिनको छोरो सुदर्शनको मृत्यु यसैताका भएको र छोरोको असामयिक मृत्युद्वारा व्यथित आमाको हृदयमा अङ्कुराएको काव्यात्मक शोकानुभूतिलाई कवयित्री पन्तले **सुदर्शनटीका** नामकरण गरी प्रस्तुत शोककाव्य तयार पारेकी थिइन् । हालसम्मको प्राप्तिअनुसार पनि यी कवयित्री नै नेपाली साहित्यमा देखा परेको पहिलो नारी-हस्ताक्षर मात्र नभई नेपाली-साहित्यका आदिस्रष्ट्री पनि हुन्, अर्थात् श्री ५ पृथ्वीनारायण शाहका समकालीन सुवानन्ददास र शक्तिवल्लभ अर्याल(वि.सं. १८२६-२७)भन्दा पनि अघिका साहित्यस्रष्टा हुन् । यिनीद्वारा रचित **सुदर्शनटीका** चाहिँ नेपालीभाषाकै पहिलो शोककाव्य हुन आउँछ । यसरी सुरुमै नारी स्रष्टाबाट नेपाली-साहित्यको अभ्युदय हुनु गौरवको कुरो हो ।

शारदा अधिकारी(ढकाल)को ***नेपाली-उपन्यासविधामा नारी साहितयकार*** शीर्षकको कार्यपत्रले अम्बालिकादेवी(वि.सं. १९८९)देखि शुभ श्रेष्ठ(वि.सं. २०६०)सम्मका दुई दर्जनभन्दा अधिक नेपाली नारी उपन्यासकारहरू र तिनका औपन्यासिक कृतिहरूको विवरणसहित नेपाली-उपन्यासविधामा नारी साहित्यकारहरूको प्रवेश र विस्तारलाई केलाएर हेरेको छ । नारी स्रष्टाद्वारा सिर्जित उपन्यासहरूलाई विशेषत: प्रवृत्ति आधारमा विश्लेषण गरी तिनका उपन्यासहरूको मूल्याङ्कन गरिएको छ । नारीसमस्याकै चित्रणमा विशेष केन्द्रित नारी स्रष्टाहरूले नारीविद्रोह वर्गीय भेद उत्पन्न गर्न नभई नारी-अस्मिता प्राप्तिको लागि मात्र हो भन्ने सत्य तथ्यलाई पाठकसमक्ष प्रस्तुत गर्न सक्नुपर्ने आग्रहसहित यस कार्यपत्रको निष्कर्षमा प्रस्तुत भएको छ ।

सावित्री मल्ल(कक्षपति)को ***आधुनिक नेपालीकथाको विकासमा महिला कथाकारको योगदान*** शीर्षक कार्यपत्रले चाहिँ नेपालीकथाको पूर्वपीठिका र विधागत लेखनको दृष्टिले नेपालीकथाको कालक्रमिक यात्राबारे विस्तृत चर्चा गर्दै आधुनिक नेपालीकथामा महिला कथाकारको प्रवेश ***शारदा*** पत्रिकामा प्रकाशित कथाकार

तुषारमल्लिकाको *स्त्रीरत्न* (वि.सं. १९९२) कथाबाट भएको तथ्यलाई अघि सारेको छ । परिशिष्टमा चालीस जना नारी कथाकारहरू(देवकुमारी थापा सिंहदेखि नवपुस्ताका बाबा बस्नेत, सङ्गीता स्वेच्छासम्म)का कालक्रमिक रूपमा प्रकाशित छ दर्जन कथासङ्ग्रह पुस्तकहरूको सूची प्रस्तुत छ । महिला कथाकारहरूको चरणगत कथायात्राको संक्षिप्त चर्चाक्रममा पहिलो चरण वि.सं. २०१८-२०२९ सम्मको अवधि, दोस्रो चरण वि.सं. २०३०-०३९ र तेस्रो चरण वि.सं. २०४० देखि हासम्मको अवधिलाई मानिएको छ । आधुनिकताकै सन्दर्भमा विधागत कथालेखनमा नारी कथाकारहरूको प्रवेश र निरन्तर सहभागितालाई हेर्दा उक्त विभाजनको खासै औचित्य देखिँदैन, किनभने यी तीनै चरणका नारी कथाकारहरूका कथागत रूपविन्यास एकनाससित अघि बढेको छ । तिनमा आजका प्रचलित मान्यता र वर्तमान उत्तर आधुनिकवादी धाराका विविध प्रयोगधर्मी लेखनको असर नपरेको कथन स्वयं प्रस्तोत्री कक्षपतिको छ । तर वैचारिक धरातलमा भने पुराना पुस्ता र नयाँ पुस्ताका कथाकारहरूका कथाहरू फरक फरक देखिन थालेको कार्यपत्र पढ्दा थाहा हुन्छ । नारी- अस्मिताकै प्रसङ्गमा पातिव्रत्य स्वीकार्ने वा नस्वीकार्ने, पुरुषसत्तात्मक समाजमा बस्ने वा स्वतन्त्र अस्तित्वको खोजमा लाग्ने, वैवाहिक बन्धनको सिफारिसमा मातृत्व प्रमाणित गर्ने वा कुमारी आमा भएरै सन्तान हुर्काउने जस्ता प्रश्नहरू चुनौतीको बोकेर नारी कथाकारहरू एकै समयको प्रवाहमा दुई धारा पक्रेर अघि बढेका छन् । त्यस तथ्यमाथि पनि कार्यपत्रले प्रकाश पारेको छ । भविष्यको लेखनकार्यलाई यसले आधार तैयार पारिएको छ ।

जे होस् माथि चर्चित कार्यपत्रहरू खोजपूर्ण अध्ययनका नमूना हुन् । यस्ता कार्यपत्रहरू लेखिँदै जान्छन् । तिनमाथि नयाँ सोंच-विचारहरू र तथ्यहरू थपिँदै जान्छन् । यो सिर्जनक्षेत्रमा निरन्तर भइरहने प्रक्रिया हो । तिनै प्रक्रियामध्ये एउटा प्रक्रिया प्रस्तुत पुस्तक पनि हो ।

यस पुस्तकमा संग्रहीत सबै कार्यपत्रहरूलाई प्रशोधित उत्पादन हुन् भनि हाल्न मिल्दैन । समयानुक्रममा तथ्यहरू थपिँदै जाने, संशोधन हुँदै जाने काम बाँकी नै छ, तैपनि साहित्यिक इतिहासमा आधृत यी कार्यपत्रहरूले इतिहास दिएका छन् । इतिहास नबुझी काम सुरु गर्न सकिने सम्भावना छैन । इतिहासबाटै अघिपछिका कुराहरू बुझ्न सकिन्छ । नेपाली-साहित्यका विविध विधामा नारी प्रतिभाहरूले के के गरेर गरिरहेका छन् - ती कुराहरू बुझ्न यस पुस्तकले मद्दत गर्नेछ । त्यसैले पनि प्रस्तुत कृति पठनीय र पाठ्य सन्दर्भ सिद्ध छ- नेपाली-साहित्यका विद्यार्थी, शोधार्थी र पाठकले अत्यन्तै सूचनाप्रद कृति पाएका छन् । शीर्षकले नेपालका तथा बाहिरका सम्पूर्ण नेपाली नारी साहित्यकारहरूको विधागत इतिहासलाई संक्षित रूपमा प्रस्तुत गरेको छ । तर संग्रहीत विधागत शीर्षकका

इतिहासपरक कार्यपत्रहरू क्षेत्र त्यति व्यापक छैन नेपालभित्रकै नारी साहित्यकारहरू सीमित छ । नेपालबाहिरका नेपाली नारी साहित्यकारहरूको विधागत इतिहासलाई क्रमशः समेट्दै जाने काम **गुञ्जन**बाटै हुने निश्चित छ ।

सन्दर्भ नेपाली नारी साहित्यकारहरूकै छ । आदिकालदेखि नै नेपाल हिन्दु राष्ट्रको रूपमा स्थापित र परिचित छ । हिन्दु धार्मिक संस्कारमा हुर्के-बाँचेको नेपाली समाज पुरुषसत्तात्मक समाजको नमूना हो । पुरुषकै महत्त्व, व्यक्तित्व र योगदानमा नारीको व्यक्तित्व आश्रित छ भन्ने चर्चा वारंवार हुँदै आएको छ । साहित्यको फाँटमा नारीको व्यक्तित्व *अपवाद*को रूपमै रहेको छ ।

नेपाली-साहित्यमा नारी स्रष्टाको योगदान र व्यक्तित्वको कदर गर्दै उहिले र अहिलेका नारी साहित्यकारहरूको परिचयात्मक सर्वेक्षण मात्र गरेर हेर्दा पनि माथि प्रयुक्त *अपवाद* शब्दको अर्थ स्पष्ट हुनआउँछ ।

नेपाली नारी स्रष्टाको चर्चाक्रममा *नारीवाद* यहाँ प्रसङ्गवश जोडिन आएको छ । कतिपय नेपालीहरू भन्दछन्- नेपाल नारीवादी राष्ट्र होइन, यसलाई जबरजस्ती नारीवादी राष्ट्र बनाउन खोजिएको छ । जे होस्, नेपालमा दुई किसिमका नारीवाद देखा परेका छन् । पहिलो नारीवाद बौद्धिक वा शिक्षित नारीवाद हो, दोस्रो चाहिँ राजनीतिक विचारधाराबाट प्रेरित नारीवाद । दोस्रो नारीवाद शहरियाहरूमै सीमित देखिन्छ । यस पुस्तकसँग सम्बद्ध *नारीवाद* चाहिँ पहिलो नारीवाद अर्थात् बौद्धिक तथा शिक्षित नारीवाद हो । नेपाली नारीको प्रखर बौद्धिक तथा साहित्यिक चेतनाको अभिव्यक्ति नै बौद्धिक तथा शिक्षित नारीवाद हो । नेपाली सामाजिक तथा राजनीतिक क्षेत्रमा पुरुषका महत्त्व र व्यक्तित्वको योगदानमा अधिकांश नारीको व्यक्तित्व आश्रित भए तापनि साहित्यिक क्षेत्रमा त्यो छैन । अम्बालिकादेवीको **राजपूत रमणी** उपन्यास (वि.सं. १९८९) बाटै बौद्धिक नारीवाद (नारी-अस्मिताको प्रश्न) अँकुराएको हो र त्यसको उर्वर अभिव्यक्तिको चरमोत्कर्ष पद्मावती सिंह, सीता पाण्डे, जलेश्वरीदेवी श्रेष्ठ प्रभृति नारी स्रष्टाहरूका रचनामा प्राप्त भएको छ ।

आजका कतिपय नारीहरू काखमा नानी खेलाउने काम र भान्छाको चुलो र कोठाको धूलोबाट मुक्ति पाउन खोज्नुलाई नै *नारीवाद* भन्ने गर्दछन् । वास्तवमा *नारीवाद* भनेको प्रकृतिप्रदत्त नारी-अस्मिता र स्वतन्त्रता हो र त्यसमाथिको शोषण, अन्याय र अत्याचारको विरुद्ध क्रान्ति गर्नु बौद्धिक नारीवाद हो । यस्तै नारीवादी क्रान्तिलाई आधार बनाई लेखिएको साहित्य नै खास गरी नारीवादी साहित्य हो । यस किसिमको साहित्य नेपालीभाषाको साहित्यमा कतिसम्म फस्टाएको छ भन्नेवारे लेखाजोखा गर्ने काम अबका नारी स्रष्टाहरूले नै गर्नुपर्ने भएको छ ।

अझ पनि नेपाली-साहित्यमा पुरुषको योगदानको तुलनामा नारीको योगदान

नगण्य नै देखिन्छ । यति हुँदा हुँदै पनि नेपाली-साहित्यका विविध फाँटहरूमा नारीको योगदान र स्थान स्वतन्त्र रूपमा विकसित हुँदै छ । यो अवश्यै खुशीको कुरो हो । अबको साहित्य-लेखनमा बौद्धिक नारीवादको उद्‌घोषण र विस्फोटन तथा नारीचेतनाका सशक्त अभिव्यक्तिहरू नारी स्रष्टाहरूबाटै हुन सके मात्र साहित्यमा नारीको वस्तुता सर्लक्क उत्रनेछ । युगले त्यही चाहेको छ ।

पारिजात निकै हदसम्म अघि बढेकी थिइन्, तर उनको जीवनलीलाको समाप्तिसँगै बौद्धिक नारीवादी चेतना पनि समाप्त भएको महसूस हुन नदिन आजका नारी-स्रष्टाहरू सचेत हुनुपरेको छ । यस सम्बन्धमा बानिरा गिरि, तोया गुरुङ, भुवन ढुङ्गाना पद्मावती सिंह, माया ठकुरी, उषा शेरचन, सीता पाण्डे, रेवती राजभण्डारी, बेन्जू शर्मा, मञ्जू काँचुली, अनिता तुलाधर, चन्द्रकला नेवार, कमला स्वरूप, सुस्मिता नेपाल, भागीरथी श्रेष्ठ, इन्दिरा प्रसाई, गीता केशरी, हरिकला अधिकारी, जलेश्वरी श्रेष्ठ आदिका कलमहरू निकै सचेत र सक्रिय देखिएका छन् । वर्तमान विश्वमा देखा परेको बौद्धिक नारीवादको गहन अध्ययन गरी साहित्यमा उत्रन नव नारी प्रतिभाहरूलाई अग्रजहरूले नै सचेत गराउनुपर्नेछ । साँचो कुरो भन्ने हो भने साहित्यमा नारी स्रष्टाबाटै नारीको जीवनका विविध पाटाको चित्रण तिनका मनःस्थिति र चारित्रिक गुण-दोषको सँग्लो अभिव्यक्ति हुन सक्ने यथार्थ कुरोलाई-नकार्न सकिँदैन । यस किसिमको साहित्य कलाको दृष्टिले पनि उत्कृष्ट ठहर्छ । यसरी आदिकवयित्री प्राणमञ्जरीदेवीको **सुदर्शनटीका** शोककाव्यरचना १७८० तिर)देखि हालसम्मका नेपाली नारी साहित्यकारहरूको सर्वेक्षण गरेर हेर्दा लगभग २८० वर्षको समयावधिमा पनि विशिष्ट नारी-प्रतिभाहरू भन्न सुहाउने चाहिँ किन हातका औंलामा मात्र गन्न सकिने भए ? प्रश्न उभिन्छ । यस प्रश्नप्रति स्वयम् आजका नारी स्रष्टाहरू गम्भीर हुनु आवश्यक छ ।

समुच्चयमा नेपाली-साहित्यमा नारी-स्रष्टाहरूको परिचयात्मक सर्वेक्षण गर्दा महाकाव्य-क्षेत्रमा बाहेक अन्य साहित्यिक क्षेत्रमा नेपाली नारी साहित्यकारहरूको योगदान महत्त्वपूर्ण देखिएको छ । नारी स्रष्टाहरूका प्रेरकरूपमा स्थापित **गुञ्जन** सदा बाँचिरहोस्, यही कामना छ ।

**- प्रतापचन्द्र प्रधान**

# आधुनिक नेपाली कवितामा नारी-सहभागिता

## विषय-प्रवेश

संसारका धेरैजसो भाषामा साहित्यका मूलत: दुई रूप देखिएका छन्– १. कथ्य (लोकसाहित्य) र २. लेख्य (शिष्ट) साहित्य । भाषाको लेख्य स्वरूपभन्दा जेठो लोकसाहित्यले नै लिखित साहित्यलाई जन्माएको हुन्छ । नेपालीभाषामा पनि लोकसाहित्यकै प्रेरणाबाट शिष्ट साहित्यको जन्म भएको छ - लोकगीत, गाथा, कर्खा आदिकै प्रभावले नेपालीभाषामा लेख्य कविताधाराको विकास भएको छ । प्रस्तुत कार्यपत्रको उद्देश्य यसै नेपाली-कविता-परम्परामा, अझ आधुनिक नेपाली/कवितामा नारी स्रष्टाको सहभागितामाथि प्रकाश पार्नु हो । वस्तुत: नेपाली/कविताको लोकधारामा नारी-सहभागिताको स्थिति अत्यन्त उर्वर र समृद्ध देखिए तापनि लेख्य धारामा भने ज्यादै न्यून पाइन्छ । यसो हुनुमा पितृसत्तात्मक समाजको नारीशिक्षाप्रतिको नकारात्मक धारणा नै प्रमुख कारक हुनसक्छ । कथ्य साहित्यमा शिक्षाको आवश्यकता नपर्ने भएकोले पनि नारी-सहभागिता बढी भएको हुनसक्छ ।

वि.सं. १८२६ तिर नै सुवानन्ददासको *'पृथ्वीनारायण'* कविताबाट शुरू भएको (अहिलेसम्मको खोजमा) नेपाली-कविता-परम्परामा नारी-हस्ताक्षर भेट्न धेरै लामो समय पर्खनुपरेको छ । नेपाली-कविताको प्राथमिक र माध्यमिक कालमा नारी स्रष्टाको उपस्थिति नगण्य झैं देखिएको छ । यस कालमा देखिएका नारी स्रष्टाहरू पनि कि राजखलकका कि उच्च घरानाका नारीहरू नै छन् । तिनीहरूप्रति समेत साहित्यको इतिहासका लेखक एवम् अन्वेषकहरूले उचित न्याय गर्न नसकेको झैं देखिन्छ । नारीका नाममा प्रकाशित रचनाहरूमाथि प्रश्नचिह्न लगाइने एवं कहिलेकाहीं त 'पुरुषले नै नारीको नाममा रचना प्रकाशित गराएका हुन् कि !' भनेर शङ्का गरिनुबाट इतिहासमा नारी स्रष्टाको अस्तित्व ओझेलमा परेझैं लाग्छ । साँच्चै भन्ने हो भने नेपाली-साहित्यमा सर्वसाधारण परिवारका नारीको सहभागिताको निम्ति इतिहासले आधुनिक काललाई नै पर्खनुपरेको देखिन्छ । कविताको आधुनिक कालमा आइपुग्दा नेपाली-साहित्यमा नारी-सहभागिताको सङ्ख्यात्मक र गुणात्मक दुवै दृष्टिले उल्लेखनीय वृद्धि भएको छ ।


प्रस्तुत कार्यपत्रमा नारी स्रष्टाको नगण्य सहभागिता रहेको प्राथमिक र माध्यमिक कालका कविताको समयलाई पृष्ठभूमिमा राखेर आधुनिक कवितामा

नारी-सहभागिताप्रति नै बढी केन्द्रित रहने प्रयास गरिएको छ । आधुनिक कालमा, विशेष गरी कविता विधातर्फ नारी स्रष्टाहरूको सङ्ख्या अत्यधिक रहेकोले सम्पूर्ण स्रष्टालाई कार्यपत्रले समेट्न सक्ने सम्भावना कम रहेको छ । प्राप्त सीमित साधन, स्रोत, सूचना एवं कार्यपत्र-प्रस्तोताकै पनि सीमित क्षमताले गर्दा केही उल्लेखनीय सूचना समेत नछुट्लान् भन्न सकिदैन । फुटकर कविताको लेखनक्षेत्रमा फाट्टफुट्ट देखिएका सम्पूर्ण सहभागीहरूलाई समेट्दा कार्यपत्र निकै विस्तृत हुन जाने हुनाले चाहँदा-चाहँदै पनि सबैलाई समेट्न सकिएको छैन । सकभर महत्त्वपूर्ण पक्षलाई नछुटाउने प्रयास यसमा गरिएको छ । नारी साहित्यकारहरूको छुट्टै समग्र अध्ययन नगरिँदाको स्थितिमा प्राय: ओभेलमै परिरहने नारी स्रष्टाहरूलाई समेत प्रकाशमा ल्याउन यस कार्यपत्रले भरिसक्के प्रयत्न गरेको छ । नारी साहित्यकारहरूको विधागत योगदानको सन्दर्भमा यो कार्यपत्र कविता विधातर्फ मसिनो गोरेटो बनाउने प्रयाससम्म हो, अझै विस्तृत अध्ययन भविष्यमा हुने नै छ भन्ने आशा गरौं ।

## नेपाली-कविताको कालक्रमिक यात्रामा नारी-सहभागिता

### *कवितामा नारी-संलग्नताको पृष्ठभूमि*

संस्कृत, प्राकृत र अपभ्रंश हुँदै विकसित भएको नेपालीभाषाको पहिलो लेख्य सामग्री वि.सं. १०३८ को दुल्लु अभिलेख मानिएको छ । त्यसपछि विभिन्न अभिलेखहरू एवं विविध विषयका ग्रन्थहरू हुँदै साहित्य-लेखनसम्म पुग्न नेपाली भाषालोई निकै लामो समय लागेको छ । *पृथ्वीनारायण* कविता (वि.सं. १८२६ तिर) सम्म आइपुग्न झन्डै आठसय वर्ष लागेको देखिन्छ । साहित्यिक इतिहासका लेखकहरूले यसै कवितालाई आधार मानेर कविताको काल-विभाजन गरेका छन् । सामान्यत: समयको आधारमा, प्रमुख कविको आधारमा एवं प्रमुख प्रवृत्तिको आधारमा कविताको काल-विभाजन गरिएको छ । मूलत: प्राथमिक काल, माध्यमिक काल र आधुनिक कालको मूलविभाजनभित्र अन्तर्विभाजन गर्ने दृष्टिकोण नेपाली-साहित्यमा बढी प्रचलित देखिन्छ ।



नेपाली-कविताको यस कालक्रमिक यात्रामा नारी-सहभागिता निकै ढिलो शुरू भएको छ । सुवानन्ददासबाट शुरू भएको नेपाली/कविता-परम्परालाई शक्तिवल्लभ अर्ज्याल, उदयानन्द अर्ज्याल, राधावल्लभ अर्ज्याल, सुन्दरानन्द बाँडा, रामभद्र पाध्या, गुमानी पन्त, विद्यारण्यकेशरी आदिले अघि बढाएका छन् । खास गरी कविताको पहिलो धारा(वीरधारा)ले सुगौलीसन्धिसम्मको विस्तृति लिएको छ । यस अवधि(वि.सं. १८७१)सम्ममा देखिएका जम्मा दुई नारी प्रतिभा प्राणमञ्जरीदेवी र ललितत्रिपुरसुन्दरीको उल्लेख इतिहासमा पाइन्छ । प्राणमञ्जरीदेवीको अनूदित कृति **सुदर्शनटीका** एवं ललितत्रिपुरसुन्दरीको **राजधर्मले** यी दुई प्रतिभालाई गद्यलेखकका रूपमा स्थापित गराएका छन् । यिनीहरूद्वारा पद्यको समेत रचना भएको हुन सक्छ, तर अहिलेसम्म प्रकाशमा आएको भेटिँदैन ।

वि.सं. १८७१ पछि शुरू भएको प्राथमिक कालको भक्तिधारामा देखा परेकी हीरा गाइनेनीलाई नै नेपाली कविताको पृष्ठभूमिमा प्रामाणिक प्रस्थानविन्दु मान्नुपर्ने देखिन्छ । यिनले अघिल्लो धारा(वीरधारा)लाई नै पछ्याउँदै वि.सं. १८९५ तिर रचना गरेका दुई गीतहरू प्राप्त भएका छन् । तिनमा माथवरसिंह थापाको स्तुति र गुणगान गरिएको छ । यी गीतहरू अनूदित हुनाले आधुनिक कालको नेपाली भाषासँग मिल्दो रूप यिनमा देखिएको छ । वसन्त पाध्या, यदुनाथ पोखरेल, हीनव्याकरणी विद्यापति, भानुभक्त आचार्य आदिले अघि बढाएको यस भक्तिधारामा अन्य नारी स्रष्टाका नामहरूको उल्लेख गर्न सकिने स्थिति देखिँदैन ।

वि.सं. १९४१ पछि शुरू भएको माध्यमिक कालका कविताधारामा प्राथमिक कालको भक्तिधाराको अवशेष प्रशस्त देखिएको छ भने केन्द्रीय धाराको रूपमा श्रृङ्गारिक धाराले आफ्नो प्रभुत्व जमाएको देखिन्छ । यसरी हेर्दा माध्यमिक कालमा श्रृङ्गारिक धारासँगै देखा परेको शृङ्गारभिन्न धारालाई समेत महत्त्व दिनुपर्ने हुन्छ । राजीवलोचन जोशी, होमनाथ खतिवडा, शिखरनाथ सुवेदी, लक्ष्मीदत्त पन्त, मोतीराम भट्ट, तीर्थराज पाण्डे, गोपीनाथ लोहनी, शम्भुप्रसाद ढुङ्गेल, चक्रपाणि चालिसे, सोमनाथ सिग्देल आदिले अघि बढाएको यस कालमा नारी स्रष्टाहरूको सहभागिता त्यति प्रभावकारी देखिँदैन । श्रृङ्गारधारामा त नारीहरूले ठ्याम्मै रुचि देखाएका छैनन् । श्रृङ्गारभिन्न धारामा मात्रै देखिएको नारीहरूको उपस्थितिलाई समेत इतिहासकारहरूले उति ध्यान दिएको झैं देखिँदैन । **माध्यमिककालीन कवि र कविता** (सं. घटराज भट्टराई, वि.सं. २०४५)मा पनि कतै नारी स्रष्टाको कविता पाइँदैन । तैपनि यस कालमा फाट्टफुट्ट देखा परेका नारी प्रतिभाहरूको उपेक्षा गर्न भने सकिँदैन । ती हुन्-

१. योगमाया (वि.सं. १९१७-१९९७) भोजपुर

- **यथार्थ योगवाणी** (कविता-सङ्ग्रह, वि.सं. १९९४)
- लोककवितामा विशेष योगदान

२. गङ्गावती (वि.सं. १९५० तिर)
- **वरालको आँसुमा परेका केही भजन**

३. ववगुनी गुरुङ - (सं. १९५० तिर) - धनकुटा
**ब्रह्मतत्त्वको सवाई** (काव्य)
- नारी हुन् वा हैनन् भन्ने विवादयुक्त नाम (नारी नै हुनसक्ने मतलाई आधार मानेर यहाँ समाविष्ट ।)

४. कसुममञ्जरीदेवी
- **सीता** (खण्डकाव्य वि.सं. १९९५/९६) - शारदामा धारावाहिक रूपमा प्रकाशित)

५. भक्तिकुमारी राणा (सं. १९५८, जनरल जगत्जङ्गकी पत्नी)
- **भक्तिलहरी** (भजन-सङ्ग्रह)
- ब्रजभाषा र नेपालीभाषाका भजनहरू

६. भगवत्कुमारी पाण्डे (१९५८-२०२७ (काठमाडौँ कथाकार पोषण पाण्डेकी आमा)
- **भक्तितिलक** (काव्य, १९७६)
- **भगवत्पुष्पाञ्जलि** (काव्य, २०२९)

७. लावण्यमयीदेवी (सं. १९५८) - विस्तृत परिचय अप्राप्य
- **गोर्खा संसार, तरुण गोर्खा** आदि पत्रिकामा कविताहरू प्रकाशित

८. लोकप्रियादेवी (१९५५-२०१७) - काठमाडौँ (महाकवि देवकोटाकी दिदी)
- **गोरखापत्र, शारदा** र **उद्योगमा** कविताहरू प्रकाशित
- वि.सं. २०४० मा कविता-सङ्ग्रह प्रकाशित

९. विद्यादेवी दीक्षित (१९६२-२०४७) - काठमाडौँ (केदारमणि आ.दी.की धर्मपत्नी)
- कवितासङ्ग्रह, भजनसङ्ग्रह लगायत १५ ओटा कृतिको प्रकाशन

१०. पुण्यवतीदेवी - (१९६६-२०२४)
- **प्रदक्षिणा** (कविता-सङ्ग्रह, २०२६).
- तीर्थभ्रमणसम्वन्धी छन्दोवद्ध कविताहरू

११. चन्द्र सुव्वा गुरुङ (सं. १९७२) - पर्वत
- *लाहुरेनीको विलौना* (लोकलयको कविता) **हाम्रो सांस्कृतिक इतिहासमा** प्रकाशित

काव्यलेखनमा संलग्न माध्यमिक कालका यी नारी प्रतिभाका अतिरिक्त दुर्गादेवी आचार्य दीक्षित, अम्वालिकादेवी, विद्यावती (नाहान), चन्द्रकान्ता जोशी

जस्ता प्रतिभाहरू गद्यलेखनतर्फ देखिएका छन् । उपलब्ध हुन नसके पनि यिनीहरूले पद्यकृतिको रचना समेत गरेका थिए कि भन्ने अनुमान गर्न सकिन्छ । यसरी नेपाली-कवितामा नारी-सहभागिताको पृष्ठभूमिकालमा खास गरी भक्तिधाराकै केन्द्रीयता देख्न पाइन्छ । वीररसका कविता फाट्टफुट्ट र सामाजिक रीतिस्थिति एवं नारीहृदयका विशिष्ट अनुभूतिहरू अलि बढी मात्रामा कवितामार्फत आएका छन् । माध्यमिक कालको प्रमुख धारा भएर पनि श्रृङ्गारधाराले माध्यमिक कालका नारी प्रतिभाहरूलाई कुनै प्रभाव पार्न नसकेको कुरा समेत यस अध्ययनबाट सिद्ध भएको छ ।

## आधुनिक नेपाली-कवितामा नारी प्रतिभाको संलग्नता

**सूक्तिसिन्धु**को प्रकाशन(वि. सं. १९७४)पछि नेपाली-कवितामा माध्यमिक कालको श्रृङ्गारधाराको प्रभुत्वमा पूर्णविराम लाग्छ । माध्यमिक कालको उत्कर्ष र अन्त यही एउटै कृतिले गराएको छ । यो समय नेपाली-कविताको सङ्क्रमणकाल पनि हो । माध्यमिक कालका कविहरू लेखनाथ, धरणीधर, चक्रपाणि आदिले शृङ्गारधाराको पूर्ण त्याग गरेर आधुनिक कालको मिरमिरे ल्याएका छन् । आधुनिक नेपाली-कविता लेखनाथको परिष्कारवादी धाराबाट थालिएर देवकोटाको नेतृत्वमा स्वच्छन्दतावादी - प्रगतिवादी धारा एवं प्रयोगवादी धारा हुँदै समसामयिक कविताको युगमा विचरण गरिरहेको छ । नेपाली-कवितामा आधुनिक काल शुरू हुँदा लोकप्रियादेवी, कुसुममञ्जरीदेवी, प्रेमराजेश्वरी थापा, गोमा, भारती खरेल आदि नारी प्रतिभाहरूले कविता-साधना गरेका छन् । पारिजात, कोइलीदेवी, छिन्नलता, पुण्यप्रभादेवी ढुङ्गाना, गीता उपाध्याय, माधुरी भट्टराई आदिको प्रभावकारी संलग्नता नेपाली-कविताको अर्को खुट्किलोमा देखा परेको छ । बानिरा गिरि, तोया गुरुङ, भुवन ढुङ्गाना, बेन्जु शर्मा, चाँदनी शाह, मञ्जु काँचुली, कुन्ता शर्मा, चन्द्रकला नेवार, भद्रा घले, भागीरथी श्रेष्ठ, लक्ष्मीदेवी राजभण्डारी, रेवती राजभण्डारी, देवी शर्मा, विन्दु कोइराला, शशी रिमाल, हिरण्यकुमारी पाठक, शुभ श्रेष्ठ आदिको पुस्ता त्यसपछि देखा परेको छ । सरला विष्ट, शारदा शर्मा, उषा शेरचन, पुष्पलता आचार्य, सुधा त्रिपाठी, सीता पाण्डे, इन्दिरा प्रसाई, ज्ञानु पाण्डे आदिको पुस्ता नेपाली-कविताको उत्तरार्ध(२०२० यता)भन्दा अगाडि नै देखिएर पनि समसामयिक कविताधारामा नेतृत्व गरिरहेको छ । त्यसो त आधुनिक कालको आरम्भमै देखा परेका प्रतिभाहरू पनि अझै सक्रिय छन् ।

आधुनिक कविताको उत्तरार्धमा आइपुग्दा कविता-लेखनमा नारीहरूको संलग्नता अझ उत्साहवर्धक रूपमा बढेको देखिन्छ । नारी-संवेदना, राष्ट्रवादी चेतना, सामाजिक यथार्थ, विरह-व्यथाको प्रस्तुति मात्रै नरहेर यस कालमा नारी प्रतिभाहरूमा समसामयिक युगबोध क्रान्तिकारी विद्रोही चिन्तन, सामाजिक राजनीतिक विकृति विसङ्गतिको भण्डाफोर, मानववादी स्वर जस्ता प्रवृत्तिहरू

समेत कवितामा नारी स्रष्टाहरूमार्फत देखापरेको छ । परम्परावादी कविताधारालाई मात्रै नपछ्याएर भिन्न शैलीका प्रयोगवादी कविताहरू सिर्जंदै देखा परेका अग्रज प्रतिभाहरू पारिजात, बानिरा गिरि, तोया गुरुङ, भुवन ढुङ्गाना, बेन्जु शर्मा आदिको प्रभावकारी संलग्नताबाटै प्रेरित भएर नौलो कविता-लेखनको नयाँ पुस्ता नेपाली-कवितामा तयार भएको छ । नयाँ पुस्तामा सशक्त कविता-लेखन गर्ने नारी प्रतिभाहरूमा अरुणा वैद्य, बाबा बस्नेत, मोमिला, उषा श्रेष्ठ, उषा हमाल, बुनु लामिछाने, शर्मिला पोखरेल, सुस्मिता नेपाल, नीलम कार्की 'नीहारिका', नम्रता गुरागाईं, गङ्गा सुवेदी, सृजना श्रेष्ठ, सविना श्रेष्ठ, सन्ध्या पहाडी, गायत्री विष्ट 'गाउँले', उषा अधिकारी, सृजना दुवाल, अनुजा घिमिरे, सरिता थापा, झमककुमारी घिमिरे, शोभा न्यौपाने आदि देखा परेका छन् । नेपाली-कविताको क्षेत्रमा स-साना स्कूले छात्राहरूले समेत 'हुने विरुवाको चिल्लो पात' भनेझैं गहकिलो योगदान गर्न थालेका छन् । बाह्र वर्षको उमेरमै **पल्लवी** कविता-सङ्ग्रहको प्रकाशन गर्ने एवं वर्षमा एउटा पुस्तक छाप्ने योजना बताउँदै संसारकै उत्कृष्ट पुरस्कार(नोवेल पुरस्कार)सम्म प्राप्त गर्ने उच्च आकाङ्क्षा राख्ने सुम्निमा सिंह (साहित्यिक नाम विभूति सिंह)माथि पनि नेपाली-साहित्यको इतिहासले गर्व गर्नेपर्छ । त्यस्तै ११ वर्षको कलिलो उमेरमै **चुलबुले बहिनी** कवितासङ्ग्रह प्रस्तुत गर्ने उत्साही बाल प्रतिभा सामना भट्ट, अनि उस्तै कलिलो उमेरमै **पुष्पाञ्जलि** कविता-सङ्ग्रहको प्रकाशन गर्ने सुकृति अर्याल आदि नेपाली-कवितामा उदाउँदा तारा हुन् । यिनीहरू र यिनीहरू जस्तै धेरै बाल प्रतिभाहरूले नेपाली/कवितामा नारी-सहभागिताको इतिहासलाई अझै उज्यालो र आशालाग्दो तुल्याएका छन् ।

मूलतः साहित्यका अन्य विधाहरूमै एकोहोरिएर पनि कविता-लेखनलाई चटक्क बिर्सन नसक्ने प्रतिभाहरूको गुन पनि नेपाली-कविताले बिर्सनु हुँदैन । खासगरी कथा-उपन्यास (आख्यान) विधामा विशिष्ट साधना र योगदान गर्ने देवकुमारी थापा, पद्मावती सिंह, प्रेमा शाह, अनिता तुलाधर, माया ठकुरी, भागीरथी श्रेष्ठ, हिरण्यकुमारी पाठक, गीताकेशरी, प्रमिला उपाध्याय आदिले कविता विधामा गरेको योगदान इतिहासमा महत्त्वपूर्ण रहेको छ । त्यस्तै निबन्ध, समालोचना, नियात्रा, नाटक आदिमा विशिष्ट योगदान गर्ने नारी प्रतिभाहरू पनि कविता-लेखनबाट अलग्ग रहन सकेका छैनन् । त्यस्ता स्रष्टाहरूको मूल्य पनि कविताको इतिहासमा उत्तिकै महत्त्वपूर्ण रहेको छ । त्यस्ता प्रतिभाहरूमा रमा शर्मा, गार्गी शर्मा, शशिकला शर्मा, सुधा त्रिपाठी, कल्पना प्रधान, रञ्जुश्री पराजुली, गायत्री श्रेष्ठ, वेदकुमारी न्यौपाने, शारदा अधिकारी आदिका नामको स्मरण गर्नुपर्ने हुन्छ । त्यस्तै नेपाली भाषामा थुप्रै साहित्यिक रचनाहरू प्रकाशित गरिसकेका प्रतिसरा सायमि, सुलोचना मानन्धर जस्ता स्रष्टाहरूले समेत नेपाली

भाषामा कविता-लेखन गरेर आधुनिक नेपाली-कवितालाई समृद्ध तुल्याउन योगदान गरेका छन् ।

यसरी नेपाली कविताको आधुनिक कालमा उत्साहपूर्ण नारी-सहभागिता रहेको देखिन्छ । बालिकादेखि वृद्धासम्मको शुश्रूषा एकैसाथ नेपाली कविताले पाइरहेको छ । आधुनिक कविताको प्रत्येकजसो धारामा नारी स्रष्टाको गौरवपूर्ण उपस्थिति देखिएको छ । अझै नयाँनयाँ धारा र प्रवृत्तिहरूमा नारी प्रतिभाको सार्थक र गौरवमय योगदानको आशा र प्रतीक्षा गर्न सकिन्छ । आधुनिक कालमा कविता-लेखनतर्फ नारी स्रष्टाहरूको उपस्थिति निकै व्यापक भएकोले त्यस्ता स्रष्टा एव तिनका सिर्जनाको सकभर व्यवस्थित र विस्तृत जानकारी हासिल हओस् भन्ने उद्देश्यले सम्भव भएसम्म कविता-कृतिको प्रकाशनको आधारमा कालक्रमिक सूचीको छुट्टै परिशिष्ट समेत यस कार्यपत्रमा समाविष्ट गरिएको छ । तैपनि नेपाली कवितामा महत्त्वपूर्ण स्थान बनाइसकेका स्रष्टाहरूलाई समेत यसमा समाविष्ट गर्न सकिएको छैन ।

## नारी स्रष्टाहरूको पक्षमा केही प्रयास

नेपाली-साहित्यको क्षेत्रमा नारीहरूको सक्रियतामा स्थापित संस्थाहरूले पनि धेरथोर योगदान गरेका छन् । अन्तरराष्ट्रिय महिला चेतनामञ्चद्वारा प्रस्तुत **महिला-चेतना**, नारी जागरण केन्द्रद्वारा प्रस्तुत **नारी-जागरण** जस्ता पत्रिकाहरूले पनि नारी स्रष्टालाई प्रोत्साहित गर्ने एवं नारीका विविध पक्षको उद्घाटन गर्ने काम गरेका छन् । धार्मिक सामाजिक वा अन्य उद्देश्यबाट खुलेका संस्थाहरूले समेत आ-आफ्ना मुखपत्रमार्फत साहित्यको उत्थानको निम्ति देखाएको चासोलाई समेत सह्रनीयोग्य मान्नुपर्छ ।

विभिन्न पत्रपत्रिकाले बेलाबखत प्रकाशन गर्ने नारी-विशेषाङ्कहरूले पनि नारी साहित्यकारहरूको लेखनीलाई घचघच्याएको छ । यस्ता विशेषाङ्कहरूमा अन्य विधासँगै कविता विधाले समेत फक्रने मौका पाएको देखिन्छ । यस सन्दर्भमा **नेपाली-साहित्य-वाटिका**को *'सिद्धिचरण : नारी अङ्क'* पनि स्मरणयोग्य छ । त्यसमा सिद्धिचरणबारे ३४ नारी स्रष्टाका समालोचना, संस्मरण, कविता आदि प्रस्तुत भएका छन् । **रत्नश्री** पत्रिकाले प्रत्येकवर्ष प्रकाशन गर्ने *नारी-विशेषाङ्क*, नेपाली-साहित्यमा नारी स्रष्टाहरूको निम्ति निकै महत्त्वपूर्ण सन्दर्भ हो । यस पत्रिकाले नारी-विशेषाङ्कमार्फत प्रत्येक वर्ष नयाँनयाँ प्रतिभाहरूलाई प्रकट हुने मौका दिएको छ भने स्थापित प्रतिभाहरूका रचनालाई पनि अझै फुल्न-फक्रन अवसर दिएको छ । नेपाली-कवितामा नारी स्रष्टाहरूको सन्दर्भ कोटयाउँदा **रत्नश्री**को *नारी-विशेषाङ्क* महत्त्वपूर्ण रूपमा स्वत: अगाडि आउँछ । त्यस्तै नेपाल राजकीय प्रज्ञा-प्रतिष्ठानद्वारा प्रकाशित **कविता**को *कवयित्री-विशेषाङ्क*ले पनि कविता विधामा

नारी स्रष्टाको उपस्थिति र वैशिष्टचमाथि प्रकाश पार्ने प्रयत्न गरेको छ । यसरी नेपाली-साहित्यको इतिहासमा नारी स्रष्टालाई छुट्टै स्थान दिई छुट्टै खोजखबर गर्ने विभिन्न प्रयत्नहरू वेलावखत भएका छन् । ती प्रयत्नमा नारी साहित्यकारको विधागत इतिहास विषयक गोष्ठी (२०५९, असार) लाई पनि समाविष्ट गर्नुपर्छ । 'गुञ्जन'द्वारा आयोजित प्रस्तुत गोष्ठीमा कविता विधाको सङ्क्षिप्त ऐतिहासिक अवलोकन गर्ने प्रयत्न यस कार्यपत्रले गरेको छ ।

साहित्य-लेखनलाई पुरुषलेखन र नारीलेखन भनेर छुट्टयाउनु त्यति उपयुक्त हुँदैन । सिर्जनाको भेलले सिर्जनाका क्षणमा स्रष्टालाई 'नारी' वा 'पुरुष' हुनुको यथार्थभन्दा उच्च स्रष्टाले हुनुको गौरव दिलाएको हुन्छ । पुरुष स्रष्टाले नारीवारे र नारी स्रष्टाले पुरुषवारे प्रशस्त काव्यरचना गरेका पनि छन्, सफल भएका पनि छन् । तर कतिपय यस्ता अनुभूतिहरू पनि नारी स्रष्टावाट निस्कन्छन् जसको अनुभव पुरुष स्रष्टा कहिल्यै गर्न सक्दैन । प्रसव, मातृत्व जस्ता अनुभूति नारीका विशिष्ट अनुभूति हुन् । यिनमा नारी स्रष्टाकै अनुभूति मात्र बढी यथार्थ र वास्तविक हुनसक्छ । यसरी हेर्दा नचाहँदा नचाहँदै पनि नारी स्रष्टाहरू पुरुष स्रष्टाभन्दा भिन्न छन् भन्नुपर्ने हुन्छ । नारी र पुरुषलाई स्वभाव र बनावट नै प्रकृतिले अलग-अलग प्रकारको दिएवाट नारी र पुरुषका आ-आफ्ना विशिष्टता अवश्य रहन्छन् । यसलाई कसैले नकार्न मिल्दैन ।

यिनै तथ्यहरूलाई दृष्टिगत गर्दै वि.सं. २०५४ मा साहित्यकार पद्मावती सिंहको अध्यक्षतामा गठित 'गुञ्जन'ले सम्पूर्णतः नारी साहित्यकारहरूकै संस्थाको रूपमा स्थापित भएर नारी स्रष्टाकै हितमा अनेक महत्त्वपूर्ण गतिविधिहरूको सञ्चालन गर्दै आएको छ । त्यस्तै वि.सं. २०५६ मा दर्ता भई वि.सं. २०५७ वैशाखमा उद्घाटित 'नारी साहित्य प्रतिष्ठान' पनि 'गुञ्जन'कै पदचिह्नलाई पछ्याउँदै अघि बढेर युवा नारी साहित्यकारहरूको संस्था रूपमा स्थापित भइसकेको छ । यस संस्थाले पनि नारी साहित्यकाहरूवारे खोजखबर गर्ने, रचना प्रकाशित गर्ने, गोष्ठीहरू गराउने जस्ता महत्त्वपूर्ण कार्यहरू गर्दैआएको छ । यसरी हेर्दा नेपाली-साहित्यमा नारी स्रष्टाको छुट्टै अस्तित्वको सङ्केत प्राप्त भइसकेको स्थिति अहिले छ । जे होस्, स्रष्टाका रूपमा मात्रै नभएर नारी स्रष्टाका रूपमा समेत नारी साहित्यकारहरूले र तिनीहरूसँगै संस्थाहरूले पनि कार्य गरिरहेको स्थिति नेपाली-साहित्यमा देखिन्छ ।

## आधुनिक नेपाली कवितामा नारी स्रष्टाका वैशिष्ट्य

### १. *विधागत लेखनको स्थिति*

नेपाली-कवितामा नारी स्रष्टाहरू प्रायः फुटकर कविता-लेखनमै बढी रमाएका छन् । कविताको प्रबन्ध विधा(खण्डकाव्य, महाकाव्य)तर्फ नारी स्रष्टाको

त्यति ध्यान गएको देखिंदैन । नारी स्रष्टाले खण्डकाव्यसम्मको विस्तृतिमै आफूलाई सीमित तुल्याएका छन् । गोमा उपाध्याय, हरिकला चूडाल, लक्ष्मीदेवी राजभण्डारी, माधुरी भट्टराई, सीतादेवी प्रधान, सावित्री थापा आदि अत्यन्त कम सङ्ख्याका प्रतिभाहरूले मात्रै कविताको प्रवन्धरूपतिर ध्यान दिएका छन् ।

### २. *कविता-लेखनको शैलीगत स्थिति*

नेपाली-कविताको लेखनमा मूलत: गद्यशैली र पद्यशैलीको प्रभाव रहेको छ । खासगरी मुक्त छन्दका कविताहरू गद्यशैलीअन्तर्गत रहेका छन् भने पद्यशैलीमा पनि वार्णिक, वर्णमात्रिक र मात्रिक तीन विभेद देखिन्छन् । आधुनिक कालमा ज्यादा देखिएको गद्यशैलीलाई नै अधिकांश नारी प्रतिभाहरूले पछ्याएका छन् । त्यसपछि वार्णिक छन्दको बढी प्रयोग देखिएको छ भने वर्णमात्रिक र मात्रिक छन्दमा कविता-रचना गर्ने स्रष्टाहरू निकै कम छन् । प्रशस्त गीतरचना-कार्य नारी प्रतिभाहरूद्वारा भएको देखिए तापनि तुलनात्मक रूपमा गजल-सिर्जनाको स्थिति केही कम देखिएको छ । श्रेष्ठ प्रिया पत्थर, साधना प्रतीक्षा, सबिना मिश्र आदि यसतर्फ जुरमुराएका छन् । यसबाट गजल-रचनाको क्षेत्रमा समेत नारी प्रतिभाहरूको सहभागिता आशालाग्दो देखिएको छ । गोमा उपाध्याय, माधुरी भट्टराई, हरिकला चूडाल, विन्दु कोइराला, चन्द्रवदना घिमिरे, प्रभा भट्टराई, बुनु लामिछाने, ओमी शर्मा, प्रियंवदा काफ्ले, गायत्री तिमिल्सिना आदि स्रष्टाहरूले छन्दोवद्ध कविताको सिर्जना गरेका छन् भने कोइलीदेवी, गोमा शर्मा, छिन्नलता, चाँदनी शाह, पुष्पलता आचार्य आदि गीतिछन्दमा कविता-सिर्जना गर्ने स्रष्टाहरू हुन् । वानिरा गिरि, वेञ्जु शर्मा, मञ्जु काँचुली, शारदा शर्मा, मोमिला, नम्रता गुरागाईं आदि अधिकांश स्रष्टाहरूले गद्यशैलीको कविता-सिर्जनामा विशिष्ट स्थान वनाएका छन् । यसरी हेर्दा गद्य र पद्य दुवै शैलीमा नारी प्रतिभाद्वारा कविता-सिर्जना भएको स्थिति नेपाली-साहित्यमा रहेको छ ।

### 3. *नारीमनका विशिष्ट अनुभूति एवं नारी-अस्मिताको प्रकटीकरणको स्थिति*

उपन्यास होस् कि कथा, निवन्ध होस् कि कविता अथवा नाटक नै होस्, नारी स्रष्टाका कलमबाट निस्कने रचनामा नारीमनका विशिष्ट अनुभूतिको प्रकटीकरण प्रमुख रूपमा देखिन्छ । नारी-अस्मिताको खोजी आजका नारीका कवितामा वढी पाइन्छ भने प्राय: अघिल्लो पुस्ताका नारीहरूमा नारी जीवनका विरह, व्यथा, वेदनाका अनुभूतिले प्रधानता पाएको देखिन्छ । नेपाली कविताका सशक्त नारी-हस्ताक्षरहरूबाट नारीवादको प्रखर चिन्तन समेत भएको देखिन्छ । प्रखर नारीवादी स्वर प्रस्तुत गर्ने प्रतिभाहरूमा कुन्ता शर्मा, वेञ्जु शर्मा, मञ्जु काँचुली, उपा शेरचन, इन्दिरा प्रसाई, सुधा त्रिपाठी, सीता पाण्डे आदिलाई देख्न सकिन्छ भने नारी समस्याको प्रस्तुति एवं नारीसुलभ कोमल भावको अभिव्यक्ति

दिने प्रतिभाहरूमा गोमा उपाध्याय, रेवती राजभण्डारी, छिन्नलता, भारती खरेल, देवी शर्मा, गङ्गा सुवेदी एवम् अन्य धेरै नारी प्रतिभाहरू देखिन्छन् । नारी स्रष्टाले नारीकै विषयमा प्रस्तुत गरेको दुई अभिव्यक्ति हेरौं -

*एक्वारियमभित्रको जिजीविषा* कवितामा नारी जीवनको यस्तो झलक देखिन्छ -

कति नाजुक, क्षणभङ्गुर छन् ती चञ्चल क्रीडाहरू !
एक्वारियमभित्र माछाका नृत्यहरू
अलिकति दाना, अलिकति पानी, अलिकति विश्वास
कठै ! यसैले तिनलाई बचाएको छ !

- मञ्जु काँचुली (**मेरो जीवन, मेरो जगत्** कविता-सङ्ग्रहबाट)

त्यस्तै *नारी : प्रकृति* कवितामा नारीप्रतिको दृष्टिकोण यसरी प्रस्तुत भएको छ -

आदिनारी यो सृष्टिकी
सती हैन सिर्जना हो,
पर्खालभित्र ऊ अट्दिन
ऊ त सिङ्गै प्रकृति हो ! ...

- शारदा शर्मा (**सीमान्त अनुभूति** कविता-सङ्ग्रहबाट)

### ४. समसामयिक युगबोधको उद्भव

नारी स्रष्टाहरूले पनि युगीन विकृति, विसङ्गति एवं युगीन चेतनाको प्रस्तुति गरिरहेका छन् । आशा सिंह, तोया गुरुङ, बानिरा गिरि, भुवन ढुङ्गाना, पद्मावती सिंह, शुभ श्रेष्ठ, शारदा शर्मा, मोमिला, नम्रता गुरागाईं आदिका कविताहरूमा समसामयिक युगबोधको उद्भव भेटिन्छ । सामाजिक, राजनीतिक, साहित्यिक विभिन्न क्षेत्रका युगीन विसङ्गतिको प्रकटीकरण अधिकांश नारी प्रतिभाबाट भएको छ ।

**कालिदास** कविताको एक अंश -

धेरै कालिदासहरू
जन्मेका छन्
रूखका
हाँगाहरूमा बसेर
हाँगा काटिरहेछन्
कालिदास
आफू बसेको हाँगो
काटिरहेछ
सँगसँगै एक हूल बाँदरहरू

गिल्ला गरिरहेछन् ...

भुवन ढुङ्गाना (कविता पूर्णाङ्क ५१ *कवयित्री अङ्क*)

त्यस्तै ***भोलिको घाम अस्ताएन*** कविताको एक अंश हेरौं -

मृत्यु दुख्दैन हिजोआज
मृत्युपछिको जिन्दगी दुख्छ ...
कहिले रातभर चिसो ओढेर आत्मविजयीहरू
भरदिन आफ्नै चिहानको पहरा बस्छन्
तर युगको आँखामा कहिल्यै
भोलिको घाम अस्ताएन ...

- मोमिला, **जूनकीरीहरू ओर्लिरहेछन्** कवितासङ्ग्रहबाट

### ***५. राष्ट्रियतावादी स्वरको प्रस्तुति***

कविता-लेखनमा लागेका नारीहरू राष्ट्रियताको सन्दर्भमा अत्यन्त सचेत छन् । राष्ट्रवादी स्वर नउराल्ने नारी प्रतिभा नेपाली-साहित्यमा भेट्टाउन पनि कठिन छ । देश दुखेका कुरा, देशमा विसङ्गति बढेका कुरा, देशको निम्ति मरिमेट्ने शहीद एवं सपूतहरूका कुरा, देशको चिन्ता, माया, ममता नारी स्रष्टाका कलमबाट प्रशस्त निस्केका छन् । माधुरी भट्टराई, भारती खरेल, भद्रकुमारी घले, बाबा बस्नेत, सङ्गीता गुरुङ, बुनु लामिछानेसहित अनेक नारी स्रष्टाहरूमा राष्ट्रिय भावनाको अजस्र प्रवाह बगेको देख्न सकिन्छ ।

*देश नदुखोस्* कविताको एक अंश–

देशलाई चोट लाग्न थाल्यो भने
आफूलाई भुलेर देशको लागि दुख्छ
जिन्दगीको पराकाष्ठालाई लत्याए
इतिहासको पराकाष्ठालाई रोक्न दौडन्छ
र, खोज्नथाल्छ देशलाई सन्चो हुने मलम ...

- सङ्गीता गुरुङ **स्पन्दन** कविता-सङ्ग्रहबाट

त्यस्तै ***धन्य नेपाल आमा*** शीर्षकको कविताको एक श्लोक हेरौं -

अविजित हिमशय्या दिव्य तिम्रा सिरानी
अनवरत छ शोभा पग्लँदा झन् हिमानी
वन उपवन नौलो स्वच्छ उद्यान झैं छ
कुसुमकलि कलाको गाथ नौलो छँदैछ ।

- बुनु लामिछाने, **बिहानीका** पाइलाहरू कविता-सङ्ग्रहवाट

### ***६. आध्यात्मिक भावनाको प्रस्तुति***

नेपाली कवितामा वि.सं. १९४० देखि आध्यात्मिक भावनायुक्त भक्तिधाराको

अन्त भएको मानिए तापनि यस आधुनिक कालको उत्तरार्धमा आइपुग्दासम्म नारी स्रष्टाका कलमबाट भक्तिकविताको जन्म भइरहेकै छ । आधुनिक नेपाली-कवितामा आध्यात्मिक स्वर भर्ने प्रमुख नारी प्रतिभामा गोमा उपाध्याय, कुन्तीदेवी भट्टराई, हरिकला चूडाल, देवी शर्मा, भारती खरेल, माधुरी भट्टराई, छिन्नलता, शीला पन्त, लक्ष्मीदेवी राजभण्डारी आदिको नाम अग्रपङ्क्तिमा लिन सकिन्छ । भक्तिधाराको कविता-सृजनामा सक्रिय शीला पन्तको *के चढाऊँ प्रभु* ! कविताको एक अंश हेरौँ -

के चढाऊँ प्रभु ! म तिमीलाई<br>
दुई हात मेरा खाली छन्<br>
अँजुलीभरि मसँग प्रभु<br>
केवल आँसु नै आँसु छन्

- शीला पन्त, **सबतिर देख्छु खाली हात** भजन-सङ्ग्रहबाट

त्यस्तै आध्यात्मिक कविताको उत्कृष्ट सिर्जना गर्ने हरिकला चूडालको ***महाशक्ति-दर्शन*** कविताको एक अंश हेरौँ -

महामाया देवी सबकि जननी हे भगवती<br>
जगद्रक्षा गर्छ्यौ हरि सकलको सङ्कट जति ।<br>
जगत्ले पूजीएकी हरनिश धरी भक्तिपदमा<br>
कृपा तिम्रो पाऊँ भनिकन म पर्छू चरणमा ॥

- **त्रैलोक्येश्वरी-दिव्यदर्शनबाट**

### ७. *हास्य-व्यङ्ग्यात्मक कविताहरूको प्रस्तुति*

हास्यव्यङ्ग्यको क्षेत्रमा नारी स्रष्टाहरू निकै पछाडि परेका छन् । विभिन्न विषयका कविता-लेखनको क्रममा आउने सान्दर्भिक व्यङ्ग्यबाहेक हास्यव्यङ्ग्यात्मक कविता लेख्न लागिपरेका नारी स्रष्टाहरू त्यति पाइँदैनन् । यसै अभावलाई ध्यानमा राखेरै सिस्नुपानी नेपालले साहित्यकार सुधा त्रिपाठीको संयोजकत्वमा वि.सं. २०५७ मार्ग २९ गते काठमाण्डौँमा महिलाहास्यव्यङ्ग्य-कविगोष्ठीको आयोजना गर्‍यो । नेपाली-कवितामा नारी स्रष्टाको उपस्थिति शून्यप्रायः रहेको अवस्थामा यो कविगोष्ठी अत्यन्त प्रभावकारी रह्यो । नारीहरू हास्यव्यङ्ग्यमा कलम चलाउन सक्दैनन् भन्नेका मुखमा बिर्को लगाउन खोज्ने यस गोष्ठीमा जम्मा २५ जना नारी स्रष्टाका विविध विषयका प्रभावपूर्ण कविताहरू आए । रमा शर्मा, बेञ्जु शर्मा र मञ्जु काँचुलीदेखि नयाँ पुस्ताका नम्रता गुरागाईं, आभा आचार्य, शोभा साइनसम्मको सहभागिता यस गोष्ठीमा रह्यो । गोष्ठीमा वाचन गरिएका सबै कवितालाई ***सिस्नुपानीले सोझा नारीका बाङ्गा कविता*** शीर्षक दिएर बोट-३, झाम्टो-७ मा विशेषाङ्क प्रकाशित गर्‍यो । साँच्चै भन्ने हो भने नारी स्रष्टाका यति धेरै हास्यव्यङ्ग्यात्मक रचना एकसाथ छापिएको यो पहिलो र ऐतिहासिक सङ्ग्रह हो ।

हास्यव्यङ्ग्यमा नारी-सहभागिताको यो गतिलो साक्षी पनि हो । यसभित्रका एक-दुई कविताका अंश हेरौं -

खाते समस्या बढ्छ किन ?
वेश्या खेती चढ्छ किन ?
सडक, पेटी र चोकहरूमा
आफ्ना मूलपृष्ठहरूमा
डायना-डायना र डायनाहरू नै हरबखत !?
के हुन् !! अङ्ग र यो प्रस्तुति !!
आइमाई, आइमाई र आइमाईहरूको

– **शोभा साइन : *आइमाई, आइमाई र आइमाई***

त्यस्तै अर्को व्यङ्ग्यकविताको एक अंश -

डाडुपन्यू चलाउन जान्ने हुन्छ भान्छे
डयाम्मडुम्म हुनुपर्छ नेता हुने मान्छे
हड्डी थियो शरीरमा मासु लाग्यो ऐले
जोगी हुन राजनीति गऱ्या होइन मैले ।

– **नम्रता गुरगाई : घोषणा**

### ८. *प्रकृति-चित्रण*

स्वभावैले नारीहरू प्रकृतिको निकट हुन्छन् । नारी मनलाई जुनसुकै कुराले पनि छिटो छुन्छ, पगाल्छ । नेपाली-कवितामा नारी स्रष्टाहरूले प्रकृतिको मनग्गे चित्रण गरेका छन् । अधिकांश स्रष्टाहरूले सुन्दर, कोमल, मनोमोहक प्रकृति-चित्रण गरेका छन् भने केहीले मात्रै प्रकृतिका नीरस, कठोर पक्षको चित्रण गरेका छन् । प्रकृतिलाई अलग्गै राखेर चित्रण गर्ने, आफै प्रकृतिसँग घुलमिल भएर चित्रण गर्ने, प्रकृतिबाट विम्ब र प्रतीकहरू लिएर प्रयोग गर्ने जस्ता प्रवृत्ति नारी स्रष्टामा पाइएका छन् । तोया गुरुङ, कुन्ता शर्मा, भुवन ढुङ्गाना, उषा शेरचन, लक्ष्मीदेवी राजभण्डारी, शारदा शर्मा, प्रभा भट्टराई आदि अनेक नारी स्रष्टाले प्रकृतिलाई आ-आफ्नै पाराले चित्रण गरेका छन् । नारी स्रष्टाद्वारा गरिएको प्रकृति-प्रयोगका केही नमूना हेरौं -

बसुन्जेल माछापुच्छ्रे देख्न धौधौ पऱ्यो
एकदिन बिहानै उठें
हेरें, माछापुच्छ्रे म उभिएको छानातिर आउँदो रहेछ
मलाई त शङ्का लाग्यो नजिकै
कतै यो नक्कली डाँडामा सेतो कमेरो पोतिदिएको त होइन !
यति नजिक पनि हुन्छ त माछापुच्छ्रे !...

- तोया गुरुङ *पोखरा* कवितावाट

त्यस्तै अर्को नमूना -

शिशिर दत्तचित्त हुँदै बढादैं छ ।
सारा तृण पत्करहरू
नाङ्गा रूखहरूमा कोमल पालुवा
अङ्कुराउन लागेको छ ।
मृत प्रफुल्लताहरू, चटपटाउँदै छन् बिस्तार-बिस्तार
कोमलताले पुनः प्वाँख फैलाउन लागेको छ ।
अहा ! यहाँ फेरि वसन्त आउन लागेको छ ।

- कुन्ता शर्मा, ***वसन्त आउनै लागेको छ*** कविताबाट

त्यस्तै उषा शेरचन ***मात्र आरुका बोटहरू, मात्र लहरे पिप्पलका बोटहरू*** कवितामा यसरी प्रकृति-वर्णन गर्छिन् -

बाह्रमासे धूपीका बोटहरू छैनन् मेरो बगैँचामा
सदाबहार धूपीका बोटहरू छैनन् मेरो आँगनमा
मात्र आरुका बोटहरू छन् ।
मात्र लहरे पिप्पलका बोटहरू छन्
जो आफै पनि रित्तारित्ता छन् ।

- उषा शेरचन **नजन्मेका आस्थाहरू** कवितासङ्ग्रहबाट

आधुनिक नेपाली कवितामा नारी स्रष्टाका माथि लेखिएका मुख्य वैशिष्ट्यहरू बाहेक अरु विभिन्न वैशिष्ट्यहरू पनि देखिएका छन् । कोमलहृदया नारीका कलमबाट अनुभूति पग्लेर निस्केका कविताहरू विभिन्न रसमा बगेका छन् । लगभग सबै रसको प्रयोग नारी स्रष्टाले गरेका छन् । प्रेमविषयक अभिव्यक्ति ज्यादाजसो गीतमार्फत नै आएका छन् भने वीररस, शान्तरस, अद्भुतरस र हास्यरसको निर्वाह पनि नारी स्रष्टाबाट भइरहेकै देखिन्छ । करुण रसका शोककविताहरू पनि नारी स्रष्टाका कलमबाट निस्केका छन् । रेवती राजभण्डारी, कुन्तीदेवी भट्टराई, सङ्गीता गुरुङ आदिले शोककविताको करुण धारालाई अघि बढाएका छन् । कवितामा अत्यन्त कम देखा पर्ने रौद्र रस र बीभत्स रसको समेत प्रयोग नारी स्रष्टामा देखिएको छ ।

नारी स्रष्टाका कलमबाट मनोवैज्ञानिक चिन्तनयुक्त कविताहरू पनि मनग्गे प्रस्तुत भएका छन् । सामाजिक यथार्थवादी, आदर्शवादी, औपदेशिक, विद्रोही, राष्ट्रिय-अन्तरराष्ट्रिय चिन्तनयुक्त, मानवतावादी, बौद्धिक, दार्शनिक अनेक धार, अनेक प्रकारका कविताहरू नारी स्रष्टाका कलमबाट निस्किरहेका छन् ।

## उपसंहार

नेपाली-कविताको इतिहासमा नारी प्रतिभाको प्रवेश निकै ढिलो भएर पनि

नारीकविता-लेखनको यात्राले निकै लामो दूरी तय गरिसकेको छ । हीरा गाइनेनीका वि.सं. १८९५ तिर रचित मानिएका दुई स्तुतिगीतबाट शुरू भएको नारीकविता-लेखनको परम्पराले झन्डै डेढसय वर्षभन्दा बढीको विस्तृति पाइसकेको छ । नेपाली-कविताको प्राथमिक र माध्यमिक कालमा देखिएका नारीहरूको नगण्य सहभागिता आधुनिक काल शुरू भएपछि क्रमशः बढ्न थालेको छ । आधुनिक कालको पनि उत्तरार्धमा आइपुग्दा कविताक्षेत्रमा नारी स्रष्टाको बाढी गडगडाएको देखिन्छ । नेपाली कवितामा उक्त अधिकांश धारा र प्रवृत्तिहरूमा नारीलेखनी जुरमुराएको छ । आधुनिक नेपाली कविताको सन्दर्भमा नारी स्रष्टाहरूको सङ्ख्यात्मक एवं गुणात्मक दुवै पक्षलाई उत्साहवर्धक मान्न सकिन्छ ।

हीरा गाइनेनी, योगमाया, गङ्गावती, कुसुममञ्जरीदेवी, भक्तिकुमारी राणा, भगवत्कुमारी पाण्डे, लावण्यमयीदेवी, पुण्यवतीदेवी, लोकप्रियादेवी आदि स्रष्टाहरूले नेपाली-कवितामा नारी-संलग्नताको पृष्ठभूमि तयार पारिदिएका छन् । वि.सं. १९७५ मा नेपाली-कवितामा आधुनिक कालको आरम्भ भएयता अनेक नारी स्रष्टाहरू विभिन्न समयमा विभिन्न धारा र प्रवृत्तिहरू लिएर देखा परेका छन् । लोकप्रियादेवी, प्रेमराजेश्वरी थापा, गोमा, भारती खरेल जस्ता प्रतिभाहरूले आधुनिक नेपाली कविताको आरम्भिक कालमा सहभागिता देखाएका छन् । पारिजात, छिन्नलता, कोइलीदेवी, पुण्यप्रभादेवी ढुङ्गाना, माधुरी भट्टराई आदिको सहभागिता त्यसपछि महत्त्वपूर्ण रूपमा दखिएको छ । बानिरा गिरि, तोया गुरुङ, बेञ्जु शर्मा, मञ्जु काँचुली, भुवन ढुङ्गाना, चाँदनी शाह, कुन्ता शर्मा, शारदा शर्मा, सरला विष्ट, सुषमा आचार्य, चन्द्रकला नेवार, भागीरथी श्रेष्ठ, भद्रकुमारी घले, सीता पाण्डे, इन्दिरा प्रसाई, उषा शेरचन आदि स्रष्टाहरूले नेपाली-कवितालाई अझ विस्तृत, अझ प्रभावकारी तुल्याउन योगदान गरेका छन् । आधुनिक नेपाली-कविताको उत्तरार्धमा देखिएका अनेक प्रतिभाहरूको नयाँ पुस्ताले पनि नेपाली-कवितामा बेजोड सहभागिता प्रस्तुत गरिरहेको छ । अरुणा वैद्य, बाबा बस्नेत, सुस्मिता नेपाल, मोमिला, उषा हमाल, नम्रता गुरागाईं, नीलम कार्की ‘नीहारिका’, सन्ध्या पहाडी, गायत्री विष्ट गाउँले, सिर्जना दुवाल, शर्मिला पोखरेल, अनुजा घिमिरे, सङ्गीता गुरुङ, सरिता थापा, कुमारी याक्खा, झमककुमारी घिमिरे आदि यस कालका उल्लेख्य प्रतिभा हुन् । किशोर वयमा समेत प्रवेश नगर्दै कविता लेखेर कविता-सङ्ग्रह समेत प्रकाशित गर्ने विभूति सिंह (सुम्निमा सिंह), सामना भट्ट, सुकृति अर्याल जस्ता बाल प्रतिभाले समेत नारीकविता-लेखनको भविष्यलाई आशालाग्दो बनाएका छन् ।

आधुनिक नेपाली-कवितामा नारी स्रष्टाका वैशिष्ट्यतर्फ दृष्टिगत गर्दा नारीहरूले कवितामा देखाएको गुणात्मक संलग्नताको समेत पुष्टि मिल्छ । नारी

स्रष्टाले आधुनिक नेपाली-कवितामा सबैजसो प्रवृत्तिलाई समात्न भ्याएका छन् । नेपाली-कवितामा प्रचलित लयहरूको प्रयोग नारी स्रष्टाहरूले सशक्त ढङ्गबाट गरेका छन् । कविताको प्रबन्धलेखनतर्फ खण्डकाव्यभन्दा माथि उक्लने जाँगर नारी स्रष्टाहरूले त्यति देखाएका छैनन् । नारीमनका विशिष्ट अनुभूतिको प्रकटीकरण नारी कविता-लेखनमा भएको देखिन्छ । समसामयिक युगबोध, राष्ट्रियतावादी स्वर, आध्यात्मिक भावनाको प्रस्तुति, हास्यव्यङ्ग्यको प्रयोग, प्रकृति-चित्रण र मनोवैज्ञानिक चिन्तनमूलक कविता-लेखन पनि नारी कविता-लेखनको वैशिष्ट्य हो । यथार्थवादी, आदर्शवादी, मानवतावादी, दार्शनिक र बौद्धिक कविता-लेखन पनि नारी प्रतिभाहरूद्वारा भएको देखिन्छ ।

समष्टिमा हेर्दा नेपाली-कविताको इतिहासमा नारीहरूको सहभागिता महत्त्वपूर्ण रहेको छ । नेपाली-कविताको संवर्धन र विकासमा नारी स्रष्टाहरूको योगदान उल्लेखनीय रहेको देखिन्छ । रचनागत विस्तृति एवं प्रवृत्तिगत वैविध्यले नेपाली-कविताको इतिहासमा नारी स्रष्टाहरूको मूल्याङ्कन गर्ने आधार तयार पारिदिएको छ । युगौंदेखि शिक्षा र चेतनाको उज्यालोबाट टाढा रहँदै पिछडिँदै आएका नारीहरूले आधुनिक युगमा आइपुग्दा सबै क्षेत्रमा एकैचोटि प्रकाश फैलाएका छन् । कविताक्षेत्र पनि त्यसबाट पृथक् रहन सकेको छैन ।

– **उप प्रा. प्रभा भट्टराई (आचार्य)**

-o-

# परिशिष्ट

## आधुनिक नेपाली कवितामा नारी स्रष्टाका कविता-कृतिको कालक्रमिक सूची

१. ☛ अनुजा घिमिरे (२०३९)

*कविता-कृतिहरू*

१. *अङ्कुर* (२०५४) } कविता-सङ्ग्रह
२. *अर्थात्* (२०५७)

- चित्रकलामा समेत संलग्नता ।

२. ☛ अरुणा वैद्य - काठमाडौं

*कविता-कृति*

१. *सङ्गीतमय मृत्यु* (२०५०) कविता-सङ्ग्रह

३. ☛ रञ्जना थापा

*कविता-कृति*

१. *मेरो अनुभूति र मेरो कलम* (२०५९) कविता-सङ्ग्रह

४. ☛ इन्दिरा प्रसाई (२०१४) - विराटनगर

*कविता-कृति*

१. *बाइपङ्खी घोडा* (२०५७) - कविता-सङ्ग्रह
२. *तिमी हुनुको* (२०५७) लामो कविता

- विभिन्न विधाका १६ वटा पुस्तकहरू प्रकाशित ।

५. ☛ उषा शेरचन (२०१२) - पोखरा

*कविता-कृतिहरू*

१. *नजन्मेका आस्थाहरू* (२०४८) कविता-सङ्ग्रह
२. *अक्षरहरूको शिविरबाट* ( २०५६) मुक्तक-सङ्ग्रह

- 'अभीप्सा' गीतिक्यासेटको समेत प्रकाशन ।

६. ☛ उषा श्रेष्ठ - काठमाडौं

*कविता-कृति*

१. *जीवन एक परिधि* (२०५४) कविता-सङ्ग्रह

७. ☛ उषा हमाल - सल्यान खलङ्गा-५, डाँडागाउँ

*कविता-कृति*

१. *क्यानभास नपाएका चित्र* (२०५७) कविता-सङ्ग्रह

८. ☛ उन्नती बोहरा "शीला"

*कविता-कृति*

१. *कोसेली उसैलाई* (२०५९)
२. *यादहरूमा* (२०५९)

३. *लहर* (२०६०)

९. ☛ **कुन्दन शर्मा** (१९९९) - धादिङ

*कविता-कृतिहरू*

१. *मेरा कविताहरू* (२०४५)

२. *यो मन* (२०५३)

१०. ☛ **कुन्ता शर्मा** (२००३)

*कविता-कृति*

१. *म उभिएको ठाउँ* (२०५४) कविता-सङ्ग्रह

- सङ्कल्प साहित्यिक पत्रिकाको सम्पादन

११. ☛ **कुन्तीदेवी भट्टराई** (१९८८) - काठमाडौं

*कविता-कृतिहरू*

१. *सम्झना-श्रद्धाञ्जलि* (२०५१)
२. *ललितकला* (२०५१)
३. *प्रार्थना-प्रवाह* (२०५३)
} कविता-सङ्ग्रह

१२. ☛ **केशरी वज्राचार्य** (२००२) - काठमाडौं

*कविता-कृति*

१. *मरुभूमिको काँडा* (२०५५) कविता-सङ्ग्रह

१३. ☛ **गङ्गा कर्माचार्य**

*कविता-कृति*

१४. ☛ **गङ्गा सुवेदी** (२०१८) - धरान

*कविता-कृतिहरू*

१. *बोल्छन् आँखाहरू* (२०५३)
२. *सपनाको क्षितिजभित्र* (२०५४)
} कविता-सङ्ग्रह

- गीतिक्यासेट समेत प्रकाशित ।

१५. ☛ **गङ्गा ढुङ्गाना** - तेह्रथुम

*कविता-कृति*

१. *मुश्किल* (२०५४) कविता-सङ्ग्रह

१६. ☛ **गायत्री विष्ट 'गाउँले'** (२०२८) - काठमाडौं

*कविता-कृति*

१. *लहरिएका आकाङ्क्षा* (२०५१) कविता-सङ्ग्रह

- कथासङ्ग्रह-१ पनि प्रकाशित ।

१७. ☛ **गोमा उपाध्याय** (१९८२) - पर्वत

*कविता-कृतिहरू*

१. *जलन* (२०३७)
२. *बाँच्ने रहर* (२०३९) } कविता-सङ्ग्रह
३. *मातृव्यथा* (२०४१)
४. *इन्दु* (२०४२)
५. *तिरष्कृत आत्मा* (२०४३) } खण्डकाव्य
६. *अञ्जु* (२०४६)

- विभिन्न विषयका एक दर्जन कृति प्रकाशित ।

१८. ☛ **चन्द्रा शर्मा** (२०१७) - सुर्खेत

*कविता-कृति*

१. *एक झुल्को घाम* (२०५१) कविता-सङ्ग्रह

१९. ☛ **चन्द्रकला नेवार** (१९९९) - आसाम, भारत

*कविता-कृति*

१. *चक्रव्यूह* (२०५०) कविता-सङ्ग्रह

- गायनमा समेत सहभागी ।

२०. ☛ **चाँदनी शाह** (२००६) - काठमाडौँ

*कविता-कृति*

१. *चाँदनी शाह : आफ्नै आकाश आफ्नै परिवेश* (२०४३) कविता-सङ्ग्रह (समालोचनासहित)

- गीतरचनामा विशिष्टता ।

२१. ☛ **चारुशीला मिश्र** (१९८७) - काठमाडौँ

*कविता-कृति*

१. *भावाञ्जलि* (२०४५) कविता-सङ्ग्रह

२२. ☛ **झमककुमारी घिमिरे** (२०३७) - धनकुटा

*कविता-कृतिहरू*

१. *सङ्कल्प* (२०५५)
२. *अवसानपछिको आगमन* (२०५७)
३. *आफ्नै चिता अग्निशिखातिर* (२०५७) } कविता-सङ्ग्रह
४. *मान्छेभित्रका योद्धाहरू* (२०५७)

२३. ☛ **टीकाकुमारी याक्खा**

*कविता-कृति*

१. *आस्थाको रिहा* (२०५७) कविता-सङ्ग्रह

- उपन्यास-लेखनमा समेत सक्रिय

२४. ☛ तोया गुरुङ (१९९३) - सिन्धुपाल्चोक

*कविता-कृतिहरू*

१. *सूर्यदह* (२०४२) काव्य

२. *देवल घुमेपछि* (२०५२) कविता-सङ्ग्रह

३. *धूपी* (२०५२) लामो कविता

२५. ☛ दिव्यानी रावल

*कविता-कृति*

१. *उत्साहित पाइलाहरू* (२०५४) कविता-सङ्ग्रह

- कथासङ्ग्रह-१ समेत प्रकाशित ।

२६. ☛ नर्मदेश्वरी सत्याल र जयन्ती स्पन्दन

*कविता-कृति*

१. *आमाछोरी* (२०५८) संयुक्त कविता-सङ्ग्रह

२७. ☛ निर्मला शर्मा

*कविता-कृति*

१. *डायरीका पानाहरू* (२०४९) कविता-सङ्ग्रह

२८. ☛ निर्मला उप्रेती

*कविता-कृति*

१. *फुपू* (२०५८) काव्य

२९. ☛ प्रतिभा विवश राई

*कविता-कृति*

१. *जूनसित बिताएको एक रात* (२०५८) कविता-सङ्ग्रह

३०. ☛ पारिजात (विष्णुकुमारी वाइबा) - (१९९४-२०५०), दार्जिलिङ

*कविता-कृतिहरू*

१. *आकाङ्क्षा* (२०१४) } कविता-सङ्ग्रह

२. *पारिजातका कविता* (२०४४) } कविता-सङ्ग्रह

- उपन्यास, कथा, निबन्ध आदि विविध विषयका एक्काइसओटा कृति प्रकाशित ।

३१. ☛ प्रिया श्रेष्ठ

*कविता-कृति*

१. *पत्थरका प्रलापहरू* (२०५९) गजल-सङ्ग्रह

३२. ☛ पुष्पलता आचार्य (२०१५) - लमजुङ

*कविता-कृतिहरू*

१. *अञ्जुलि* (२०५१) भजन-सङ्ग्रह

२. *सागरसन्ध्या* (२०५१) गीतिकविता-सङ्ग्रह

३. *सपनाका बोझहरू* (२०५२) } कविता-सङ्ग्रह
४. *एक्लो यात्री* (२०५६)
५. *समयको हुरी* (२०५२) - गीतिकविता-सङ्ग्रह
६. *यात्रा र ठेसहरू* (२०५३) } गीतिकविता-सङ्ग्रह
७. *मनको घाउ* (२०५५)
८. *हरिद्वार* (२०५५) भजन-सङ्ग्रह
९. *बगलामुखी-स्तोत्र* (२०५२) अनुवाद
१०. *मनका छालहरू* (२०५६) सूत्रकाव्य
- कथासङ्ग्रह-२ समेत दुई दर्जनभन्दा बढी दोहोरी गीतका एल्बम प्रकाशित ।

३३. ☛ **प्रेमराजेश्वरी थापा** (१९७८) - काठमाडौँ

***कविता-कृति***

१. *अनुभूति* (२०३१) कविता-सङ्ग्रह

३४. ☛ **वेदकुमारी न्यौपाने** (२०१४) - धादिङ

***कविता-कृति***

१. *पूर्णिमाको जून* (२०३६) कविता-सङ्ग्रह

- दुईवटा नाटक, एक कथासङ्ग्रह र एक उपन्याससहित पाँचओटा पुस्तकाकार कृति प्रकाशित ।

३५. ☛ **बसुश्री पाण्डे** (२००८) - काठमाडौँ

***कविता-कृति***

१. *एक क्षण* (२०५३) कविता-सङ्ग्रह

३६. ☛ **बाबा बस्नेत** (२०२२) - सिन्धुपाल्चोक

***कविता-कृति***

१. *धरतीको सुसेली* कविता-सङ्ग्रह

- कथासङ्ग्रह-१ समेत पकाशित ।

३७. ☛ **बानिरा गिरि** (२००३) - खरसाङ, भारत

***कविता-कृतिहरू***

१. *एउटा जीउँदो जङ्गबहादुर* (२०३१) } कविता-सङ्ग्रह
२. *जीवन थाय्मरु* (२०५३)

- उपन्यासहरूसहित पाँचओटा कृति प्रकाशित ।

३९. ☛ **बिम्झना विश्वकर्मा** (२०३१) - काठमाडौँ

***कविता-कृति***

१. *श्रद्धासुमन* (२०५१) कविता-सङ्ग्रह

३९. ☛ **विमला तुम्खेवा**

**कविता-कृति**

१. *विमला तुम्खेवाका कविताहरू* (२०५५) कविता-सङ्ग्रह

४०. ☛ **बुनु लामिछाने** (२०३१) - दाङ

**कविता-कृति**

१. *विहानीका पाइलाहरू* (२०५८) छन्दोवद्ध कविताहरूको सङ्ग्रह

४१. ☛ **बेन्जु शर्मा** (ई.सं. १९४७) - काठमाडौं

**कविता-कृतिहरू**

१. *आन्दोलनपूर्वका बन्द अभिव्यक्ति* (२०५०)
२. *सम्वन्ध-प्रदूषण* (२०५८) } कविता-सङ्ग्रह

- कथासङ्ग्रह-१, अङ्ग्रेजी-कविता-सङ्ग्रह-१, उपन्यास-१ (सहलेखन) एवं दुई ग्रन्थ समेत प्रकाशित ।

४२ ☛ **बेटी वज्राचार्य** (२००७) - पाल्पा तानसेन

**कविता-कृति**

१. *नपोलिएका व्यथाहरू* (२०४५) कविता-सङ्ग्रह

४३. ☛ **भगवती जोशी**

**कविता-कृति**

१. *जीवन-सरिता* (२०५९) काव्य

४४. ☛ **भद्रकुमारी घले** (१९९६) - काठमाडौं

**कविता-कृतिहरू**

१. *उपहार* (२०४५)
२. *कल्पना* (२०४५)
३. *भावना* (२०४५) } कविता-सङ्ग्रह
४. *मेरा जीवन्त कविता* (२०५१)

- कथा-सङ्ग्रह-२ र निवन्ध-सङ्ग्रह-१ समेत प्रकाशित ।

४५. ☛ **मञ्जु काँचुली** (२००७) - काठमाडौं

**कविता-कृतिहरू**

१. *किरणका छालहरू* (२०३२)
२. *मेरो जीवन मेरो जगत्* (२०५२) } कविता-सङ्ग्रह
३. *दिलको कुरा* (गीत/गजल-सङ्ग्रह)

- कथा, उपन्याससहित आधा दर्जन कृतिको प्रकाशन ।

४६. ☛ **माधुरी भट्टराई** - (१९८४) - काठमाडौं

**कविता-कृतिहरू**

१. *श्रीकृष्णसुधा* (२०२४)
२. *विनय-पुकार* (२०३४)
३. *मधुराष्टकम्* (२०३५)
४. *रत्नज्योति* (२०४४)
५. *आनन्द-लहरी* (२०२४)
} कविता-सङ्ग्रह

६. *प्रभुवन्दना* (२०५२)
७. *प्रभुदर्शन* (२०५३)
८. *माधुरी-रामायण*
} काव्य

- नाटचकृति, काव्यकृति एवम् अनूदित ग्रन्थहरूसहित झन्डै एक दर्जन कृतिहरू प्रकाशित ।

४७. ☛ **मीना सुवेदी (२०२४) - ओखलढुङ्गा**

*कविता-कृतिहरू*

१. *विक्षिप्त मन* (२०४८)
२. *अधुरो यात्रा*
} कविता-सङ्ग्रह

४८. ☛ **यमुना राय (२०१२) - काठमाडौँ**

*कविता-कृतिहरू*

१. *अल्झिएको जिन्दगी* (२०४७)
२. *कथैकथा व्यथैव्यथा* (२०५१)
} कविता-सङ्ग्रहज

- नेपाली, मैथिली र हिन्दी तीन भाषामा रचना गर्ने ।

४९. ☛ **रमा पोखरेल**

*कविता-कृति*

१. *अनुभूतिका क्षणहरू* (२०५८) कविता-सङ्ग्रह

५०. ☛ **रमा सिंह (२०२२)**

*कविता-कृति*

१. *सँघारमा पर्खिबसेँ* (२०५५) कविता-सङ्ग्रह

५१. ☛ **छिन्नलता (रमोलादेवी शाह) - (१९८०) - काठमाडौँ**

*कविता-कृतिहरू*

१. *अन्तर्भावना* (२०२८)
२. *अन्तर्तरङ्ग* (२०३०)
३. *अन्तःस्पन्दन* (२०४३)
४. *अन्तर्वेदना* (२०५१)
} कविता-सङ्ग्रह

- छिन्नलता - गीतिपुरस्कारको स्थापना ।

५२. ☛ रुकु कार्की

*कविता–कृति*

१. *रुकु कार्कीका कविता* (२०५९) कविता-सङ्ग्रह

५३. ☛ रीता शाह - काठमाडौं

*कविता–कृति*

१. *सेतो घोडा* (२०५२) कविता-सङ्ग्रह

५४. ☛ रेवती राजभण्डारी (१९९०) - काठमाडौं

*कविता–कृतिहरू*

१. *खिचडी* (२०४६) कवितासङ्ग्रह

२. *भिजेको तकिया* (२०४८) शोककविता-सङ्ग्रह

- कथासङ्ग्रह-२ समेत प्रकाशित ।

५५. ☛ ललिता दोषी

*कविता–कृति*

१. *वुद्ध रोएझैं लाग्छ* (२०५८) कविता-सङ्ग्रह

५६. ☛ लक्ष्मी उप्रेती २०१५) - ताप्लेजुङ

*कविता–कृति*

१. *यौटा वाटो खोजिरहेछ जीवन* (२०५०) कविता-सङ्ग्रह

५७. ☛ शर्मिला पोखेल (२०३५) - खार्पा, खोटाङ

*कविता–कृतिहरू*

१. *अस्तित्व नारीको* (२०५४) } कविता-सङ्ग्रह

२. *अमिवा र कुन्तीहरू* (२०५७) } कविता-सङ्ग्रह

५८. ☛ शशी रिमाल (१९९३) - काठमाडौं (लोकप्रियादेवीकी छोरी)

*कविता–कृति*

१. *कविताकुञ्ज* (२०२२) कविता-सङ्ग्रह

५९. ☛ शारदा शर्मा (२०१५) - स्याङ्जा

*कविता–कृतिहरू*

१. *सीमान्त अनुभूति* (२०४४) } कविता-सङ्ग्रह

२. *युद्धोपरान्त* (२०४९) } कविता-सङ्ग्रह

३. *स्वर्णसूत्र* (२०५३) } कविता-सङ्ग्रह

४. *अरुन्धती* (२०५३) } कविता-सङ्ग्रह

- कथासङ्ग्रह-१ र समालोचनाग्रन्थ-१ पनि प्रकाशित ।

- *संवत्सर* र *नियोजन*को सम्पादन

६०. ☛ **शान्तिकुमारी राई** (२०१३) - उदयपुर

*कविता-कृति*

१. *आमाको सपना* (२०५४) कविता-सङ्ग्रह

६१. ☛ **शुभ श्रेष्ठ** (इ.सं. १९४९) - पाल्पा

*कविता-कृतिहरू*

१. *मेरो छानामाथिको नीलो आकाश* (२०४३)

२. *बन्द मनको पिँजडाभित्र* (२०५४)

- उपन्यास-१ समेत प्रकाशित ।

६२. ☛ **शान्ता श्रेष्ठ** (१९९१) - काठमाडौँ

*कविता-कृति*

१. *बनाएँ बिहानी मैले* (२०४६) गीतिकविता-सङ्ग्रह

- कथासङ्ग्रह-१ र नाटक-सङ्ग्रह-१ समेत प्रकाशित ।

६३. ☛ **शीला पन्त** (२०१०) - काठमाडौँ

*कविता-कृतिहरू*

१. *भावनाको सयपत्री* (२०५३) गीतिकविता-सङ्ग्रह

२. *भजनशीला* (२०५४) भजन-सङ्ग्रह

३. *सबतिर देख्छु खाली हात* (२०५५) भजन-सङ्ग्रह

- भजनशीला भक्ति गीत एल्बम (भाग १-७ सम्म) प्रकाशित ।

- *चिचिलाको* सम्पादन

६४. ☛ **शोभा न्यौपाने** (२०३५) - दधिकोट, भक्तपुर

*कविता-कृति*

१. *सुनकेशरी मैयाँ* (२०५६) कविता-सङ्ग्रह

६५. ☛ **श्यामा ओझा** (२०१५) - डोटी

*कविता-कृति*

१. *विपरीत* (२०४३) कविता-सङ्ग्रह

६६. ☛ **सङ्गीता गुरुङ** (२०१९) - ओखलढुङ्गा

*कविता-कृतिहरू*

१. *स्पर्श* (२०४७)
२. *स्पन्दन* (२०५८)
३. *देशको मायामा* (२०५८)
} कविता-सङ्ग्रह

६७. ☛ **सन्ध्या पहाडी** - काठमाडौँ

*कविता-कृति*

१. *मृगतृष्णा* (२०५२) कविता-सङ्ग्रह

६८. ☛ सबिना श्रेष्ठ स्मृति (२०२८) - काठमाडौं

*कविता-कृति*

१. *जिन्दगी एक प्रश्नचिह्न* (२०४४) कविता-सङ्ग्रह

६९. ☛ सरला श्रेष्ठ (२०२२) - रामेछाप

*कविता-कृतिहरू*

१. *यात्रा शुभारम्भ* (२०४४) कविता-सङ्ग्रह

७०. ☛ सरला विष्ट (२०१५) - काठमाडौं

*कविता-कृति*

१. *आकाशबेली* (२०३८) कविता-सङ्ग्रह

७१. ☛ सरस्वती रिजाल - चितवन

*कविता-कृति*

१. *एक झुल्को घाम* (२०५१) कविता-सङ्ग्रह

७२. ☛ सरिता अर्याल

*कविता-कृति*

१. *उद्गार* (२०४८) कविता-सङ्ग्रह

७३. ☛ सरिता लामा (२०३३-२०४८)

*कविता-कृति*

१. *किनारा भेट्न खोज्दा* (२०४८) कविता-सङ्ग्रह
सम्पादक- बाबा बस्नेत

- मीठो स्वरकी धनी गायिका समेत ।

७४. ☛ सावित्री थापा (२००१) - भक्तपुर

*कविता-कृति*

१. *जीवनधारा* (काव्य) -२०५४

७५. ☛ सिर्जना दुवाल (२०३६) - बनेपा

*कविता-कृति*

१. *अभिव्यक्तिका सूत्रहरू* (२०५६) कविता-सङ्ग्रह

७६. ☛ सीतादेवी प्रधान (२००८) - काठमाडौं

*कविता-कृतिहरू*

१. *कोसेली* (२०२४) कविता-सङ्ग्रह

२. *ढुङ्गो फक्रन्न* (२०२८) खण्डकाव्य

७७. ☛ सीता पाण्डे (२०१६) - झापा

*कविता-कृति*

१. *असजिला खुशीहरू* (२०४२) कविता-सङ्ग्रह

- उपन्यास-१ र कथासङ्ग्रह-१ समेत प्रकाशित ।

७८. ☛ **सुवर्ण कक्षपति (२०१५) - चितवन**

*कविता कृति*

१. *मेरी धवला* (२०४०) कविता-सङ्ग्रह

७९. ☛ **सुषमा आचार्य (२००७) - काठमाडौं**

*कविता-कृतिहरू*

१. *गजुर ढल्कँदै छ* (२०४९) कवितासङ्ग्रह

२. *एक पत्र साकुरालाई* (२०५८) अङ्ग्रेजी र जापानीभाषामा समेत अनूदित

- समालोचना-ग्रन्थ - २ समेत प्रकाशित ।

८०. ☛ **सुशीला कोइराला, भण्डारी**

*कविता-कृतिहरू*

१. *आराधना* (२०१८)
२. *दीपिका* (२०२४)
३. *परदेशीलाई पत्र* (२०५१)
४. *अर्चना*
५. *चेतना-प्रवाह*
६. *आर्तनाद* (२०५७)

} कविता-सङ्ग्रह

८१. ☛ **सुशीला द्विवेदी (१९९५) - वीरगञ्ज**

*कविता-कृति*

१. *क्षितिजलाई हेर्दा* (२०५१) कविता-सङ्ग्रह

८२. ☛ **स्मिता थापा मगर**

*कविता-कृति*

१. *स्मिताका कविताहरू* (२०५८) कविता-सङ्ग्रह

८३. ☛ **हरिकला उप्रेती**

*कविता-कृति*

१. *उपद्रो* (२०५८) कविता-सङ्ग्रह

८४. ☛ **हरिकला चूडाल (१९९८) - ताप्लेजुङ**

*कविता-कृतिहरू*

१. *भजनमाला* (२०४२)
२. *भक्तिपत्र* (२०४२)

} भजन-सङ्ग्रह

३. *हिमा* (२०४३) शोककाव्य
४. *देवी-दिव्यदर्शन* (२०५४)

} काव्य

५. *त्रैलोक्येश्वरी-दिव्यदर्शन* (२०५६) } काव्य
६. *शिव-वेदगीता*
७. *श्रीदिव्यधाम* (२०५७)
- आध्यात्मिक लेखनमा विशेष योगदान ।

८५. ☛ **हरिदेवी कोइराला**

*कविता-कृति*

१. *न घाम झऱ्यो न जून झऱ्यो* (२०५९) कविता-सङ्ग्रह

# सन्दर्भग्रन्थ-सूची


## पुस्तक

१. **कलम दीक्षित**, *बुइँगल*, २०१८
२. **केशवप्रसाद उपाध्याय**, *साहित्य-प्रकाश*, २०३०
३. **घटराज भट्टराई**, *प्रतिभै प्रतिभा र नेपाली-साहित्य*, २०४०
४. **घटराज भट्टराई**, *नेपालीलेखक-कोश*, २०५६
५. **जयदेव भट्टराई**, *नेपाली-साहित्यकार र अभिव्यक्ति*, २०५४
६. **बाबुराम आचार्य**, *पुराना कवि र कविता*, २००३
७. **रामप्रसाद दाहाल**, *सिङ्गो नेपालीभाषा-साहित्यको इतिहास र साहित्यकारहरूको परिचय*, २०५४

## पत्रिका

१. **कविता** (पूर्णाङ्क ५०), *कवयित्री अङ्क*, ने.रा.प्र.
२. **सोझा नारीका बाङ्गा कविता** बोट ३, झाम्टो-७, २०५७ एवं परिशिष्टमा परेका नारी स्रष्टाका अधिकांश कविता-कृतिहरू ।

# आधुनिक नेपाली कथाको विकासमा महिला कथाकारको योगदान

## १. विषय-प्रवेश र कार्यपत्र-लेखनको औचित्य

साहित्य-लेखनले लेखकको लिङ्गभेद गर्दैन । लेखनको क्रममा लेखक चाहे पुरुष होस् वा महिला, सर्जक भएर उभिन्छ । लेखन प्रातिभ ज्ञान हुँदा उ आफ्नो लैङ्गिक अवस्थाभन्दा माथि हुन्छ । अर्को शब्दमा भन्नुपर्दा ऊ पुरुष लेखक र महिला लेखकको पृथक् अवस्थामा नरही त्यसभन्दा माथि उठेर केवल लेखक बन्न पुग्दछ, अर्थात् लिङ्गविहीन भएर प्रतिभावान् मानवको अवस्थामा पुग्दछ र आफैलाई बिर्सेर कथाका कथानकहरूसँग साक्षात्कार गर्दै लेखनको कार्यपीठिकामा प्रवेश गरी अगाडि बढ्छ । यस प्रक्रियाबाट जहिलेसुकै जहाँसुकै र जोकोही लेखकले सिर्जना गरेको रचनालाई पनि पुरुष लेखकको रचना अथवा महिला लेखकको रचना भन्ने अवस्थामा रहन नदिई विशुद्ध रचनाकै अवस्थामा रहन दिएर मूल्याङ्कन गर्नु प्राकृतिक न्याय हो । यस्तै प्रक्रियामा यदि सिर्जित रचनाका माध्यमबाट लेखकीय मूल्याङ्कन हुँदो हो त महिला सर्जकतिर केन्द्रित भएर यो कार्यपत्र लेखिरहनुपर्ने आवश्यकता नै थिएन । रचनाधर्मिता र रचनाकारको कोणबाट लेखनको समालोचना वा मूल्याङ्कन गर्ने परिपाटी यस समाजमा बसेको हुँदा हो त पुरुष लेखकबाट अलग्गिएर महिला लेखकहरू आफ्नो अस्मिताको खोजीमा लागी पर्नुपर्ने थिएन, अर्थात् महिलाका नाममा साहित्यिक सङ्घ-संस्था खोलेर आफ्नो अस्तित्वको स्थापनाको निम्ति यो अभियान चलाउनुपर्ने आवश्यकता थिएन, तर समाजमा यस्तै भइरहेछ । समाजको यो अवस्था हेर्दा लाग्छ– हामी साहित्यानुरागीहरू फेरि कतै अलमलिइरहेका छौँ वा यसमा अनावश्यक समय पो खर्च गरिरहेका छौँ कि ! बहस गर्नु नै नपर्ने निर्विवाद विषयमा बाध्यतावश छलफल गर्दैछौँ महिला स्रष्टालाई लिएर, किनभने अब महिला कथाकारबारे चर्चा-परिचर्चा गर्नुपर्ने भयो, प्रमाणित गर्नुपर्ने भयो, नेपाली कथासाहित्यको इतिहासको दस्तावेजमा स्थापित हुनको लागि । यसैले महिला स्रष्टाका नाममा बेग्लै गोष्ठी, सेमिनारको आयोजना गर्नुपर्‍यो । आजको यस समस्याको कारकीय सम्बन्ध नेपाली साहित्यको क्षितिजमा देखिएको यही विभेदपूर्ण स्थितिसँग रहन गएको छ । यसरी हेर्दा नेपाली कथायात्राका चरणहरूमा महिला लेखकको योगदान कस्तो रहन गएको छ भन्ने कुरालाई प्रमाणित गर्नु यस कार्यपत्र-लेखनको औचित्य रहन गएको छ ।

नेपाली कथाविधाको इतिहासको सरसरी अध्ययन गर्दा लाग्छ- साहित्यको इतिहास लेख्ने र कथाको विवेचना गर्ने समालोचकहरू महिला कथाकारको

नामलाई किन आफ्नो अध्ययन र संस्मरणबाट हटाउन खोज्छन् र आफ्नो लेखनमा महिला कथाकारको नाम लिपिबद्ध गर्न उनीहरू अल्छी मान्छन् । नेपाली-वाङ्मयमा छापिएका 'बेनामी' रचनालाई तात्कालिक परिस्थितिमा विभिन्न आरोप लाग्ने डरले आफ्नो वास्तविक नाम नलेखी छपाएको हुन सक्ने भनी चर्चामा ल्याइएको प्राक्कल्पना त्यत्तिकै अर्थपूर्ण रहेको अवस्था एकातिर छ भने रानी ललितत्रिपुरसुन्दरी (रणबहादुरकी कान्छी रानी) भनी नाम दिएर वि.सं. १८८८ मा राजधर्मको नेपालीभाषामा अनुवाद छपाए पनि त्यसलाई फेरि अर्को प्राक्कल्पनाको चर्चा गरी "शायद कुनै समकालीन लेखकले धनप्राप्तिको आशाले रानीकहाँ चढाएको पुस्तक हो यो" भनिएको छ । ललितत्रिपुरसुन्दरी महिला हुँदैमा कसैको लेखकीय धर्ममाथि प्रश्नचिह्न लगाउनु अन्यायपूर्ण देखिएको छ । यसरी नामै दिएर लेखिएको रचनाप्रति पनि यस्तो शङ्कास्पद सोचाइ रहनुले महिला लेखकलाई हेर्ने दृष्टिकोणपट्टि अर्थपूर्ण विचार राख्न सकिन्छ । यस्तैयस्तै मारमा पर्दै जाँदा कति महिला सर्जक त्यत्तिकै बिलाए, कति सिर्जना त्यत्तिकै हराए र लेखिरहेका कतिपय सर्जक र उनका सिर्जना आफ्नो अस्तित्व-स्थापनाको लडाइँ लड्दा लड्दा थकित भए । महिला-सिर्जनाको यस अवस्थाले नै आजको यस कार्यपत्र-प्रस्तुतिको आवश्यकतालाई जन्माएको हो । यस आवश्यकतालाई अलिकति मात्र पनि पूरा गर्न सकिएछ भने कार्यपत्र-प्रस्तुतिको औचित्य पनि सकारात्मक रहेको ठहर हुनेछ ।

## २. नेपाली कथा : पूर्वपीठिका

विश्वसाहित्यमा कथाले विधागत स्वरूप पाउन थालेको धेरै भएको छैन । नेपाली-साहित्यमा पनि कथाको विकासक्रम त्यति लामो देखिँदैन । वि.सं. १९९२ मा गुरुप्रसाद मैनालीको *नासो* कथाको प्रकाशनबाट मात्र नेपालीकथाले सैद्धान्तिक परिधिभित्र विधागत स्वरूपमा अस्तित्व पाउन सकेको हो । नेपालीकथाले एकैपटक *नासो* पाएको होइन । यसको आफ्नो लामो परम्परा र इतिहास छ । यस इतिहासले कथालाई विधागत स्वरूप प्रदान गर्न पृष्ठभूमिको काम गरेको छ । कथाको वर्तमानलाई केलाउन कथाको अतीत खोतल्नु र त्यसको परिवेशको निर्क्योल गर्नुपर्ने भएकोले त्यसै विषयमा चर्चा गरिन्छ ।

नेपाली कथाको विगत केलाउँदै जाँदा यसले आफुलाई श्रुतिपरम्परामा रहेको लोककथामा प्रवेश गराउँछ । भन्ने र सुन्ने परम्परामा विकसित भएको दन्त्यकथा वा लोककथामा नेपाली कथाको वीज रहन गएको देखिन्छ । यस परम्परामा भएको सहभागितालाई लिएर विचार गर्दा महिलाहरूकै सक्रिय सहभागिता स्पष्ट देखिन आउँछ । नेपाली समाजको पारिवारिक बनावटअनुसार हजुरआमा, आमाहरू, फुपूहरूसँग नै बालबालिकाहरूको अधिकांश समय बित्ने गर्दछ । समय काट्न पिँढीमा बस्दा होस् वा सुत्ने बेलाको बिछ्यौनामा होस् सुनकेस्रा

मैयाँ, राजा र राक्षसका विभिन्न कथाहरू सुनेको कुरा अहिले पनि पूर्वदीप्ति-शैलीमा आएर जसमा पनि (जसले सुनेको छ) अर्थिन खोज्छ । यसमा हजुरबुबा, बुबा, दाजुको संलग्नता अत्यन्त न्यून वा नभए बराबर देखिएको छ । यसरी हेर्दा समाजको महिलावर्गको प्रतिनिधित्व गर्ने हजुरआमा र आमाहरूले धेरै मात्रामा यस लोक-परम्परालाई जीवित राख्दै अगाडि बढाउन योगदान पुऱ्याएको कुरा प्रमाणित हुन आउँछ । श्रुति-परम्परामा निकै मौलाएको कथा विधा अनौपचारिक स्थिति वा लोक-परम्परामा रहँदा महिला-सहभागिता बढ्ने तर औपचारिक स्थितिमा लेखन-परम्परामा आउँदा यसको सहभागितामा अत्यन्त न्यून वा शून्यसरह देखिनुको पछाडि विविध कारणहरू देखिएका छन् ।

यसै श्रुति-परम्परामा हुर्केको कथा विधा वाङ्मयिक यात्रा गर्दै आज यहाँसम्म आइपुगेका छ । यसको आफ्नै पुर्खा र इतिहास छ । साहित्यका अन्य विधाको तुलनामा कवितापछि कथा नै सर्वाधिक जीवन्त, प्रभावकारी र विकसित विधाका रूपमा अस्तित्वमा रहन गएको छ । नेपालीकथाको औपचारिक विकासक्रमलाई हेर्दा यसलाई विभिन्न विद्वान्हरूले विभिन्न किसिमले काल-विभाजन गरी देखाएका छन् ।

नेपाली-साहित्यको इतिहास-लेखनमा विशेष दखल भएका समालोचकहरू डा. दयाराम श्रेष्ठ र प्रा. मोहनराज शर्माले **नेपाली-साहित्यको संक्षिप्त इतिहास** भन्ने पुस्तकमा साहित्यका सबै विधाको विकासक्रमलाई काल-विभाजन गरी देखाएका छन् । यसै सन्दर्भमा डा. दयाराम श्रेष्ठले नेपाली कथाको विकासलाई चरणगत रूपमा विभाजित गरी त्यसको कालक्रमिक यात्रालाई स्पष्ट गरेका छन् । यस विभाजनअनुसार नेपाली कथाको प्रारम्भिक काल, माध्यमिक काल र आधुनिक काल, अनि आधुनिक कालको धारामा यथार्थवादी युग र नवयुग रहन गएका छन् ।

प्रा. मोहनराज शर्मा २०५० सालमा कथाको विकासक्रमबारे नयाँ दृष्टिकोण लिएर देखा परेका छन् । यस दृष्टिकोणअनुसार कथाको विकासक्रम देखाउने सन्दर्भमा कथाको विधागत विकासलाई आधार मानिएको छ । उनको *नेपाली कथाको विकास* (**मधुपर्क** कथा अङ्क, २०५०) भन्ने लेखमा यो विभाजन देखाइएको छ । यसै लेखको दृष्टिकोणलाई आधार मानी यहाँ नेपाली कथाको काल-विभाजन गरिएको छ । त्यसमा प्रामाणिक रूपमा महिला कथाकारको योगदान स्पष्ट देखिन गएको छ । यही ऐतिहासिक विवेचनाको सन्दर्भमा यो लेखाइ अगाडि बढेको छ । तर वि.सं. १९९२ अघि कथालेखन थालिए पनि पुरुष लेखक र महिला लेखक कसैले पनि कथाको सैद्धान्तिक परिधिभित्र रहेर त्यही संरचनात्मक स्वरूपमा मौलिक कथा दिन सकेको देखिँदैन ।

## ३. विधागत लेखनको दृष्टिले नेपाली कथाको कालक्रमिक यात्रा

यस दृष्टिले नेपाली कथालाई दुई चरणमा विभाजित गर्न सकिन्छ -

नेपाली कथा

शून्य कथा लेखनको चरण १८००-१९९१ सम्म

विधागत कथा लेखनको चरण १९९२- हालसम्म

### १. शून्य कथा लेखनको काल वि.सं. १८००-१९९१ सम्म

वि.सं. १९९२ पूर्वका रचनाहरू हेर्दा (जुन अन्य प्रकारको विभाजनअनुसार प्राथमिक काल र माध्यमिक कालमा पर्दछ) कथा नामले त्यतिवेलाका ती रचनाहरू छापिए पनि तिनमा कथाको विधागत प्रतिबद्धता रहेको देखिँदैन । यसैले ती रचनाहरू सैद्धान्तिक रूपले 'कथा' नभएर 'कथा जस्ता' रचना मात्र रहेका छन् । तिनलाई आधुनिक कथा 'शर्ट स्टोरी' नभनेर खिस्सा 'टेल' (Tale) मात्र भन्न सकिन्छ । वास्तविक र विधागत लेखनको अभावमा वाङ्मयिक भूमिकाको मात्र निर्वाह गर्दै सिर्जित भइरहेका ती रचनाहरूले कथाको अस्तित्वमा महत्त्व राख्न नसक्ने देखिएको छ । तैपनि विधागत कथालेखनको पृष्ठभूमिगत महत्त्व यस कालका रचनाले राखेको कुरा बिर्सन मिल्दैन । त्यसैले हालसम्म प्राप्त ती प्राचीन कथात्मक रचनाहरूको संरचनागत शैलीको आधारमा गरिएको सूचिलाई यसरी देखाइएको छ ।


| | | | | |
|---|---|---|---|---|
| १. | सत्सङ्गको वर्णन भयाको कथांहा | वि.सं. १८०० तिर | | |
| २. | राजप्रपन्चैको ब्योहोराको एउटा षिसा | वि.सं. १८०० तिर | | |
| ३. | महाभारत-विराटपर्व | वि.सं. १८२७ | - ज्यादै ठूलो | |
| ४. | हास्यकदम्ब | शक्तिवल्लभ | - १८५५ | - उपन्यासात्मक |
| ५. | लक्ष्मी-धर्म-संवाद | रामचन्द्र पाध्या | - १८५८ | - लेख-निबन्धात्मक |
| ६. | मुद्राराक्षस | भवानीदत्त पाण्डे | - १८७२ पूर्व | - नाटचात्मक |
| ७. | श्री पिनासको कथा | वेनामी | - १८७२ | - वर्णनात्मक |
| ८. | मुन्शीका तीन आह्वानहरू | पादरी मुन्शी | - १८७६ - ज्यादै संक्षिप्त आकार | |

यिनको शैलीगत संरचना र लेखनको उद्देश्य हेर्दा विधागत लेखनको वीज देख्न सकिन्छ । यस्तै तलका केही रचना-लेखनको उद्देश्य हेर्दा ती कथालेखन नभएर अरु नै देखिन्छन्-

| रचना | लेखनको उद्देश्य |
|---|---|
| हितोपदेश मित्रलाभ | - धन कमाउनु |
| श्रीपिनासको कथा | - रोग हरण गर्नु |
| मुद्राराक्षस | - राजनीतिक ज्ञान दिनु |

| | |
|---|---|
| **स्वस्थानी-व्रतकथा** | - धर्ममा प्रवृत्त गराउनु |
| **तीन आहानहरू** | - दृष्टान्त दिनु |
| **हास्यकदम्ब** | - मालिकको मनोविनोद गर्नु |
| **अध्यात्मरामायण** | - कसैको आज्ञाले लेख्नु आदि |

यी रचनाहरू हेर्दा कथ्य र शैलीको दृष्टिले कथात्मक स्वरूपका विधागत अस्तित्वको एउटा पनि रचना 'कथा' जस्तो देखिएको छैन । वास्तविक कथा नलेखिएको यस कालमा कथात्मक लेखनको नाममा खिस्साहरू लेखिएको तथ्य माथिको सूचीबाट स्पष्ट हुन्छ । यतिवेलाका रचनाहरू हस्तलिखित अवस्थामा रहेको र देशभित्र वा बाहिरका पत्रपत्रिकामा मुद्रित भएको देखिन्छ । पत्रिकाहरूमा छापिएका अधिकांश रचना अनूदित छन् । यतिखेर मौलिक रचना प्रकाशित हुन सकेको देखिँदैन । यसै परिप्रेक्ष्यमा केही मौलिक र साहित्यिकताको साङ्केतिक प्रकाश देखिएका रचनाहरू छापिएका छन् । तीं हुन् सूर्यविक्रम ज्ञवालीको **देवीको बली** (१९८३) र रूपनारायण सिंहको **अन्नपूर्णा** (१९८४) यी दुई कथा बाहेक अन्य कथामा कथाका आफ्ना विधागत लक्षण रहन सकेनन् । यसैले १९१ वर्षको समय लिएको यस कालका रचनामा मौलिक संरचनात्मक स्वरूपको अभाव रहनुले कथाको विधागत विकासमा शून्य लेखनको स्थिति रहन गएको देखिन्छ ।



## विधागत कथालेखनको काल : धारा र अन्तर्धारामा

वि.सं. १९९२ पछि लेखिएका कथाले नेपालीकथालाई विधागत अस्तित्व प्रदान गर्न सफल देखिन्छन् । यतिखेर नेपाली कथा पश्चिमी प्रभावमा लेखिन गएको छ । फलस्वरूप कथा आधुनिक कथाको संरचनात्मक स्वरूप लिँदै 'शर्ट स्टोरी'को स्तरमा स्थापित हुन पुगेको छ । यसरी पाश्चात्य यथार्थवादको प्रवेश यस कालको प्रमुख उपलब्धि रहन गएको देखिन्छ ।

**शारदा** पत्रिकाले विधागत कथा लेखनको प्रवर्तन गराउने ऐतिहासिक जस पाएको छ । यसै पत्रिकामा गुरुप्रसाद मैनालीको आदर्शोन्मुख यथार्थवादी धारा शुरु गर्ने *नासो* कथा १९९२ मा छापिएको थियो । *नासो*भन्दा दुई महिना कान्छो भएर बालकृष्ण समको *पराइघर* आदर्शोन्मुख यथार्थवादी धाराकै प्रवृत्तिको कथा भएर प्रकाशित भयो । तर यसमा प्रयुक्त बौद्धिक र परिमार्जित शैलीले *नासो*भन्दा छ महीना कान्छो भएर नेपाली कथा-लेखनलाई पश्चिमी मनोवैज्ञानिक यथार्थवादी धारामा प्रवेश गराउँदै विश्वेश्वरप्रसाद कोइरालाले *चन्द्रवदन* लेखेर, **शारदा**मै प्रकाशित गराए । विशेष गरी *नासो* र *चन्द्रवदन*ले सामाजिक यथार्थ र व्यक्ति मनको विश्लेषणलाई केन्द्रीय प्रस्तुति मानेका छन् । कथा लेखनको प्रवृत्तिलाई हेर्दा आजसम्म पनि यस प्रवृत्तिकै पुनरावृत्ति केही शैलीगत र प्रस्तुतिगत भिन्नतासाथ भइरहेकै छ ।

यतिवेलाको कथाको धारालाई निरन्तरता दिने क्रममा पुष्करशमशेर, शिवकुमार राई, शङ्कर कोइराला, देवकुमारी थापा आदि देखा परेका छन् । देवकुमारी थापाको लेखनले नेपाली कथामा बाल-मनोवैज्ञानिक कथा लेखनलाई उर्वर बनाएको छ । नेपाली कथामा मैनालीले शुरू गरेको कथा धारालाई निरन्तरता दिन यी महिला कथाकारको यथष्ट योगदान रहन गएको छ ।

यस धारामा २०२१ सम्ममा देखा परेको कथाकारहरूको सूचि कालक्रमानुसार दिइन्छ -

| **कथाकार** | **कथा** | **प्रकाशित समय** |
|---|---|---|
| हृदयचन्द्रसिंह प्रधान | *विदुषी माधवी* | १९९३ |
| पुष्करशमशेर | *स्वार्थत्याग* | १९९५ |
| भवानी भिक्षु | *मानव* | १९९५ |
| तारिणीप्रसाद कोइराला | *आमाको हृदय* | १९९६ |
| गोविन्द गोठाले | *त्यसको भाले* | १९९७ |
| विजय मल्ल | *दश रुपैयाँ* | २००० |
| शिवकुमार राई | *प्रकृति पुत्री* | २००१ |

चन्द्रकला नेवार — एकद्वीप दुइ पुतली — २०१८

| | | |
|---|---|---|
| देवकुमारी थापा | *पतन* | २००३ |
| दौलतविक्रम विष्ट | *उ गयो* | २००५ |
| रमेश विकल | *गरीब* | २००६ |
| पोषण पाण्डे | *भविष्यको तारा* | २०१३ |
| पुष्कर लोहनी | *चिसो चुह्लो तातो खरानी* | २०१५ |
| मदनमणि दीक्षित | *आखिरी मुस्कान* | २०१७ |
| प्रेमा शाह | *प्रतिक्रिया* | २०१८ |
| परशु प्रधान | *मेरो कोठाको आँखाबाट* | २०१९ |
| पारिजात | *मैले नजन्माएको छोरो* | २०२१ |

यो सूचि हेर्दा कथा लेखनलाई निरन्तरता दिने क्रममा वि.सं. १९९३ देखि २०२१ सम्म आउँदा सङ्ख्यात्मक हिसाबले महिला-लेखकको सहभागिता कम देखिए पनि कथा विधाको यात्राको निरन्तरतामा यी महिला लेखकहरूको भूमिकालाई बिर्सन सकिँदैन । यस समयमा प्रेमा शाह र पारिजातले आफ्नो कथा लेखनको माध्यमबाट विश्वेश्वरप्रसाद कोइरालाले भित्राएको फ्रायडीय यौन मनोविज्ञानलाई आफ्नै शैली र संरचनात्मक नवीन प्रस्तुतिसाथ जीवनलाई स्तरीय अभिव्यक्ति दिइरहेको पाइन्छ । यसपछिको कथा यात्रामा महिला कथाकारको सहभागितामा वृद्धि देखिएको हुनाले नेपाली कथामा महिला कथाकारहरूको यात्राको पनि चरणगत विभाजन गर्न सकिने देखिन्छ । यसैले अब यो लेख महिला लेखकको कथायात्रामा केन्द्रित हुनेछ ।

### ४. आधुनिक नेपाली कथामा महिला कथाकार

विधागत कथा लेखनको दृष्टिले नेपाली कथाले विधागत अस्तित्व प्राप्त गरेपछि र देवकुमारी थापाले महिला-लेखनलाई औपचारिक प्रस्थान दिएपछि महिला कथाकारको स्पष्ट रेखाचित्र कोर्न सकिने अवस्था देखिएको छ । यसलाई दृष्टिगत गर्दा महिला-लेखन पनि नेपाली-साहित्यमा टुप्पैमा पलाएको कदम निश्चय पनि भएको छैन । यसैले देवकुमारी थापाभन्दा पूर्वका महिला हस्ताक्षरलाई लेखनको पूर्वपीठिकाको रूपमा चर्चा गर्नु यहाँ सान्दर्भिक देखिन्छ ।

अहिलेसम्म प्राप्त तथ्यलाई हेर्दा तुषारमल्लिका प्रथम महिला कथाकारको रूपमा देखा पर्छिन् । उनले **शारदा** १/५, १९९२ मा *स्त्रीरत्न* कथा छपाएकी थिइन् । आधुनिक मौलिक कथाको रूपमा *स्त्रीरत्न*लाई लिन सकिन्छ । यसले उत्कृष्ट भई शारदा-पुरस्कार प्राप्त गरेको थियो । यस नाममा लेखनको निरन्तरता नरहेकोले तुषारमल्लिका पहिलो महिला कथाकार हुन् भन्ने कुरामा विवाद भएको छ । पुरुष लेखकको छद्म नाम हो कि भन्ने शङ्का पनि गरिएको देखिन्छ । तर

लेखनको निरन्तरता भएन भन्दैमा यो छद्म नाम हो भनी हचुवाको भरमा टिप्पणी गरिहाल्नु न्यायसङ्गत देखिँदैन । यो छद्म नाम हो वा वास्तविक नाम हो भन्ने विषय अनुसन्धानको विषय बन्न पुगेको छ ।


नेपालभाषा-साहित्यमा विशिष्ट धरोहर बन्न पुगेकी मोतीलक्ष्मी उपासिका एम.लक्ष्मीको नाममा **शारदा** १/९ कार्तिक १९९२ मा *रोदन* कथा लिएर देखा परिन् । तुषारमल्लिका निर्विवाद महिला कथाकार नहुन्जेलसम्म एम.लक्ष्मीलाई प्रथम महिला कथाकार मान्नुपर्ने देखिन्छ । आधुनिक नेपालीकथा-क्षेत्रमै पत्राचार-शैलीको पहिलो कथाको रूपमा *रोदन*लाई लिइन्छ । सामाजिक चेतनाको र नारी-जागरणको विषयलाई लिएर लेखिएको यस कथाको प्रस्तुतिशैली पुरानै भए पनि यसमा समसामयिक नवीन चिन्तनको अभिव्यक्ति भएको छ । उनको अर्को कथा **शारदा** २/१ फागुन, १९९२ मा *पुनर्विवाह* छापिएको छ । यी दुई मात्र कथा लेखे पनि उनको लेखनले महिला स्रष्टाको इतिहासलाई बलियो आधार तयार गरेको छ ।

कथाको ऐतिहासिक यात्रामा नेपाली कथालाई आधुनिक काल वा विधागत लेखनमा प्रवेश गराई प्रकाशित गरेर प्रामाणिक गर्ने जस **शारदा** पत्रिकाले लिएकै छ भने महिला कथाकारको पहिलो कथा पनि यस पत्रिकाले नै छपाएर सार्वजनिक गराएकोमा महिला-लेखनलाई उत्साह प्रदान गर्न **शारदा**ले निर्वाह गरेको भूमिकाले पनि ऐतिहासिक महत्त्व राख्दछ; किनभने यो कथा उक्त पत्रिकाका सम्पादकद्वारा समस्यापूर्तिको किसिमले प्रतियोगिताको निम्ति आह्वान गरिँदा लेखिएको थियो, जुन उत्कृष्ट ठहरेर पुरस्कृत समेत भएको थियो ।

**शारदा**ले महिला-कथा लेखनलाई उत्साहित गरेपछि एक-दुईवटा भए पनि कथा लेखिएको र पछि आउने महिला लेखकहरूलाई स्वस्थ पृष्ठभूमि बनाउने कार्यमा अन्य केही कथाकार पनि लागेका देखिएको छ । ती हुन् - सुशीला कोइराला (*दुलही*), कुमारी इन्दिरा कोइराला (*सपना, विधवा*), श्रीमती पी.पी. शर्मा (*सौतेनी आमा*), सिस्टर इन्दिरा सिह्ना (*बिलौना*), बुना बराल (*अस्फुट वेदना*) आदि । यसैताका विद्यादेवी दीक्षितले पनि कथा लेख्ने गरेको देखिन्छ । उनका २ वटा कथासङ्ग्रहपछि २०२० र २०२३ मा छापिएका छन् ।

यस पृष्ठभूमिलाई हेर्दा महिला कथाकारको विधागत प्रविष्टिपूर्वको स्थितिलाई कथा लेखनको निम्ति अनुकूल परिवेश मान्नुपर्ने देखिन्छ । यसैको जगमा देवकुमारी थापा आफ्नो कथा लेखनलाई सार्वजनिक गर्दै निरन्तर अगाडि बढिरहिन् । आजसम्म पनि उनी लेखनमा सक्रिय देखिन्छिन् । आधुनिक नेपाली कथामा देवकुमारीको

प्रवेशलाई महिला कथाकारको पूर्वार्धको समय र त्यसपछिको समयलाई उत्तरार्ध




भनी यहाँ विवेचना गर्न खोजिएको छ । तलको तालिकाले यो स्पष्ट गर्दछ -

*५. महिला कथाकारको चरणगत यात्राको संक्षिप्त चर्चा*

देवकुमारी थापा, सन् १९२८, खर्साङ

आधुनिक नेपालीकथाको वि.सं. २००३ देखि २०१७ सालको अवधिमा वरिष्ठ समालोचक स्व. सूर्यविक्रम ज्ञवालीको सङ्केतबाट लेख्न प्रेरित भएर देवकुमारी थापा एक्ली महिला कथाकार रूपमा देखिएकी छिन् । प्रेमा शाह र पारिजातको आगमनपूर्व कथाको क्षेत्रमा एकछत्र कलम चलाइरहने सशक्त महिला हस्ताक्षर देवकुमारी रहेकी छिन् । वि. सं. २००३ मा *पतन* कथाको लेखनवाट आफ्नो लेखकीय यात्राको थालनी गर्ने कथाकार थापाका यी सातवटा कथा सङ्ग्रहहरू प्रकाशित छन् -

१. एकादशी, २०१२

२. झझल्को, २०१५

३. सेतो बिरालो, २०२१

४. टपरी, २०२७

५. भोकतृप्ति, २०४०


६. प्रलय-प्रतीक्षा, २०४५

७. देवकुमारी थापाका प्रतिनिधि कथाहरू, २०५२

नेपाली कथाको क्षेत्रमा देवकुमारी थापाको प्रवेशले नयाँ क्षितिज खोलिदिएको

छ । उनको आगमनबाट नेपालीकथामा बाल-मनोविज्ञानको क्षेत्र उर्वर रहन गएको छ । उनको *भविष्यनिर्माण* कथा अत्यधिक चर्चित कथा रहन पुगेको छ । यो पहिलेदेखि आजसम्म पनि श्री ५ को सरकार शिक्षा मन्त्रालयद्वारा निर्धारित नेपाली-विषयको पाठचक्रममा कतै न कतै पर्ने गरेको छ । उनको कथाकारितामा आफ्ना अग्रणी कथाकार मैनालीको सामाजिक यथार्थवादको बढी र विश्वेश्वरप्रसाद कोइरालाको मनोवैज्ञानिक यथार्थवादको केही प्रभाव देखिन्छ । उनका कथाहरूमा नारीमनका अव्यक्त पीडाको मार्मिक अभिव्यक्ति देखिन्छ । आफ्नो भावलाई सुकोमल सरल शैलीमा व्यक्त गर्दै उनले आफ्नो समाज-सुधारात्मक विचारलाई पनि कथामार्फत स्पष्ट गरेकी छिन् । उनले आफ्नो कथामा नारीको अस्तित्ववादी स्वरूपलाई त्यति सारो टड्कारो रूपमा प्रस्तुत नगरे पनि भोग्नुपरेको विषयलाई भने उत्तिकै संवेदित भएर छुने गरेकी छिन् । अर्को शब्दमा भन्नुपर्दा उनीपछिका कथाकारले जस्तै नारी-अस्तित्वबोधको प्रवृत्तिलाई उनले आफ्नो लेखनको केन्द्रीयतामा नराखे पनि कथाको विवेचना गर्दा यो तत्त्व गौण रूपमा कतै न कतै रहेको देखिन्छ । आजभन्दा झन्डै अढाइ दशकअगाडि लेखिएको उनको कथा *खाटा नबसेको घाउ*मा आफ्नी विधवा आमा गर्भवती भएको थाहा पाएपछि 'उ' पात्रको मनमा खाटा नबस्ने घाउ लाग्छ । त्यस्तो एक रेलयात्रीको कथा लेखिएको छ यसमा । कथाको केन्द्रीयतामा यात्रीको जीवनको पीडा लेखिए पनि सतही रूपमा नारी-अस्तित्वको बोध पनि प्रवाहित रहन गएको छ । जुन कुरा 'उ' पात्रले नारीप्रतिको आफ्ना धारणा व्यक्त गर्दा 'म' पात्र (नारी) तुरुन्त प्रतिकार गर्दै भन्छिन् - अचेल स्वास्नीमान्छे नोकरी गर्छन्, गाडी हाँक्छन्, व्यापार गर्छन्, किन निर्धा देखिनु !" यस्तै अन्य थुप्रै यस्तैयस्तै उनका कथाहरूमा मानवीय अस्तित्वबोधको भाव जतातातै छचल्किरहेको स्पष्ट हुन्छ ।

देवकुमारी थापाको कथाकारिताको मूल्याङ्कन गर्दा र उनलाई ऐतिहासिक सामाजिक पृष्ठभूमिको आलोकमा हेर्दा उनको लेखक व्यक्तित्वको उपस्थितिलाई नै महिला कथाकारको अस्तित्वलाई स्थापित गर्ने महत्त्वपूर्ण कदमको रूपमा लिनुपर्ने देखिन्छ । आधुनिक नेपाली कथाको क्षितिजमा कथाकारको रूपमा भएको उनको उपस्थिति आफैमा एउटा क्रान्तिकारी पाइला हो । यसले प्रेमा शाह र पारिजात जस्ता प्रतिभा जन्माउने स्वस्थ वातावरण निरन्तर तयार गरी नै रह्यो । त्यस समयमा प्रजातन्त्रबाट वञ्चित रहनुपरेको र लेखनको निम्ति प्रतिकूल वातावरणमा महिला कथास्रष्टाको झिल्का बनेर स्थापित भएकी देवकुमारी थापा महिला कथाकारको इतिहासमा महत्त्वपूर्ण प्राप्तिका रूपमा कोसे ढुङ्गो भएर गौरवपूर्ण रूपले उभिएको पाइन्छ ।




महिला-कथा लेखनको यस काललाई तीन चरणमा बाँडेर हेर्न खोजिएको छ । पहिलो चरणलाई आधुनिक नेपाली कथामा अद्वितीय योगदान दिने कथाकारद्वय प्रेमा शाह र पारिजातले हाँकेको देखिन्छ भने दोस्रो चरणमा केही नवोदित कथाकारहरू युग हाँक्न तत्पर देखिएका छन् । दोस्रो चरणमा कथा लेख्ने कथाकारहरू कथा लेखनमा आजसम्म पनि सक्रिय देखिएका छन् ।

अब यहाँ उत्तरार्ध कालका चरणहरू र त्यसवेला देखिएका प्रतिनिधि कथाकारहरूको छोटो टिप्पणी गरिन्छ ।

## पहिलो चरण २०१८-२०२९

यस चरणलाई प्रेमा शाह र पारिजातले आ-आफ्नो कलात्मक लेखन सार्वजनिक गर्दै स्थापित गरेका छन् ।

### *१. प्रेमा शाह, २००३, वीरगञ्ज*

वि. सं. २०१८ सालमा *प्रतिक्रिया* कथा लेखी आफ्नो कथाकार व्यक्तित्वलाई सार्वजनिक गर्ने कथाकार प्रेमा शाह यस समयका हस्ती मानिन्छिन् । पन्ध्र वर्षको उमेरमै कथा लेख्ने शाह थोरै तर गुणात्मक रचना दिएर नेपाली-साहित्यमा स्थापित भएकी छिन् ।

उनका दुईवटा कथा सङ्ग्रह प्रकाशित छन् -

१. पहेँलो गुलाफ, २०२३

२. विषयान्तर, २०२८

यीमध्ये पहेँलो गुलाफभित्रका कथाहरूले शाहलाई सशक्त कथाकार रूपमा स्थापित गराएका छन् । विषयवस्तुको पकडमा तीक्ष्णता र प्रस्तुतीकरणको नवीनताले गर्दा उनका कथाहरूले नेपाली कथाको धारामा स्पष्ट मोड लिएको देखिन्छ । उनी विश्वेश्वरप्रसाद कोइरालाकै धारालाई अँगाली व्यक्तिको यौन मनोदशा र नारीगत अस्मिताको विषयमा कलम चलाउन मन पराउने कथाकार हुन् । साथै उनका कथामा विसङ्गतिपूर्ण जीवन र कुण्ठा पनि प्रमुख विषय बनेर आएको छ,

तैपनि उनलाई मनोविज्ञानका सूक्ष्मग्रन्थिहरूसँग परिचित कथाकारका रूपमा बुझ्न सकिन्छ । *लोग्ने, पहँलो गुलाफ, एउटा जीवन्त क्षण, जो मरीमरी बाँच्छ* आदि उनका अत्यन्त उत्कृष्ट र चर्चित कथा हुन् । फ्रायडीय यौन मनोविज्ञानबाट अभिप्रेरित कथाकार शाह यौन कुण्ठाले ग्रस्त पात्रहरू आफ्ना कथाको निम्ति टिप्ने गर्छिन् । आफ्नो विचार र समाजमा लुकेको यस समस्यालाई आफ्नो कथात्मक शिल्पको माध्यमबाट निर्भीक भएर स्पष्ट रूपमा अभिव्यक्ति दिनु उनको कथागत वैशिष्ट्य भएको छ ।

नेपाली नारीको यौन जीवनमा रहेको मानसिक द्वन्द्व र विषमता प्रस्तुत गर्ने क्रममा कथाकार शाह अस्तित्ववादी विसङ्गतिवादी देखिएकी छिन् । परम्परामुक्त मौलिक कथाशिल्पबाट नेपाली कथा-क्षेत्रमा आफ्नो पहिचान बनाउन सफल शाह नेपाली कथा-फाँटकै अर्थात् २०१८-२०३० को दशकमा प्रवाहित कथाधाराकी प्रमुख हस्ताक्षर बनेकी छिन् । यसले उनलाई आधुनिक युगबोधकी सचेत प्रतिभायुक्त स्रष्टा रूपमा स्थापित गरेको छ । यौन जस्तो विषय भाषिक सीप र रूपविन्यासको शैलीगत समायोजनमा सन्तुलित रहन सकेन भने साहित्यको रूप लिन सक्तैन । त्यस्तो विषयमा पनि कथाकारले सामाजिक र सांस्कृतिक सचेतता साथ कथामा विम्ब र प्रतीकको प्रयोग गर्दै शिष्ट र मर्यादित तरीकाले भाव नबिगारीकन आफ्नो बौद्धिकताको तीक्ष्ण अन्तर्दृष्टिमा केन्द्रित रहँदै सामाजिक आडम्बरको द्वैध चरित्रलाई नङ्ग्याएकी छिन् ।

यसरी हेर्दा उनको कथा सिर्जनामा स्पष्ट दुई पाटा भेट्टिन्छन्; एउटा पाटो हो– यौनको मनोवैज्ञानिक गहिराइको मापन, अर्को पाटो हो– जीवनप्रति अस्तित्ववादी चिन्तनको विविध पक्षको उद्घाटन । समग्रमा भन्नुपर्दा उनले नारीका यौनजन्य अनुभूतिलाई मार्मिक रूपमा प्रस्तुत गर्दै त्यसको रहस्य पनि खोलिदिएकी छिन् । त्यहाँ नारी-अस्तित्वबोधको अनुभूति छचल्केको देखिन्छ । नेपाली कथाको यात्रालाई हेर्दा शाहका कथाहरू विश्वेश्वरप्रसाद कोइराला, भवानी भिक्षु, गोविन्द गोठाले, विजय मल्ल आदि मनोवैज्ञानिक कथाकारको हाराहारीमा समानान्तर शिखर लिन सफल देखिन्छन् ।

### २. *पारिजात, १९९३-२०५०*

नेपाली-साहित्यमा बहुआयामिक व्यक्तित्व लिएर देखा पर्ने अर्को सशक्त महिला हस्ताक्षर पारिजातको वास्तविक नाम विष्णुकुमारी वाइबा हो । पारिजात साहित्यिक नामले नेपाली-साहित्यमा परिचय स्थापित गर्ने यी स्रष्टाले कथामा भन्दा उपन्यासमा उच्चता प्राप्त गरेकी छिन् , उनको हरेकजसो कथाले जीवनमूल्यको खोज गरेको छ । आफ्नो सिर्जनाकालको सामाजिक, राजनीतिक परिवेशबाट मर्माहत हुँदै उनले त्यसप्रतिको असन्तुष्टि, रोष र भक्कानाहरू

आफ्ना रचनाहरूको माध्यमबाट व्यक्त गरेकी छिन् । *आदिम देश, मैले नजन्माएको छोरो, साल्गीको बलात्कृत आँसु, नैकापे सर्किनी* आदि उनका उत्कृष्ट चर्चित कथा हुन् । कथायात्राको दौरानमा उनका चारओटा कथासङ्ग्रहहरू प्रकाशित भएका छन्–

१. आदिम देश, २०५२
२. सडक र प्रतिभा, २०३२
३. वधशाला आउँदा जाँदा, २०४३
४. साल्गीको बलात्कृत आँसु, २०४३

यी सङ्ग्रहका कथाहरूबाट कथाकार पारिजातका दुई बेग्लाबेग्लै व्यक्तित्व देखिएका छन् । **आदिम देश**भित्रका कथाहरूमा उनको अस्तित्ववादी विसङ्गति-बोधयुक्त स्रष्टा व्यक्तित्वको चिन्तनशीलता प्रवाहित भएको छ भने **साल्गीको बलात्कृत आँसु**भित्रका कथाहरूमा प्रगतिवादी वैचारिक धारातर्फ उन्मुख चिन्तनशीलताले उनको स्रष्टा व्यक्तित्वलाई प्रभावित गरेको छ । पारिजातलाई सग्लो रूपमा बुझ्न उनलाई यी दुवै विभाजित आयाममा अध्ययन गर्नुपर्ने हुन्छ ।

पारिजातले आफ्नो लेखनको पछिल्लो यात्रामा आएर आफ्ना पूर्ववर्ती सिर्जनालाई मान्यता दिइनन् । उनको जस्तोसुकै विचार भए तापनि उनलाई नेपाली-साहित्याकाशमा उच्चताको शिखरमा पुर्‍याउने तिनै पूर्ववर्ती सिर्जना हुन् । यतिखेरको सिर्जनाले उनलाई नेपाली-साहित्यको सर्वोत्कृष्ट स्रष्टाको स्थान दिलाएको छ । नेपालीको आख्यान-साहित्यमा पारिजातको रूपमा अमर गराउने सृजना **शिरीषको फूल** उपन्यास र **आदिम देश**भित्रका कथाहरू नै हुन् ! २०२३ सालमा मदन-पुरस्कार प्राप्त **शिरीषको फूल** जस्तो कलात्मक उच्चस्तरीय लेखनलाई आफैंले पछि राजनीतिक विचारधारा वास्तविक साहित्य होइन भनी अभिव्यक्ति दिनु सिर्जनामाथि भएको अन्याय देखिन्छ । उनी जेजस्तो द्वन्द्वमा रहे पनि पूर्ववर्ती सिर्जनामा वा **आदिम देश**भित्रका कथाहरूमा उनको प्रस्तुति कलात्मक रहन गएको छ; साथै कथानकको रूपविन्यास सौन्दर्यमय रहेको छ । तर उत्तरवर्ती सिर्जनामा उनको ध्यान कथाको प्रस्तुतिमा भन्दा कथ्यमा बढी केन्द्रित रहन गएको देखिन्छ । यसले गर्दा पूर्ववर्ती रचनाको दाँजोमा उत्तरवर्ती रचनाको कलात्मक मूल्यमा ह्रास आएको देखिन्छ । उनको दोस्रो व्यक्तित्वले उनलाई सीमित वर्गका पाठकको कथाकार बनाएको छ भने पहिलो व्यक्तित्वले निर्विवाद सबै वर्गका पाठकका स्रष्टाका रूपमा अमर बनाइदिएको छ ।

### 3. *विद्यादेवी दीक्षित*

२०२० भन्दा अगाडिदेखि नै कथा लेखे पनि २०२० सालमा आएर आफ्ना कथाहरूलाई सङ्ग्रहका रूपमा प्रकाशित गरी उत्तरवर्ती महिला लेखकलाई वातावरण

तयार गर्ने काममा विद्यादेवी दीक्षितको लेखन-संलग्नतालाई उत्साहप्रद उपलब्धिको रूपमा लिन सकिन्छ ।

**४. चन्द्रकला नेवार, १९९९ डिगबोई, आसाम**

कथाकार चन्द्रकला नेवार आज पनि नेपाली-पत्रपत्रिकामा आफ्ना अनुभूतिलाई कथामा पोख्दै आइरहेकी छिन् । उनको अर्को कथासङ्ग्रह आउन बाँकी नै छ, तर भारतको भूमिमा रहेर नारीका विविध संवेदनालाई नजिकबाट नियाल्दै २०२२ सालपूर्व नै कथाहरू लेखी आफ्नो कथाकार व्यक्तित्वलाई स्थापित गरेकी छिन् । यी कथाहरूलाई श्री ५ को सरकार, प्रचार-प्रसारमन्त्रालयको प्रचार-विभागले २०२२ सालमा कथासङ्ग्रहको रूपमा **ममता** नाममा छापेको छ । यस सङ्ग्रहको प्रकाशनले महिला कथाकारलाई कथा लेखनमा उत्साह दिने काम गरेको छ । यसरी हेर्दा स्रष्टा व्यक्तित्वले नेपाली महिला कथाकारको कथा लेखनमा उत्प्रेरक भूमिका खेलेको स्पष्ट हुन्छ । उनको *बुभुक्षा* कथामा मातृत्व प्राप्त गर्न विफल नारीको मानसिक पीडालाई कारुणिक अभिव्यक्ति दिनुसँगै *ममता, एक दीप : दुई पुतली* लगायत अन्य कथाहरूमा नारी भोगाइका विविध पीडाको यथार्थ अभिव्यक्ति भएको पाइन्छ ।

## दोस्रो चरण २०३०-२०३९

महिला कथाकारको कथायात्राको उत्तरार्ध कालको दोस्रो चरणमा महिला कथाकारको भरपर्दो समूह तयार भएको देखिन्छ । यतिखेर अघिल्लो समयावधिमा कथा लेख्ने कथाकारको लेखनको निरन्तरता पनि कायमै देखिन्छ भने नयाँ कथाकाहरूमा माया ठकुरी, पद्मावती सिंह, भुवन ढुङ्गाना, भागीरथी श्रेष्ठ, मञ्जु काँचुली, अनिता तुलाधर, बेन्जु शर्मा, इन्दिरा प्रसाई, अङ्गूरबाबा जोशी, उषा दीक्षित आदि देखिएका छन् । यिनीहरूको लेखनबाट समसामयिक कथा लेखनमा उल्लेखनीय उपलब्धि हासिल भएको छ । यस चरणका प्रतिनिधि कथाकारहरूमा माया ठकुरी, पद्मावती सिंह, भुवन ढुङ्गाना, अनिता तुलाधर, भागीरथी श्रेष्ठ, मञ्जु काँचुली, इन्दिरा प्रसाई आदि रहेका छन् ।

**क. माया ठकुरी, २००५, लखनउ**

भारतको आसाम, मेघालयबाट लेखन यात्राको प्रारम्भ भए पनि नेपाली-पत्रपत्रिकाले उनलाई हुर्काएको हो । उनका पाँचवटा कथा सङ्ग्रहहरू प्रकाशित छन् -

1. **नजुरेको जोडी, २०३०**
2. **गमलाको फूल, २०३३**
3. **साँघु तरेपछि, २०३९**
4. **चौतारी साक्षी छ, २०४६**

५ **माया ठकुरीका कथाहरू**, २०४८

नेपाली कथा-फाँटमा सङ्ख्यात्मक र गुणात्मक हिसाबले पारिजातपछिको स्थान लिने कथाकार ठकुरीको लेखन महत्त्वपूर्ण उपलब्धि मानिन्छ । उनको लेखनमा निरन्तरता देखिएको छ । उनका कथाहरूले उनलाई सफल कथाकारको रूपमा स्थापित गराएको छ । शिल्पगत प्रस्तुतिमा कथाको योजनाबद्ध संयोजन र व्यापक सामाजिक पृष्ठभूमिमा स्थानीयताको सजीव रङ्ग दिन यिनले आसामी जनजीवनको चित्रण गरेकी छिन् । साथै मानवीय संवेदनालाई पनि उनको अनुभूतिले स्पर्श गरेको देखिन्छ । सामाजिक संरचनाको धरातलमा उभिएका उनका कथाहरूमा मानवीय जीवनको नैराश्य, नारीका सबल र दुर्बल पक्षहरू, अतृप्त यौन कुण्ठा, पुरुषप्रधान समाजमा व्याप्त नारीप्रतिको नराम्रो धारणा लगायत शहरिया जीवनको अभाव, निम्नवर्गीय जीवनको विवशता र बाल श्रमिकका करुणाजन्य विवशता पनि सहज ढङ्गले प्रस्तुत गरिएको छ । साथै नारी-मनोदशाको प्रस्तुतिले पनि उनका कथामा अहं भूमिका खेलेको पाइन्छ । उनको शिल्पगत प्रस्तुति अन्य समकालीन कथाकारको भन्दा भिन्दै देखिन्छ । *नजुरेको जोडी, काँचको घर, अनुताप, साँघु तरेपछि, गमलाको फूल* आदि उनका उल्लेखनीय कथा हुन् ।

**ख. पद्मावती सिंह, २००५, काठमाडौँ**

यस चरणकी अर्की हस्ती कथाकार पद्मावती सिंह हुन् । २०२२ देखि नै **आरती** पत्रिकामा **पत्थरको हृदय** कथाको प्रकाशन गरी आफ्नो कथाकार व्यक्तित्वलाई स्थापित गराउन सफल सिंहले आजसम्म पनि आफ्नो लेखनलाई सक्रिय बनाइराखेकी छिन् । उनले नेपाली कथा-साहित्यको भँडारमा निम्नलिखित कथासङ्ग्रहहरू समर्पित गरेकी छिन् -

१. **कथादि**, २०३८

२. **कथायाम**, २०३९

३. **कथाकार**, २०४४

४. **पद्मावतीका कथाहरू**, २०५७

यी कथाहरूको माध्यमबाट कथाकार सिंहले पनि हाम्रै वातावरणका घटना-दुर्घटनालाई नै आफ्नो सिर्जनाको उपजीव्य परिवेशका रूपमा महत्त्व दिएकी छिन् । यसैले उनका कथामा पारिवारिक सम्बन्धमा आउने वज्रपात, नारीमनको तनाव, अनमेल दाम्पत्य जीवनबाट हुने द्वन्द्वात्मक स्थिति, यौन अतृप्ति लगायत अशिक्षा, गरीबी जस्ता विषयहरू मूलमुद्दा बनेर उठेका छन् ।

समयको परिवर्तनसँगसँगै जीवन भोगाइप्रति आफ्नो सोचाइमा आएको परिवर्तन उनका कथामा प्रतिविम्बित भएका छन् । आफ्ना अघिल्ला कथाहरूमा देखिएका प्राय: पारिवारिक सम्बन्धभित्रको अन्योल र प्रताडनाबाट पीडित

परिवेशभन्दा नितान्त विपरीत क्षितिजमा उभिएर मान्छेले बाँच्न पाउनुपर्ने बेग्लै जीवनलाई उनले अभिव्यक्ति दिएकी छिन् । यसैले उनका पछिल्ला रचनामा कातर होइन आत्माभिमानी नारीको उपस्थिति देखिन्छ । पात्रको साहसी र जुझारु व्यक्तित्वको स्वाभाविक चित्रणले गर्दा नारीले आफुमाथि भएको अन्यायको प्रतिकार नगरिकन आत्मसम्मान प्राप्त हुन सक्दैन भन्ने सन्देश त्यहाँ दिइएको देखिन्छ । कथाकारको दृष्टिमा आत्मसमर्पण गरी समाजमा चलेको यथास्थितिवादलाई उत्साहित गर्ने सहनशील प्रवृत्तिलाई अबको शताब्दी खेप्न सक्दैन । यसैले अधिकार-सम्पन्नता साथ स्वाभिमानी जीवन बिताउन अग्रसर नारीचरित्रलाई समाजबाट टिप्दै कथाकारले आफ्नो रचनाको माध्यमबाट यस्तो कदमलाई समर्थन दिएकी छिन् । अहिलेको स्थितिबोधको अनुभूतिको प्रस्तुति कथामा भएकोले समसामयिक परिप्रेक्ष्यमा ती कथा जीवन्त र प्रभावशाली बनेका छन् । *आरुको फूल, कुमारी एउटी आमा एक्काइसौं शताब्दीकी*लगायत अन्य कथाहरू उनका उत्कृष्ट कथा हुन् ।

**ग. भुवन ढुङ्गाना, २००५, विराटनगर**

वि. सं. २०२७ सालमा भुवन कोइरालाको नाममा *सम्बोधन* कथाबाट कथालेखनको क्षेत्रमा औपचारिक यात्रा शुरू गर्ने ढुङ्गानाले **मधुपर्क, रूपरेखा, रचना, स्वतन्त्रता, अभिव्यक्ति** जस्ता पत्रपत्रिकाबाट आफ्नो कथाकारितालाई अगाडि बढाएकी छिन् । आजसम्मको अवस्थालाई हेर्दा उनले लेखनमा तीन दशक पारे गरे पनि उनको एउटै मात्र कथासङ्ग्रह प्रकाशित भएको छ **युद्धको घोषणा गर्नुअघि** (२०४९) । बाँकी कथाहरू विभिन्न पत्रपत्रिकामा छरिएकै अवस्थामा रहेका छन् । उनको कथाकारिताको अध्ययन गर्दा चित्रकलामा भएको उनको रुचिको प्रभाव कथामा अमूर्त र बिम्बात्मक प्रस्तुति भएर अभिव्यक्त भएका छन् । थोरै शब्दमा धेरै कुरा भन्न खोज्ने उनको सङ्केतात्मक प्रस्तुतिले गर्दा कथाले कथात्मक सूक्ष्मता लिन पुगेको देखिन्छ । यसैले उनका कतिपय कथाहरू 'अकथा' जस्ता लाग्दछन्, तर ती नेपाली कथाको २०२० पछिको नवयुगको प्रयोगात्मक कथा धारामध्यको 'अकथा' आन्दोलनका उपज चाहिँ होइनन् । अर्को शब्दमा भन्नुपर्दा नेपाली कथामा चलेको सघन कथावस्तुविरुद्धको प्रस्तुति होइनन्, यो कथाकारको सिर्जनाकै क्रममा अभिव्यक्तिको यात्रा गर्दागर्दै समय-परिवेशले प्रभावित भएको उनको आफ्नै शैली हो ।

उनका कथामा समसामयिक युगबोध, बौद्धिकता र राजनीतिक सचेतताले स्थान पाएका छन् । साथै उनका कथाको विषयले नारी-मानसिकतालाई बदलिँदो परिस्थितिअनुसार उभ्याएर महिलाको परिचयलाई परम्पराको साँधबाट बाहिर निकालेको छ । उनको स्रष्टा व्यक्तित्वले मानव-जीवनको भोगाइमा देखा परेका

विविध घात-प्रतिघातलाई सिर्जनामा कथ्यको निम्ति प्राथमिकता दिने गर्दछ । जीवनका अभावलाई प्रस्तुति दिने सन्दर्भमा हामी बाँचिरहेको जीवनभित्र झम्टन आइरहने अक्टोपस प्रश्नहरूलाई उनका कथाले उठाउने गरेका छन् । उनका *माया जो जन्मँदै छ*, *भोक*, *कोठा* जस्ता कथाहरू जीवनलाई अत्यन्त सूक्ष्म रूपमा अभिव्यक्ति दिन उत्साहित देखिन्छन् ।

**घ. अनिता तुलाधर, २०१६, विराटनगर**

नेपाली कथाको विकासमा कथाकार अनिता तुलाधरको रचनाधर्मिताले उल्लेख्य योगदान पुऱ्याएको छ । **रत्नश्री** पत्रिकामा आफ्नो सिर्जना प्रकाशित, गरी कथाकार व्यक्तित्वको शुरुआत गर्ने कथाकार तुलाधर पनि जीवनको विसङ्गतिपूर्ण भोगाइबाट अत्यन्त चिन्तित छिन् । उनले जीवनको निस्सारता-बोध, शहरी जीवनको विडम्बना, मानवीय हीनताबोध, मानव-जीवन र बाँच्नुको अर्थलाई आफ्ना कथाहरूको माध्यमबाट व्यक्त गर्ने प्रयास गरेकी छिन् । साथै राष्ट्रको राजनीतिक, सामाजिक, आर्थिक समस्याप्रति सधैं चिन्तनशील रहने उनको अनुभूतिले निम्नलिखित कथासङ्ग्रहहरूका कथाहरूमा विभिन्न किसिमले अभिव्यक्ति पाएका छन्-

१. **फूल**, २०३४
२. **रित्तो शहर**, २०३५
३. **सूर्यग्रहण**, २०४०
४. **विडम्बना**, २०४८

यसरी आफ्नो कथा लेखनबाट आजको जटिल र एकाङ्गी जीवन भोग्दा कहीं कतै पात्र परिस्थितिसँग जुध्न पनि सक्दैनन् र यथास्थिति हेरी किङ्कर्तव्यविमूढ बन्दै हीनताबोधले ग्रस्त पनि हुन पुगेका छन्, जुन जीवन-भोगाइको अर्को कारुणिक पक्ष हो । जीवनका विविध पाटामा आफ्नो कथाकार-दृष्टि पुऱ्याउने कथाकार तुलाधर आजको लेखनयुगलाई निरन्तरता दिँदै सक्रिय रहेकी महिला कथाकार हुन् ।

**ङ. भागीरथी श्रेष्ठ, २००५, रिडीबजार, गुल्मी**

कथाकार भागीरथी श्रेष्ठ नेपाली कथाको क्षेत्रमा उत्कृष्ट प्रतिभाका रूपमा स्थापित भएकी छिन् । आफ्नो सिर्जनशील व्यक्तित्वलाई निरन्तर सक्रिय बनाउँदै कथाकार श्रेष्ठ आजपर्यन्त आफ्नो कथाकौशलको प्रदर्शन गर्दै प्रतिष्ठित बन्न पुगेकी छिन् । उनको लेखनको सक्रियताले नेपाली-कथासाहित्यले निम्नलिखित कथासङ्ग्रहहरू प्राप्त गरिसकेको छ ।

१. **क्रमशः**, २०४३
२. **मोहदंश**, २०४४
३. **विभ्रम**, २०५०

कथाकार श्रेष्ठको संवेदनशील हृदय मानवीय जीवनको घटना-दुर्घटनाप्रति आकर्षित हुन्छ र त्यसलाई कथात्मक प्रस्तुति दिन उनको सृजन-व्यक्तित्व प्रेरित हुन्छ । यसै प्रेरणाले उनी आफु प्रभावित भएका ती घटनाहरूलाई पछ्याउँदै स्पर्श गर्न थाल्छिन्, जहाँ उनी मानवीय जीवन सजिलोसँगै बितेको अनुभूत गर्न सक्दिनन् । जीवन-भोगाइका उकाली-ओराली खाल्टा-बिल्ल्याँटाहरूलाई उनको लेखकीय व्यक्तित्व यति नजिकबाट चियाउन पुग्छ, त्यसबाटै उनी आफ्नो मनभित्र उठेको छटपटीलाई कथाका रूपमा लिपिबद्ध गरी आफुभित्र उठेको ज्वारभाटा शान्त पार्छिन् ।

उनको लेखकीय चेतनाले नेपाली समाजका विभिन्न असमान स्थिति र विसङ्गतिबीच विद्रोह गर्छ । सामाजिक, राजनीतिक र आर्थिक विसङ्गतिको परिणतिले सिर्जना भएको जीवनको यथार्थ अभिव्यक्ति उनका कथाले गरेका छन् । उनको कथाको विषयवस्तुले सामाजिक परिदृश्यका धेरै आयामलाई समेटेको देखिन्छ । त्यहाँ नारीको जीवनका विविध आयामहरूलगायत वैधव्य-जीवनका विविध परिस्थितिको चित्रण पनि विषयगत प्राथमिकतामा परेका छन् । यी जीवन-भोगाइमा भएका अन्याय र विषमताबाट कथाकार श्रेष्ठ मर्माहत हुन्छिन् र आफ्ना पात्रलाई मौन नबसी, जीवनबाट पलायिन नभइकन आफुले बाँच्ने जीवनबारे निर्णय लिन तत्पर गराउँछिन् ।

यसरी कथाकार श्रेष्ठले संवेगात्मक दृष्टिले टिपेको विषयलाई रोचक र कुतूहलपूर्ण प्रस्तुति दिने गरेकी छिन् । उनका प्रस्तुतिमा शिल्पगत परिमार्जनमाथि विचार गर्दा अघिल्लो कथाको तुलनामा उनका पछि लेखिँदै गरेका कथाहरूमा परिपक्वता देखिन आएको छ । उत्तरवर्ती कथामा उनले रूपविन्यासप्रति सचेत रहँदै आफ्ना भावना र विचारलाई प्रतीकात्मक र विम्बात्मक अभिव्यक्ति दिएकी छिन् । उनका *मोहदश, क्रमशः, जिन्दगी एउटा नाङ्गो रूख, भूमिगत* आदि उत्कृष्ट कथाहरू हुन् ।

**च. मन्जु काँचुली, २००७, डिल्लीबजार, काठमाडौँ**

कथाकार मन्जु काँचुलीले नेपालीकथाको आकाशमा आफ्नो परिवेशका विविध अप्ठ्यारा, असहनीय अनुभूतिलाई छटपटीको रूपमा कथामा पोख्ने गरेकी छिन् । उनको यो सिर्जनशील व्यक्तित्वले नेपाली कथा-यात्राको अवधिमा बलियो आधारको निर्माण गरेको छ । उनले कथा साहित्यको भण्डारमा २०४५ मा **केही माया केही परिधि** र २०५३ मा **मन्जु काँचुलीका** कथासङ्ग्रह दिएकी छिन् ।

उनका कथामा अभिव्यक्त भावना र विचारहरू आफ्ना समकालीन सर्जकहरूको भन्दा भिन्न छैन । उनी लेखकीय दृष्टिले देखेको जीवनलाई कथात्मक स्वरूपमा कुतूहलपूर्वक पाठकसामु पस्कने गर्दछिन् । कथा-संरचना, विषय-प्रस्तुतिमा

शिल्पसौन्दर्य र प्रतीकात्मक प्रयोगसँगै विशेषत: नारीजीवनकै विसङ्गति-भोगाइलाई अभिव्यक्ति दिन उनका रचना सफल र सक्षम देखिन्छन् ।

यस्तै गरी महिला कथाकारको उत्तरार्ध यात्राको यस चरणलाई भरपर्दो टेवा दिने अन्य कथाकारहरूमा बेन्जु शर्मा, बानिरा गिरि, इन्दिरा प्रसाई, प्रमिला उप्रेती आदि देखा परेका छन् । यी कथाकारहरूले विभिन्न पत्रपत्रिकामा आफ्ना संवेदनालाई प्रस्तुत गर्दै कथा प्रकाशित गर्दै आएका छन् । यिनीहरूका कथामा पनि उही युगीन त्रास, वेदना र छटपटीको अभिव्यक्ति कलात्मक रूपमा भएको पाइन्छ ।

**तेस्रो चरण २०४०देखि हालसम्म**

यस चरणमा महिला कथाकारको सङ्ख्यात्मक वृद्धि भएको छ तापनि चरणगत परिवर्तनको प्रवृत्ति ती सिर्जनामा त्यत्ति देखिन सकेको छैन । यस चरणका प्रतिनिधि कथाकारमा मूलत: सीता पाण्डे र शारदा शर्मा देखिएका छन् ।

**क. सीता पाण्डे, २०१६ झापा**

नेपालीकथा-साहित्यको फाँटमा कथाकार सीता पाण्डेले आफ्नै कथाकार व्यक्तित्वलाई २०४० पछिको दशकमा स्थापित गराएकी छिन् । आधुनिक नेपाली कथामा विश्वेश्वरप्रसाद कोइरालाले प्रक्षेपण गरेको यौनको विषयलाई प्रेमा शाहले आफ्नो लेखनभित्र समेटेकी छिन् । त्यसलाई २०४० को दशकपछि देखा परेकी कथाकार सीता पाण्डेले पुन: स्थापित गरेकी छिन् । यसबाहेक जीवन-भोगाइका अन्य पक्षले पनि उनको कथागत चेतनामा स्थान पाएको छ । यी भोगाइलाई अभिव्यक्ति दिने क्रममा उनका निम्नलिखित दुईवटा कथासङ्ग्रहभित्र परेका रचनाहरू लिपिवद्ध भएका छन् -

१. **असजिला खुशीहरू, २०४२**

२. **बन्धकी खुशीहरू, २०४५**

आफ्नो कथात्मक प्रस्तुतिको माध्यमबाट कथाकार पाण्डे आफु बाँचेको हिंस्रक शहरको सभ्यतालाई भत्काएर केवल मान्छेको बस्ती बसाल्न तत्पर देखिन्छिन् । मूलत: यौनमूलक र रतिरागकेन्द्री उनका कथाको खोज विषय महिला अस्मिता नै रहेको पाइन्छ । त्यहाँ मानवीय मूल्यको स्थापनाको निम्ति कथाकार पाण्डेको लेखकीय व्यक्तित्व अग्रसर भएको छ । उनले आफ्नो विषय-प्रस्तुतिको चिन्तनमा प्रेमको शाश्वत पक्षलाई आकार दिन खोजेकी छिन् । यसले गर्दा उनका कथामा पुरुष-मनोवृत्तिले सोंचेको यौनभन्दा फरक नारीले भोगेको यौन जीवनको प्रस्तुति भएको छ । यसरी विषयलाई प्रस्तुत गर्दा पात्र व्यक्ति भए पनि उनको कथात्मक बनोटले नेपाली समाजको धरातललाई झ्वाप्प ल्याउने

गरेको छ । यसले पाठकलाई कथा पढ्दा समाज-मनोविज्ञानतिर पनि विचार गरी सम्प्रेषित हुन प्रेरित गर्दछ र आफुले टिपेको विषय हाम्रै समाजको विसङ्गतिपूर्ण सामाजिक वातावरणको उपज हो भन्ने कुराको पुष्टि गर्दछ । विशेष गरी नारीको यौन जीवनको अन्तरकुन्तर केलाउँदै यस विषयलाई सार्वजनिक मूल्य प्रदान गर्ने अभीष्टतासाथ उनको कथाकारिताको नवीन चेतना अगाडि बढेको छ ।

उनका कथामा नारी-अस्मिताको व्याख्या विभिन्न कोणबाट भएको छ । आजको समाज जङ्गली अवस्थाको जस्तै बन्दै गएको र मानिस हिंस्रक जनावर जस्तै बन्दै गएको तीतो सत्यले कथामा स्थान पाएको छ । उनका *हिंस्रक शहर*, *बन्धकी खुशीहरू* आदि कथामा नारीमनको आन्तरिक संसारको अभिव्यक्ति भएको छ । उनी आफ्नो कथात्मक शिल्प र रूपविन्यासलाई अझ कलात्मकतासाथ प्रस्तुत गरी भाषाशैलीमा शिष्ट र मर्यादित हुने सकेमा कथाको विषयगत प्रस्तुतिले साहित्यिक मूल्य निश्चय नै प्राप्त गर्न सक्नेछ ।

**ख. शारदा शर्मा, २०१५, स्याङ्जा**

नेपाली कथा-साहित्यको फाँटमा थोरै कथा लेखी आफ्नो कथात्मक व्यक्तित्वको स्थापना गराउन सफल कथाकार शारदा शर्मा यस चरणकी प्रतिभाशाली र सिद्धहस्त महिला कथाकारको रूपमा उदाएकी छिन् । २०४८ सालमा आस्थाको **भग्नावशेष** कथासङ्ग्रह लिएर देखा परेकी शर्मा **गरिमा** पत्रिकाबाट सार्वजनिक भएकी हुन् ।

उनले आफ्नो प्रस्तुतिमा यथार्थलाई नै प्राथमिकता दिएकी छिन् । यहाँ उनी प्रयोगवादको भूलभुलैयामा नअलमलिएर सरल ढङ्गले सीधै आफ्नो परिवेश र युगीन चेतनालाई अभिव्यक्ति दिने पक्षमा रहेकी छिन् । आफ्नो परिवेशभित्र भोगिएको जीवनको पर्याय 'यथार्थ' नै उनलाई संवेदित गर्ने विषय हुन पुगेको छ । यसको गहिराइलाई उनको कथाकार दृष्टि नै नाप्ने त गर्दछ साथै त्यसबाट हुने संवेदनाका लहरहरूलाई कथामा लिपिबद्ध गर्न प्रेरित पनि गर्दछ । *नागपाश*, *आस्थाको भग्नावशेष* आदि उनका उत्कृष्ट कथा हुन् । यी बाहेक उनका अन्य कथामा पनि जीवनको त्रासपूर्ण भोगाइको अवस्था, जीवनप्रतिको अनास्था र पीडापूर्ण क्षणकै अभिव्यक्ति भएका छन्, तर उनले आफ्ना पात्रलाई पलायनवादी र कमजोर नबनाइकन जीवनको सङ्ग्राममा विसङ्गतिमा सङ्गति खोज्ने उत्साही बनाएकी छिन् । विशेष गरेर यस सन्दर्भमा नेपाली नारीको अन्तर्विषयभित्र कताकता आफु पनि आबद्ध भई आफुभित्रको बौद्धिक चेतनालाई कलामूल्यमा समाहित गरी कथा लेख्ने गरेकी छिन् ।

**ग. हिरण्यकुमारी पाठक, २००२, काठमाडौं**

नेपाली कथा-भण्डारमा थप योगदान पुऱ्याउने यस चरणकी अर्की कथाकार

हिरण्यकुमारी पाठक हुन् । अस्तित्ववाद र विसङ्गतिवादकै सेरोफेरोमा उनको कथाकार व्यक्तित्व घुमेको छ । नारीका जीवन-भोगाइका पाटाहरू नै विषयवस्तु बनेका उनका कथामा पारिवारिक जीवनका समस्याले अधिकतम स्थान ओगटेको पाइन्छ । उनको कथात्मक प्रस्तुतिमा कुनैकुनै ठाउँमा गुरुप्रसाद मैनालीका जस्ता विचारवाक्यको प्रयोग भएको देखिन्छ । कथाभित्र टिप्पणीका रूपमा प्रस्तुत यी वाक्यहरूले नारी-जागरणको चेतनालाई मुख्य विषय बनाएका छन् ।

उनका *शून्यवत्, हामीभित्र, अठोट* आदि कथामा यथार्थ जीवनको अव्यवस्थित पक्षको उद्घाटन भएको छ । साथै आजको समसामयिक पारिवारिक नवीन समस्यामा छोरीलाई आमाले निडर हुन सिकाएको शिक्षा तर उमेर पुग्न लागेकी उही किशोरी छोरीलाई दिन बाँकी रहेको यौन शिक्षाबारे लेखकको दृष्टि अत्यन्त सान्दर्भिक लाग्दछ । यो ज्ञान छोरीलाई दिई आफुभित्रको अस्मिता बचाउन चनाखो हुनुपर्ने सचेतताको केन्द्रीयतामा आमावर्गको प्रतिनिधित्व गर्ने पात्रको अन्योल पनि त्यत्तिकै प्रभावकारी देखिन गएको छ । यसरी हेर्दा नारीजीवनको भोगाइका अन्तरकुन्तर नापेको एउटा नवीन पक्षको स्पर्श हुनु लेखकको समसामयिक चेतनाको प्रतिफल हो । विश्व-परिवेश, देश र समाज नै महिलाको प्रजननअधिकार र महिलास्वास्थ्यमा केन्द्रित रहेको आजको अवस्थामा साहित्यिक लेखनीले पनि आफ्नो कथाप्रस्तुतिको विषयमा यसको चयन गर्नु स्वागतयोग्य कुरा हो ।

**घ. गीताकेशरी, १९९७, पकनाजोल, काठमाडौँ**

नेपाली-आख्यानजगत्मा उपन्यासकारको रूपमा आफ्नो पहिचान बनाइसकेकी गीताकेशरी २०५७ मा *तरङ्ग* कथासङ्ग्रह लिएर कथाकारको रूपमा आएकी छिन् । उनको कथाकार व्यक्तित्वले समसामयिक नेपाली जीवनकै कथाको चयन गरेको छ । त्यहाँ विशेष गरी नारीशिक्षाको अभाव, नारी-अधिकारको अस्पष्टता, नारीचेतना, जागरण र अस्मिता जस्ता विषयहरू तरङ्गभित्रका कथाहरूमा विषयवस्तु भएर रहेका छन् । विकृत युवपुस्ताको समस्या, नेपाल आमालाई विकृत राजनीतिले पारेको नकारात्मक असर र पतनोन्मुख सामाजिक अवस्थाप्रति उनको कथाकार व्यक्तित्व चिन्तित देखिएको छ । *स्वार्थ, उसैको लागि, व्यक्तित्व* आदि कथा उद्देश्यमूलक रहेका छन्, साथै उनका कथामा पनि समाजमा आफुले देखेको समस्याको समाधानार्थ सङ्केतात्मक प्रस्तुति भएको छ ।

यसरी नेपाली कथामा महिला कथाकारका उपस्थितिको चरणगत विभाजन गर्ने क्रममा माथि लेखिएका कथास्रष्टा र उनका प्रवृत्तिको सूक्ष्म निरीक्षण गरी देखिएको स्थितिलाई हेर्दा यस उपस्थितिले नेपाली कथामा एउटा विशाल अध्याय थपेको कुरा अब नकार्न मिल्दैन । यसबाहेक पनि थुप्रैथुप्रै कथाकारहरू छन् । तिनका नामहरूको उल्लेख यहाँ गर्न सकिएन । तिनीहरूको लेखन नेपाली कथालाई

अझ गतिशील यात्रा तय गराउनतिर अग्रसर देखिएको छ । साथै माथि लेखिएका विभिन्न चरणमा देखिएका कथाकारहरू पनि आजपर्यन्त कलम चलाइ नै रहेका छन् । कतिपय कथाकारका कथाहरूको सङ्ग्रह प्रकाशित गर्न सकिने अवस्था भएर पनि कथा पत्रपत्रिकामा छरिएकै अवस्थामा छन्, ती रचना पनि यस यात्रामा धमाधम इँटा थप्ने काम गरि नै रहेका छन् ।

## ६. महिला कथाकारको कथागत वैशिष्ट्य

मानव-जीवनकै सेरोफेरो र मानिसले नै भोग्नुपरिरहेको घरघरका जीवनव्यथाका कथा आजसम्मका कथाविधामा व्यक्तिएका छन् । जनजीवनले भोगिरहेका यिनै कथालाई महिला कथाकारले फेरि कथाको रूपमा लिपिबद्ध गरेका छन् । यी कथाकारको लेखकीय चिन्तनमा जीवनको कुरूपतामा पनि रूप देखिन पुगेको छ, समाजको सामान्य घटनामा पनि विशिष्टता देखिन पुगी त्यसैलाई कथात्मक अभिव्यक्ति दिइएको छ ।

### क. कथालेखनमा प्रस्तुत रूपविन्यास :

नेपाली कथा-साहित्यमा देखा परेका विविध आन्दोलनले महिला कथाकारलाई छोएका छैनन् । २०२० पछि देखा परेको प्रयोगवादी धाराका आयामेली आन्दोलन, स्वैरकल्पनागत प्रस्तुति र अकथाको शिल्पगत प्रस्तुतिले महिला कथाकारका कथाको शैली प्रभावित देखिएको छैन । ती कथा सरल भाषामा स्वाभाविक रूपमा सहजताका साथ सरल संरचनामा लेखिएका छन् । *नासो*देखि चलेको कथाको वस्तुगत सघनताविरुद्ध थालिएको 'अकथा' आन्दोलनले पनि यी कथाकारहरूलाई छोएको छैन । सिर्जनाकै क्रममा अभिव्यक्तिले प्रस्तुतिको यात्रा गर्दागर्दै केही कथाकारका कथाहरू कथात्मक सूक्ष्मता लिन पुगेका छन्, तर ती त्यस आन्दोलनका उपज चाहिँ होइनन्, अर्थात् सघन कथावस्तुविरोधी रूपमा ती छैनन् । त्यो सूक्ष्मता समय-परिवेशद्वारा प्रभावित अभिव्यक्ति-शैलीको उपज हो । प्रेमा शाह, भुवन ढुङ्गाना आदिका कथा यसका उदाहरण हुन् ।

यसरी हेर्दा आधुनिक नेपाली कथामा देखा परेको प्रयोगवादी धारालाई यी महिला कथाकारले विस्थापित गर्दै कथ्यलाई नै स्थापित गरेको देखिन्छ कलागत मूल्य र सम्प्रेषणीयतालाई आफ्नो रचनाको केन्द्र बनाएर । पहिले पाठक पनि कथाको कथानक घनत्वलाई मन पराउँथे । सयम परिस्थितिअनुसार पाठकको परिवर्तनशील प्रवृत्तिले गर्दा कथामा मनोरञ्जनको रूपभन्दा जीवन-भोगाइको यथार्थ अनि विसङ्गत परिस्थितिमा बाँच्न विवश व्यक्तिको निस्सारताको प्रस्तुति हुन गएको छ । यसलाई पाठकले मन पराउन थालेपछि कथा सर्जकले आफ्नो कथाको संरचना-शैलीमा पनि त्यसअनुसार परिवर्तन गरेको देखिन्छ । आफु कुनैबेला

सर्जक र कुनै वेला पाठक पनि बन्ने कथाकारले पाठकको दृष्टिकोणबाट पनि आफ्नो रचनालाई हेर्ने चातुर्य देखाएको पाइन्छ । फलस्वरूप कथा स्थूलताबाट संक्षिप्ततातिर बढेको छ ।

कथा रचना गर्दा कतै आन्तरिक दृष्टिकेन्द्र जहाँ 'म' पात्र प्रमुख भई उसैको केन्द्रीयतामा कथा अगाडि बढेको छ भने कतै परिधीय दृष्टिकेन्द्र जहाँ द्वितीय पुरुष वा तृतीय पुरुष पात्रको केन्द्रीयतामा कथा लेखिएको छ । यसरी नै कथामा 'म' पात्रको उपस्थिति भए पनि ऊ त्यस कथाको प्रमुख मात्र नभै द्रष्टा पात्र मात्र भइदिन्छ; जस्तै- सुलोचना मानन्धरको *पाउजू* कथामा परिधीय दृष्टिकेन्द्रको प्रस्तुति भएको छ ।

कथामा प्रयुक्त प्रतीक र विम्बले पनि यी कथाकारलाई त्यत्तिकै उच्चतामा पुऱ्याएको छ । कथाकार भुवन ढुङ्गानाको *कोठा* कथामा प्रयुक्त प्रतीकात्मक प्रस्तुतिले आँखाले देख्न सकिने कोठाले बोकेको अर्थ गहनता यति अमूर्त भइदिएको छ कि त्यो विभिन्न परिस्थितिमा विभिन्न रूपमा अर्थिन सक्षम भएको छ । यस प्रतीक प्रयोगले पाठकलाई कथाको अर्थको गरिराइसम्म लिएर गएको छ । त्यहाँ लेखकले औंल्याउन खोजेको उद्देश्य अन्तर्निहित रहेको छ ।

## ख. यथार्थवादी मनोलोकीय संवेदनामा युगीन चेतनाको अभिव्यक्ति :

नेपाली महिला कथाकार विश्वको बदलिँदो परिस्थितिको सापेक्षतामा आफ्नो परिवेशलाई पनि अनुकूल पार्दै लैजाने कुरामा सचेत देखिन्छन् । उनीहरू आफ्ना रचनाको माध्यमबाट सामाजिक आडम्बर र तथाकथित थुपारिएको नैतिकताको विरोध गर्ने गर्दछन् । सामाजिक अन्तर्निरीक्षण गरी कथाको विषय चयन गर्ने क्रममा आर्थिक जटिलताले जन्माएको निम्नमध्यमवर्गीय जीवनको अभावग्रस्त कारुणिक परिवेश र विवशता पनि यी लेखकका रचनामा कथागत विषय भएर आएका छन् । बेन्जु शर्मा, बानिरा गिरि, इन्दिरा प्रसाई, उषा दीक्षित, लीला श्रेष्ठ सुब्बा आदिका प्रस्तुतिले पाठकलाई जनजीवनको यथार्थ परिचय दिनुमा कोरा काल्पनिकता र भावुकता छैन । ती कुराहरू कतिपय परिवेशमा कथाकारको वस्तुपरक निरीक्षणबाट देखिएका सत्य कथा पनि हुन् । सामाजिक जीवनले आजपर्यन्त ती कुरा भोगिरहेकै छ ।

आज हाम्रो देश र हामीले बाँचेको समय जीर्ण रोगी बन्दै छ, सबै भित्रभित्रै मक्किएको छ; यसैमा महिला लेखकको छटपटी छ । यसको उपचारपट्टि कोही पनि नलागेकोमा उनीहरूलाई चिन्ता छ । यसै चिन्ता र छटपटीलाई कथामा व्यक्त गर्ने क्रममा कथाकारहरू सामाजिक यथार्थको अपरेशन गर्न पुग्छन् । युगीन सचेतताप्रति अत्यन्त संवेदनशील यी लेखकहरू यसरी सामाजिक समस्याको अपरेशन गर्दै निरीक्षण गर्दा सामाजिक मूल्य र त्यसबाट प्रभावित व्यक्तिको कमी-

कमजोरीलाई स्पष्ट देख्न पुग्छन् र त्यसैको फोटो खिचेर पाठकसामु राखिदिन्छन् । यसैले कतिपय कथाका पात्रहरू कतै चिन्ता र पीडाले रन्थनिएका छन् भने कतै जीवन र मृत्युको सँघारमा पाइला टेक्दै अन्योलमा विरक्तिएका छन् । अपमान र घृणाको तेजिलो धारमा हिँड्न विवश पात्रहरू पश्चात्तापको आगोमा जल्दै नैतिक बल हराउन पुगेका छन् ।

हुनत कथामा यथार्थवादी प्रयोग नयाँ होइन, तथापि यसलाई कथाकारले छोड्न सकेको देखिँदैन, किनभने यथार्थ यस्तो कुरा हो कि जनजीवनले टड्कारो रूपमा यसलाई भोग्दै यसबाट प्रभावित भई नै रहन्छ । यसबाट त्यसै समाजको सदस्य भएको नाताले लेखकको नागरिक व्यक्तित्व पनि प्रभावित भई नै रहन्छ । लेखकीय व्यक्तित्व अँगाल्न पुग्दाको क्षणमा कथाकारको मानस पटलमा सर्वप्रथम त्यही आफुले सुनेको, देखेको र भोगेको यथार्थ आइदिन्छ र त्यही लिपिबद्ध हुन खोज्छ । यसरी हेर्दा आजको परिवेशअनुसार आजकै मानसिकतामा अर्थिएको यथार्थमा डुबुल्की मार्दै जनजीवनलाई नजिकैबाट हेर्ने प्रयास यी कथाकारहरूले गरेको देखिन्छ । त्यहाँ कोरा भावनाको अभिव्यक्ति मात्र नभएर तथ्य र आफ्नो बौद्धिक सीमाभित्रको कल्पनासहित कथात्मक प्रस्तुति पनि रहेको छ ।

## ग. अस्तित्ववादी चेतनाको आलोकमा नारीअस्तित्वको खोजी : *मानवतावादप्रतिको आग्रह*

आधुनिक नेपाली कथाको यात्रामा अस्तित्ववादी चेतनाको अभिव्यक्तिले महत्त्वपूर्ण स्थान ओगटेको छ । जीवन भोगाइको विसङ्गत पक्षले जन्माएको मानवीय अस्तित्वबोध महिला कथाकारको पात्रमा रूपान्तरित भएको छ । कथाकार आफै पनि यस समाजको चेतनशील वर्गमा गनिने नागरिक हो । यसैले ऊ आफुले देखेको परिवेशको दुःख र वेदनालाई सामान्य मानिस झैँ चुपचाप सहेर बस्न सक्दैन । यो दुःख र वेदनाले जन्माउने आफ्नो अस्तित्वबोधलाई पात्रमा अन्तर्भूत गराउँछ कथाकार । हुन त धेरैजसो कथाकारहरू आफ्नो पात्रलाई यथास्थितिमा राखी चित्रण गर्छ, तथापि उसको अवस्थाको चित्रण हुन गई पाठकहरू यसको समग्र प्रभावस्वरूप उक्त पात्रलाई यस्तो दारुण अवस्थाबाट मुक्ति दिलाउनुपर्छ भन्ने निष्कर्ष निकाल्छन् । साहित्यको यो प्रस्तुति पनि त्यत्तिकै कलात्मक छ, तर अबको युगमा यस यथास्थितिको चित्रणले मात्र नपुग्ने देखिएको छ । विशेष गरेर नारीसमस्या(जो महिलालगायत अधिकांश पुरुष कथाकारको पनि रुचिको विषय हो)मा सधैँ नारीको कमजोर पक्षको मात्र चित्रण भई उसको जीवनको सुन्दर पक्ष गौण रहन पुगेको छ, अर्थात् उसले भोग्न बाँकी रहेको सम्भावित सुखी जीवनप्रति अनास्था भएको छ । फलस्वरूप यस्ता पात्र जीवनबाट पलायित हुँदै अब बाँकी

जीवन बाँच्नको लागि होइन भन्दै बरु 'मृत्युवरण' गर्छन् । नचाहँदा नचाहँदै पनि त्यो अवश्यम्भावी मृत्यु आइहाल्छ । त्यसै मृत्युलाई नै कुरेर उनीहरू बसिदिन्छन् । यसरी पात्र मृत्युको उपासक बन्दा उसले आफुभित्र सुषुप्तावस्थामा रहेको अस्तित्वको बोध गर्न सक्दैन । यस्ता पलायनवादी पात्रहरूको भीडले पाठक वा समाजमा सकारात्मक सन्देश दिन सकेको देखिँदैन ।

साहित्य सामाजिक परिवर्तनको निम्ति उत्प्रेरकको भूमिका-निर्वाह गर्ने एउटा दरिलो र भरपर्दो माध्यम हो । त्यहाँ भएको चित्रणमार्फत् पाठकले एक प्रकारको धारणा बनाउँछ र आफुमा भएका कमी-कमजोरी खुटचाई आफू परिवर्तित हुने चाहना राख्दछ । यस सन्दर्भमा कथाको प्रभावकारी भूमिका अत्यन्त सम्प्रेष्य देखिन्छ । यसैले कथाका पात्रहरू कतै 'आमा' बन्नुको उपादेयताको अस्तित्वबोध भएपछि विवाहको अर्थ बुझिसकेकी तथा जीवन-भोगाइको तरखरमा वयस्क उमेरमा प्रवेश गरेकी एउटी केटी आफू बलात्कृत भएपछि पनि निरीह जीवन बाँच्न चाहँदिनन् (*एउटी कुमारी आमा एक्काइसौं शताब्दीकी* - पद्मावती सिंह) । उनले आफुलाई सामाजिक मर्यादाबाट तल झरेको माने पनि त्यस बलात्कारीको बेइमानीको प्रतिकार गर्दै उनी उसको विवाह गर्ने प्रस्तावप्रति तीव्र नकारात्मक भाव व्यक्त गर्छिन् र पछिको मानवीय जीवन शानकासाथ भोग्न तयार हुन्छिन् । यहाँ पौराणिक मिथकी कुन्तीको प्रसङ्ग जोडे पनि कुन्तीको व्यवहारप्रति कथाकार असहमति जनाउँछिन् । यहाँकी पात्री कुन्तीले जस्तै सामाजिक लाञ्छनाबाट जोगिन आफुले जन्माएको छोरा 'कर्ण'लाई नदीमा बगाएर समाजमा सम्मानित हुन खोजेझैं आफ्नो गर्भको बच्चालाई फालेर वा मारेर सम्मानित बन्न चाहँदिनन् । बरु त्यस बच्चालाई सगौरव जन्म दिई बाबुको समेत माया र संरक्षण दिएर उसलाई कर्मठ नागरिक बनाउने हिम्मत गर्दै नारीवादी सबल चेतनाको खुलस्त परिचय दिन्छिन्, किनभने त्यो बच्चा खराब आचरणको परिणति नभएर धोकापूर्ण संयोगको परिणति भइदिएको छ त्यस नारी पात्रको लागि । यसैले मातृत्वरक्षाको अस्तित्वबोध जागेकी नारी पात्र आफ्नो बाँकी जीवन साधिकार बाँच्ने अठोट लिन पुग्छे ।

वास्तवमा भन्नुपर्दा सार्वभौम मानवीय जिजीविषाको आवाज नारीवाद मात्र होइन । नारीवादको व्याख्या गर्दा त्यसको व्यतिरेकी शब्द पुरुषवादको व्याख्या पनि खोजिने स्थिति त्यत्तिकै विद्यमान रहेको छ । यसले गर्दा पुरुषवाद र नारीवादको विवादास्पद स्थिति समेटिन सक्छ । यसैले मानव(पुरुष र नारी)ले साधिकार बाँच्न पाउनुपर्ने स्थितिको खोज नारीवाद मात्र होइन, अस्तित्ववाद नै हो । पुरुष साधिकार अस्तित्ववादी भएर बाँचेको परिवेशमा नारीले यसरी बाँच्न नपाउँदाको अस्तित्वबोध हो नारीवाद । यसको बोध ढिलै भए पनि नेपाली नारीवर्गलाई हुन गएको छ ।

यही अस्तित्वबोध यौन कथाहरूका पात्रहरूमा पनि छ, अर्थात् यौनको मार्मिक प्रस्तुतिमा यौन जीवनको आन्तरिक रूपलाई चित्रित गर्दै नारी अस्तित्वको खोज कथामा भएको देखिन्छ । मानिसको व्यक्तिगत स्वतन्त्रताको उपभोगमा बाधा परेको अनुभव कथाका पात्रहरूले गरेका छन् । यसले मानवीय मूल्यको स्थापनालाई अर्थ्याउन पुगेको देखिन्छ । यसरी महिला कथाकारको २००३ देखि २०५८ सम्मको ५५ वर्षको यात्रा, आधा शताब्दीभन्दा धेरै समयको सिर्जनाकालमा लेखिएका कथाहरूमा अस्तित्ववाद कतै अत्यन्त तीव्र भएर आएको छ भने कतै गौण भएर व्यक्तिएको छ ।

## उपसंहार

नेपाली कथाले विश्वकथाको समसामयिक हाराहारीमा पुग्ने वैशिष्टच प्राप्त गरेको छ । यी कथाहरू विभिन्न भाषामा अनूदित भएका छन् । त्यहाँ महिला कथाकारका कथा पनि परेका छन् । छोटो अवधिभित्र नेपाली कथामा नवीन प्रयोगसँग शिल्पगत परिवर्तन पनि भएका छन् । यी परिवर्तनहरू एकपछि अर्को गर्दै विकासका विभिन्न चरणगत घुम्ती तय गर्दै छन् । आधुनिक कथाले आफ्नो गतिशील चरित्रलाई स्थापित गर्ने सन्दर्भमा यथार्थवाददेखि नवयुग हुँदै समसामयिक सन्दर्भमा पुन: व्याख्या हुन खोजेको देखिन्छ ।

ऐतिहासिक दृष्टिबाट हेर्दा नवयुगको कथा सिर्जनामा र महिला कथाकारको यात्राको उत्तरार्धको दोस्रो चरणमा युग परिवर्तन गर्ने गुणात्मकता नरहे पनि कथाकारको लेखनको क्रियाशीलताले गर्दा नवयुग हुँदै अगाडि बढेको समकालीन परिवेशलाई गतिशून्य हुन दिइएको छैन । कथाकारको लेखकीय पदचापको निरन्तरता कायमै रहन गएको छ । यसमा महिला कथाकारको लेखकीय पदचापको पनि अहं भूमिका रहन गएको छ । यसैले नेपाली कथाको इतिहासमा महिला कथाकारको आधा शताब्दीभन्दा बढी समयको देनलाई अब कसैले स्मृतिपटलबाट हटाउन मिल्दैन । महिला कथाकारको यो संलग्नतालाई इतिहासबाट हटाइयो भने त्यो कथायात्राको इतिहास एकाङ्गी रहन जान्छ ।

सन् १९७६ संयुक्त राष्ट्रसङ्घद्वारा नारीवर्ष तोकिएको हुँदा साझा प्रकाशनद्वारा नेपाली-नारीसाहित्यको सोधखोजपूर्ण **कृति कथामा नारी-हस्ताक्षर**नामक सानो सङ्ग्रह शैलेन्द्र साकारको सम्पादनमा प्रकाशित भएको थियो । **रत्नश्री**को *नारी-विशेषाङ्क*ले नारी स्रष्टाको तैयारीमा थप योगदान पुऱ्याएको छ । यसको निरन्तरता आजसम्म पनि कायमै छ । त्यसबाहेक नारीसिर्जनामा चाख र महत्त्व देखाएर कुनै पनि सङ्ग्रह र समालोचना-ग्रन्थ तयार भएको देखिँदैन ।

आजको दिनसम्म महिला कथाकार आइपुग्न गरिएको प्रयासबाट प्रत्येक अघिल्लो दशकको तुलनामा पछिल्लो दशकमा महिला कथाकारको उल्लेखनीय वृद्धि

भएकोले महिला-कथा लेखनको यात्रालाई भरपर्दो टेवा मिलेको छ । यसरी हेर्दा नेपाली कथाको क्षेत्रमा सङ्ख्यात्मक दृष्टिले पुरुष कथाकार बढी देखिए पनि गुणात्मकताको दृष्टिले समान हाराहारीकै स्थिति देखिन आएको छ ।

अहिले समाजमा बाह्य रूपमा जेजस्तो परिवर्तन देखिए पनि आन्तरिक वा मानसिक रूपमा परिवर्तन आउन अझै समय लाग्ने देखिन्छ । मान्छेले मान्छे भएर बाँच्न पाउनुपर्ने प्राकृतिक अधिकारको खोज गर्दा पश्चिमा नारीवादी आन्दोलनको उपज भनेर व्यङ्ग्य गर्ने गरिएको छ । यो कुरा पटक्कै होइन, केवल अस्मिताको खोजी हो यो, विशिष्टीकृत रूपमा आएको मानवीय अस्तित्वबोध हो यो । सतही धरातलबाट गरिएको यस्तो प्रतिक्रियाले यस यात्रामा फेरि कतै शिथिलता नआउला भन्न सकिँदैन । यो चिन्ताको विषय हो । तर बलवान् समयले यो अवस्था आउन नदेला, विश्वास गरौँ, किनभने यस परिवेशमा महिला कथाकार पनि परेका छन् । यसले गर्दा आफ्नो लेखनको संसारमा त्यसै कुण्ठित भएर रहनुपरेको छ, यस सन्दर्भमा उनीहरूलाई परिवर्तनको कुनै पनि आभास हुन सकेको छैन ।

महिला कथाकारले सामाजिक मर्यादाको सीमाभित्र रहेर 'घरभित्र' र 'घरबाहिर' दुवै ठाउँमा उत्तरदायित्वको निभाउँदै गरेको सिर्जनालाई सीधै पुरुषवर्गको रचनासँग तुलना गर्नु न्यायोचित देखिँदैन । नेपाली कथायात्राको क्रममा महिला कथाकारको प्रवेश र त्यसको योगदानको विश्लेषण र मूल्याङ्कन समाजपरक परिवेशलाई आधार मानी गरिनुपर्छ र नेपाली कथाफाँटभित्र महिला कथाकारको युगलाई समेट्नुपर्छ, किनभने पुरुषप्रधान समाजमा नारीले पढ्नु हुँदैन भनी लगाइएको बन्देजलाई नेपाली नारीले धेरै पछि मात्र खोल्ने मौका पाए । 'नारीले वेद छुनु हुँदैन' वा 'नारीले गायत्री मन्त्र जप्नु हुँदैन' वा यो गर्नु हुँदैन र त्यो गर्न हुँदैन जस्ता थुप्रै निषेधाज्ञाबाट आजित नारीलाई आफ्नो चेतनाको हैसियत थाहा पाउन धेरै समय लागेको छ । आफ्नो प्रतिभालाई खुलेर प्रस्तुत गर्न सधैँ हिचकिचाउनुपर्ने, धक मान्नुपर्ने स्थिति रही नै रहेको कुरालाई पनि महिला कथाकारको लेखनको मूल्याङ्कनको आधार बनाउनुपर्ने देखिएको छ, अर्थात् यस्तो कुनै बन्देजविनाका पुरुष प्रतिभाको लेखन र बन्देजपूर्ण अवस्थाका महिला प्रतिभाको लेखनलाई अब समाजपरक र मनोविज्ञानपरक कसीमा राखेरै मूल्याङ्कन नगर्ने हो भने अब यो अन्याय महिला कथाकारले सहन नसक्ने भएको छ ।

कथाकार भविष्यमा आइपर्ने समस्या र त्यसको समाधानको उपाय आफ्नो प्रतिभाको दृष्टिले देख्ने गर्दछ । यसैले बलात्कृत भइसकेपछि जैविक कारणले महिलाले गर्भवती हुनुपर्ने जुन च्याङठचांङ छ त्यस अवस्थामा ती बलात्कृत पात्रीसँग दुईवटा विकल्प मात्र रहन्छन्- सकेसम्म लुकेर गर्भपात गर्ने वा गराउने अथवा यसबारे थाहै नदिएर अन्यत्र विवाह गराइने । यसले गर्दा एक-अर्कामाथि

विश्वासघात त यसै पनि भयो अर्को कुरा उनले सधैं डर र त्रासमा जीवन बिताउनुपर्ने हुन्छ । यो जीवन भोगाइ उनको निम्ति सहज हुँदैन । अर्को विकल्प उनको अगाडि हुन्छ- आत्महत्या वा हत्या । यसबाहेक अरु उपचार उनको निम्ति केही देखिँदैन । यो समाजकै यथास्थितिको परिणाम हो । महिला लेखकले यस्तै यथास्थितिको चित्रणमा आफ्नो प्रतिभाको प्रयोग अब गर्छन् भने यसले समाजमा कुनै चेतनाको प्रकाश दिन सक्तैन र यसले सधैं कमजोर वर्गलाई मर्न र मार्न विवश गराउने परिस्थितिको सिर्जना मात्र गर्दछ । यसैले आजका कथाकारले समाजको यथार्थ प्रस्तुत गर्ने नाममा त्यस यथास्थितिको होइन जुन स्थिति र आदर्शले नारीको 'मान्छे' हुनुको सौभाग्य खोसिएको छ त्यो हटाएर उसलाई 'मान्छे' भएर बाँच्ने सौभाग्य प्रदान गर्ने चेतनाको चित्रण लेखनमा गर्नुपर्ने देखिन्छ । जीवन के रुवाइ मात्र हो ? होइन भने 'किन कथाका अधिकांश पात्रहरू आफुमाथि परेको अन्याय र अत्याचारको विरोधमा लड्न अग्रसर हुँदैनन् र आफ्नो भोगाइलाई भाग्य वा नियतिसँग जोडेर बाँकी जीवन रोएरै बिताउँछन् ?, बहस गर्नुपर्ने वेला आइसकेको छ, लेखक समाजको मार्गद्रष्टा हो। जे लेख्छ त्यसमा उसको जीवनप्रतिको दृष्टिकोण स्थापित भएको हुन्छ । यसैले लेखनमा व्यक्तिएको कुरामा लेखकको द्वैध-चरित्रता रहन गयो भने त्यो फेरि अर्को दुर्घटना भइदिन्छ वा उनको विचार र जीवन-दर्शनमै प्रश्नचिह्न लाग्न सक्छ । यसैले बढी चनाखो हुने दिन आएको छ, आगामी दिनका लेखनको निम्ति ।

अधिकांश रोदन भएका कथा भए पनि पछिल्ला चरणमा महिला कथाकारका नारी पात्र अहं बोध गर्ने आजका नारीको प्रतिनिधि भएको छ । यस सन्दर्भमा समाजको कुनै कुनावाट नमीठो टिप्पणी हुने गर्दछ- केही पढेलेखेका मुट्ठीभर शहरिया नारीको आवाज़ले आधा आकाश ढाक्ने महिलाहरूका समस्याको प्रतिनिधित्व गर्न सक्दैन भन्नेर । तर यस्तै लेखनको आड र ढाडस पाएमा महिलाभित्रै रहेको सशक्त चेतनाले सशक्तीकृत रूप लिएर मरनीदेवी (बोक्सीको आरोपमा प्रताडित महिला) जो गाउँकै प्रतिनिधि व्यक्तित्व हो, बन्न सक्दछ । यस्ता नारीलाई सशक्त बनाउने काममा स्रष्टा, समालोचक र पाठकले आफ्नो दायित्वबोध गर्नुपर्ने वेला आइसकेको छ । आफुमा आइपरेको अन्याय र अमानवीय व्यवहारलाई टुलुटुलु हेर्दै खुरुखुरु भोग्दै प्रतिवाद नै नगरीकन आत्मसमर्पण गर्ने पात्र कातर हुन्, कमजोर हुन् । यसरी आफ्नो सिर्जनालाई सधैं कातर बनाइरहँदा त्यो सिर्जना समाजको फोटोग्राफी त होला, तर त्यस फोटोग्राफीको अर्थले अबका दिनहरू धान्न सक्दैन । यसैले स्वाभिमानपूर्वक बाँच्न चाहने पात्रले मात्र अबको समाजमा केही सन्देश दिन सक्छ र सामाजिक परिवर्तनका सूचकहरू स्थापित गर्न मद्दत गर्दछ, अन्यथा यथास्थितिको यस समस्याको समाधान हुन पुस्तौंपुस्ताको समय लाग्ने निश्चित छ ।

## पुनश्च

कथा क्षेत्र सारै उर्वर विधा हो । अत: फुटकर प्रकाशनमा आएका सबै कथा र कथाकारको नामलाई यस कार्यपत्रमा लिपिबद्ध गर्न सकिएन । विषयको प्रस्तुतिगत विविधता लिएर प्रशस्त जागरूक महिला कथाकारहरू देखिएका छन् । तिनीहरूले वर्तमान सामाजिक परिवेशलाई स्वर दिइरहेका छन् । ती रचनाहरू पछि सङ्ग्रहीत कथासङ्ग्रहका रूपमा आए यस कार्यपत्रको पछाडि, जहाँ कथासङ्ग्रहलाई आधार मानी कालक्रमिक सूचीको परिशिष्ट दिइएको छ, त्यहाँ कथाकृति र कथाकारको नामलाई सूचीकृत गर्दै लगिनेछ ।

यस कार्यपत्रमा नेपालबाहिरका महिला कथाकारहरूको चर्चा गरिएको छैन । त्यसको निम्ति बेग्लै कार्यपत्रको आवश्यकता देखिएकोले त्यस सम्भावनातिर सङ्केत मात्र गर्दै यस कार्यपत्रभित्र ती प्रतिभाको चर्चा नगरिएको हो ।

**– उप प्रा. सावित्री मल्ल (कक्षपती)**

# सन्दर्भग्रन्थ सूची


१. ईश्वरकुमार श्रेष्ठ 'ईशदिव', *आधुनिक नेपाली-कथापरम्परा र माया ठकुरीको आगमन* पृ. १०८-११५, समकालीन साहित्य १७, वर्ष ५ अङ्क १, माघ-फागुन-चैत २०५१

२. सं. कमल दीक्षित, शिव रेग्मी र शिवप्रसाद भट्टराई, गोरखापत्र, सय वर्षका १०१ कथा, वैशाख २४, २०५८, गोरखापत्र संस्थान ।

३. किशन थापा 'अधीर', *आजको नेपालीकथा एक सर्वेक्षण*, पृ. ९६-१२५, प्रज्ञा, असार-असोज, २०५६, पूर्णाङ्क ९० वर्ष २९

४. कृष्ण प्रधान, *नेपालीकथा : महिला प्रतिभामा पाइने प्रवृत्ति*, पृ. ९१-९७, कथाअङ्क, मधुपर्क, मङ्सीर, २०५०

५. कृष्ण गौतम, *ढुङ्गानाको कथा-रचनामा स्त्री पुरुषको ध्रुवीकरण*, पृ. ८८-९५, समकालीन साहित्य, वर्ष ५ अङ्क २ पूर्णाङ्क १८, वैशाख-जेठ-असार २०५२

६. प्रा. गोपीकृष्ण शर्मा/उप प्रा. ज्ञानु पाण्डे, नेपाली-साहित्यमा नारी प्रतिभाको संलग्नता प्रारम्भ र विकास, कार्यपत्र

७. घटराज भट्टराई, नेपाली-लेखककोश, २०५६, लक्ष्मीप्रसाद देवकोटा प्रतिष्ठान

८. जयदेव भट्टराई, साहित्यकार-परिचय र अभिव्यक्ति, २०५४, ने.रा.प्र.

९. ताराकान्त पाण्डे, *पारिजातका कथामा नारी पात्रहरू एक अध्ययन*, पृ. १३९-१५४, समकालीन साहित्य, वर्ष ४ अङ्क ३ पूर्णाङ्क १५, २०५१, ने.रा.प्र.

१०. सं. दयाराम श्रेष्ठ सम्भव र मोहनराज शर्मा, नेपाली-साहित्यको संक्षिप्त इतिहास, द्वितीय संस्करण, २०४०, साझा प्रकाशन

११. सं. दयाराम श्रेष्ठ, नेपाली-साहित्यका समकालीन सन्दर्भहरू, ने.रा.प्र.

१२. सं. दयाराम श्रेष्ठ, पच्चीस वर्षका नेपालीकथा, २०३९, ने.रा.प्र.

१३. सं. डा. दयाराम श्रेष्ठ, कथायन, २०४०, रचना-प्रकाशन

१४. डा. दयाराम श्रेष्ठ, *यौनदेखि अस्तित्ववादसम्मको विस्तारमा कथाकार प्रेमा शाह*, १६५-१७७, गरिमा समालोचना-विशेषाङ्क, वैशाख २०५१

१५. भिक्टर प्रधान, *नारीवादको परिप्रेक्ष्यमा नेपालीकथामा नारी-मानसिकता*, पृ. १०७-१२०, समकालीन साहित्य वर्ष ६, अङ्क १ पूर्णाङ्क २१, माघ-फागुन-चैत २०५२, ने.रा.प्र.

१६. मोहनराज शर्मा, *नेपालीकथाको विकास*, पृ. ५८-६१, कथाअङ्क, मधुपर्क, मङ्सीर २०५०

१७. सं. शैलेन्द्र साकार, कथामा नारी-हस्ताक्षर, २०३३, साझा प्रकाशन

१८. सुधा त्रिपाठी, *समसामयिक नेपालीकथाको विकासक्रम*, पृ. १७२-१७५, समालोचना-विशेषाङ्क मधुपर्क, भदौ २०५५, गोरखापत्र संस्थान

१९. सुधा त्रिपाठी, महिला कथाकार र महिला, कार्यपत्र ।

# परिशिष्ट

## *प्रकाशित कथासङ्ग्रहहरूको कालक्रमिक सूची*

१. देवकुमारी थापा सिंह, सन् १९२८, खर्साङ, दार्जीलिङ

क. २०१२ **एकादशी**

ख. २०१५ **झझल्को**

ग. २०२१ **सेतो बिरालो**

घ. २०२७ **टपरी**

ङ. २०४१ **भोकतृप्ति**

च. २०४५ **प्रलय-प्रतीक्षा**

छ. २०५२ **देवकुमारी थापाका प्रतिनिधि कथाहरू**

पहिलो कथा : *पतन* २००३

पुरस्कार : ०३५ रत्नश्री-सेवापदक, २०३९ गोरखा-दक्षिणबाहु, २०५० उत्तम-पुरस्कार, प्रतिभा-पुरस्कार, महेन्द्ररत्न-भूषण आदि ।

२. किरण शाक्य, पन्त, २००६, चैनपुर, वास्तविक नाम. योगमाया शाक्य

क. २०२० **बन्धनमुक्त**,

ख. २०१५/१६ ताक **भारतीमा** *खित्का* शीर्षकको कथा प्रकाशित ।

३. विद्यादेवी दीक्षित, १९६२-२०४७, काठमाडौं

क. २०२० **पुराना कथा**

ख. २०२३ **पुराना र नयाँको कथा**

४. चन्द्रकला नेवार, १९९९, डिग्बोई, आसाम

२०२२ **ममता**, श्री ५ को सरकार प्रचार प्रसार मन्त्रालय, प्रचार-विभाग

पुरस्कार : साहित्यिक पत्रकार संघद्वारा सम्मानित, शिल्पी साहित्यिक सङ्घ, आसामद्वारा सम्मानित ।

५. प्रेमा शाह, २००३ मङ्सीर २५, वीरगञ्ज

क. **२०२३ पहेंलो गुलाफ**

ख. **विषयान्तर**

२०१६ मा **प्रतिक्रिया** पहिलो कथा, **शारदा**

२०४५ मा मैनालीकथापुरस्कार प्राप्त

६. राधिका राय, १९८७, झापामा बसोवास

२०२३ *उनी नगएको भए*

७. पारिजात (विष्णुकुमारी बाइवा) १९९४, दार्जीलिङ-२०५० वैशाख ४, काठमाडौं

क. २०२५ **आदिम देश**

ख. २०३२ **सडक र प्रतिभा**

ग. २०४३ सालीको बलात्कृत आँसु
घ. २०४९ वधशाला आउँदा जाँदा
पुरस्कार : मदन-पुरस्कार २०२२, वसुन्धरा-गंकीपुरस्कार

८. आशा सिंह, २०१२ जेठ १५ महाराजगञ्ज, काठमाडौं
क. २०२५ दुई किनारा एक सुस्केरा
ख. २०३४ क्षितिजको सपना
ग. पिल्सिएको व्यथा

९. माया ठकुरी, २००५ लखनउ, भारत
क. २०३० नजुरेको जोडी
ख. २०३३ गमलाको फूल
ग. २०३९ साँघु तरेपछि
घ. २०४६ चौतारी साक्षी छ
ङ. २०४८ माया ठकुरीका कथाहरू
पुरस्कार : रत्नश्री-पुरस्कार २०३५, मैनाली-कथापुरस्कार

१०. अङ्गूरवावा जोशी, १९८६, डिल्लीबजार
क. २०३१ कल्पना

११. शशिकला शर्मा, १९९०, कमलपोखरी, काठमाडौं
२०३१ तिर उसको सुरुवाल

१२. अनिता तुलाधर, २०१६, विराटनगर
क. २०३४ फुलु
ख. २०३५ रित्तो शहर
ग. २०४० सूर्यग्रहण
घ. २०४५ विडम्बना
पहिलो कथा : २०२३ *कान्छा मगर*, रत्नश्री
पुरस्कार : २०३४ मा रत्नश्री-पदक

१३. पद्मावती सिंह, २००५ वैशाख २९, ओमबहाल, काठमाडौं
क. २०३८ कथादि
ख. २०३९ कथायाम
ग. २०४४ कथाकार
घ. २०५७ पद्मावतीका कथाहरू
पुरस्कार : २०३९ मा रत्नश्री-पदक, २०४७ मा मैनाली-कथापुरस्कार, २०५७ मा वीरेन्द्र ऐश्वर्य सेवापदक, २०५९ राष्ट्रिय प्रतिभा पुरस्कार

१४. शान्ता श्रेष्ठ, १९९२, काठमाडौं

२०४२ सारङ्गीमा नअटाएको सुर

१५. सीता पाण्डे, २०१६ फागुन १५, झापा

क. २०४२ **असजिला खुशीहरू** (कथा + कविता-सङ्ग्रह)

ख. २०४६ **बन्धकी खुशीहरू**

१६. भागीरथी श्रेष्ठ, २००५, रिडीबजार, गुल्मी

क. २०४३ **क्रमशः**

ख. २०४४ **मोहदंश**

ग. २०४९ **विभ्रम**

पहिलो कथा : *प्रबल इच्छा*, २०२३ **सरु** पत्रिका

पुरस्कार : २०४३ रत्नश्री-पुरस्कार, मैनाली-कथापुरस्कार २०४५, नूरगङ्गा-प्रतिभा-पुरस्कार, राष्ट्रिय प्रतिभा-पुरस्कार

१७. मञ्जु काँचुली, २००७, डिल्लीबजार, काठमाडौँ

क. २०४५ **केही माया केही परिधि**

ख. २०५३ **मञ्जु काँचुलीको कथासङ्ग्रह**

पुरस्कार : वासु शशी स्मृति पुरस्कार २०५८

१८. भद्रकुमारी घले, १९९६

क. २०४७ **नारीको व्यथाको कथा**

ख. २०४७ **शक्तिरूपा नारी**

ग. २०५२ **मेरा सहयात्री**

पुरस्कार : रत्नश्री, गो.द.बा. दोस्रा

१९. गायत्री विष्ट गाउँले २०२८, साँखु

२०४५ **जूनकीरी**

२०. रेवती राजभण्डारी, १९९९ जेठ, ठमेल

क. २०४६ **दाइजो**

ख. २०५३ **मुक्ति**

२१. भुवन ढुङ्गाना, कोइराला, २००५ जेठ २, गहेलीटोल, विराटनगर

२०४८ **युद्धको घोषणा गर्नुभन्दा अघि**

२२. शारदा शर्मा, २०१५, कार्तिक ३, स्याङ्जा

२०४८ **आस्थाको भग्नावशेष**

२३. वेन्जु शर्मा, २००४, डिल्लीबजार, काठमाडौँ

२०४९ **विसङ्गत**

पुरस्कार : रत्नश्री-स्वर्णपदक

२४. लीला श्रेष्ठ, सुब्बा, २०११, ताप्लेजुङ

२०४९ **फकलैन्ड**

२५. कमला सरूप, २०२१, सुनसरी

२०४९ **सम्झनाको मोडमा**

२६. हिरण्यकुमारी पाठक, २००२, काठमाडौँ

२०५० **मोहचक्र**

२०५७ **शून्यवत्**

२७. इन्दिरा प्रसाई, २०१४ फागुन ३, दार्जीलिङ

२०५१ **मन शायद उघ्रँदैन**

पुरस्कार : युवा वर्ष मोती पुरस्कार, राष्ट्रिय प्रतिभा-पुरस्कार, मैनाली-कथापुरस्कार

२८. पुष्पलता आचार्य, २०१५, लमजुङ

२०५१ **रित्तो वर्तमान**

**शुरूहीन अन्त्य**

२९. यमुना राय, २०१२, ओमबहाल, काठमाडौँ

२०५१ **कथैकथा व्यथैव्यथा**

३०. देवकुमारी न्यौपाने, २०१४, धादिङ

२०५२ **एउटा अर्को विद्रोह**

३१. साधना प्रतीक्षा, पर्वत

२०५३ **रगतका दुई रङ्ग**

३२. उषा दीक्षित, २०१०, डिल्लीबजार, काठमाडौँ

२०५४ **अँजुलीभरिको आकाश**

३३. दिव्यानी रावल

२०५४ **प्रेमतृष्णा**

३४. सुधा बस्नेत

२०५४ **अझै दैलो उघारै छ**

३५. बावा बस्नेत, २०२२ सिन्धुपालचोक

२०५५ **गन्तव्य**

३६. कमला पराजुली

२०५६ **निरुत्तरित प्रश्नहरू**

३७. गीताकेशरी, १९९७ असार १, पकनाजोल, काठमाडौँ

२०५७ **तरङ्ग**

पुरस्कार : धरणीधर कोइराला पुरस्कार २०४०, लोकप्रियादेवी-पुरस्कार २०४९

३८. माधवी अधिकारी, २००४ साउन १६, टेंगलटोल, काठमाडौं
**२०५८ हाकिम साहेब**

३९. सङ्गीता स्वेच्छा, २०३०, क्वपुंडोल, ललितपुर
**असहमतिका पाइलाहरू** (संयुक्त कथासङ्ग्रह)

४०. भारती खरेल, १९९५-२०४९, काठमाडौं
**पछ्‌तो**

४१. **मोतीलक्ष्मी उपासिका स्मृति ग्रन्थ,**
२०५६ सम्पादकद्वय माधवलाल कर्माचार्य र फणीन्द्ररत्न वज्राचार्य, नेपालभाषा परिषद्, काठमाडौं

४२. जलेश्वरी श्रेष्ठ, २००३, वटु टोल, काठमाडौं
२०५८, **लाभाका वाफहरू**

# नेपाली उपन्यास विधामा नारी साहित्यकार

## १. पृष्ठभूमि : नेपाली उपन्यास सूक्ष्म रेखाङ्कन

गद्यसाहित्यका अन्य विधाको तुलनामा जीवनको बहुपक्षीय, बहुआयामिक अध्ययन प्रस्तुत गर्ने उपन्यास विधा पश्चिमी साहित्यजगत्को उपज मानिन्छ । यसो भए तापनि नेपाली-साहित्यफाँटमा उपन्यास विधा पश्चिमी साहित्यको प्रभावस्वरूप एकैचोटि पूर्ण विकसित रूपमा नभित्री क्रमिक रूपमा नै विकसित भएको पाइन्छ । यसरी पाश्चात्य साहित्यको प्रभावस्वरूप नयाँ विधाको रूपमा देखा परेको भए तापनि नेपाली-उपन्यासको जन्म तथा विकास खोतल्दै जाने हो भने यो पनि अन्य विधा झैं प्राथमिक कालमा संस्कृतभाषाका धार्मिक तथा पौराणिक नाटक र महाकाव्यहरूको अनुवाद/रूपान्तरणमा नै केन्द्रित हुन पुगेको पाइन्छ । शक्तिवल्लभ अर्यालका **महाभारत विराटपर्व** (१८२७) र **हास्यकदम्ब** (१८५५), बेनामी **सभापर्व** (१८८०) र सुन्दरानन्द बाँडाको **अध्यात्मरामायण** (१८८६) जस्ता अनूदित कृतिहरूमा फेला परेका आख्यानात्मकता(उपन्यासको प्रारूप)मा नै चित्त बुझाउनुपर्ने स्थिति देखिन्छ । गद्यसाहित्यको आदिरूप भई देखा परेका उपर्युक्त कृतिहरूलाई नेपाली-उपन्यासको प्राथमिककालीन रूप मान्नुपर्ने देखिन्छ । संस्कृतभाषामा धर्मग्रन्थका रूपमा रहेका कृतिहरूलाई धार्मिक अभीष्टपूर्तिको लागि गरिएका नेपाली-गद्यानुवाद नै नेपाली-गद्यसाहित्यको प्राथमिक काल तथा नेपाली-उपन्यासको पृष्ठभूमि-कालका उपलब्धिका रूपमा देखा पर्दछ ।

वि.सं. १९४६ देखि नेपाली-उपन्यासको फाँटमा देखा मध्यकाल पर्दछ र औपन्यासिक हिसाबले यस अवधिलाई निर्माणकाल पनि भनिएको पाइन्छ । यस कालमा प्राथमिककालीन धार्मिक/पौराणिक आख्यानका साथसाथै उर्दू, फारसी तथा हिन्दीका उपन्यासको प्रभावस्वरूप जासूसी, तिलस्मी, अतिरञ्जनात्मक उपन्यासहरूको लेखन तथा अनुवाद हुन थालेको पाइन्छ भने **वीरसिक्का** (१९४६), **महेन्द्रप्रभा** (१९५९ अपूर्ण) र **वीरचरित्र** (१९६०) जस्ता उपन्यास भन्नभन्न सकिने कृतिहरू प्रकाशित हुन थालेको पाइन्छ । यसरी नै यस कालमा हिन्दी-उपन्यासका सर्जक देवकीनन्दन खत्रीका **नरेन्द्र-मोहिनी** (१९५८) र **चन्द्रकान्ता** जस्ता जासूसी उपन्यासका अनुवादहरूसँगै वेदनाथ आचार्यको **दयाकी भावी** (१९७९), अम्बालिकादेवीको **राजपूत रमणी** (१९८९) जस्ता मौलिक कृतिहरू पनि नेपाली-उपन्यासको फाँटमा देखा पर्न थालेको पाइन्छ ।

पृष्ठभूमिकाल र निर्माणकालको पृष्ठपोषणपछि अर्थात् वि.सं. १९९० पछि

भने नेपाली-उपन्यास आफ्नो विधागत स्वरूप लिएर देखा परेको पाइन्छ । एक सय त्रिसट्ठी वर्षको अवधि पार गरेपछि नेपाली उपन्यास औपन्यासिक शिल्प, समसामयिक युगबोध, पाश्चात्य प्रभाव तथा सामाजिकतालाई समेट्दै आफ्नो खास स्वरूप धारण गरी आधुनिक रूप प्राप्त गर्न पुगेको पाइन्छ । यसरी प्राथमिक काल र माध्यमिक कालको परिपोषणमा सरदार रुद्रराज पाण्डेको कलमले **रूपमती** (१९९१) उपन्यासको प्रकाशन गरी नेपाली-उपन्यासमा आधुनिकताको श्रीगणेश गर्‍यो भने दार्जीलिङका रूपनारायण सिंहको **भ्रमर** (१९९३) नेपाली-उपन्यासजगत्‌मा आधुनिकताको पूर्ण संवरण गरी देखा पर्‍यो ।

आफ्नो प्रारूपमा धार्मिक/पौराणिक काव्यात्मक कृतिहरूको गद्यात्मक नेपाली-रूपान्तरणलाई समेटेर अघि बढेको नेपाली-उपन्यास निर्माणकालमा हिन्दी, उर्दु र फारसीको प्रभाव बोकी अघि बढ्दै आएको पाइन्छ भने एक शताब्दी र त्रिसट्ठी वर्षको समयावधि पार गरेपछि बल्ल आफ्नो वास्तविक आकृति अर्थात् औपन्यासिक शिल्प र विषय प्राप्त गरी आधुनिक रूप प्राप्त गर्न पुग्दछ । यसरी विभिन्न चरण पार गरी नेपाली-उपन्यासले आधुनिक रूप प्राप्त गरेपछि भने यसले विभिन्न वाद तथा धाराका मूलप्रवृत्तिलाई आत्मसात् गर्दै उत्तरोत्तर रूपमा अघि बढ्ने क्रम जारी राखेको छ ।

आदर्श बुहारीको चरित्र-चित्रण गर्दै नेपाली महिलालाई आदर्शको पाठ पढाउने आदर्शोन्मुखी यथार्थवादी औपन्यासिक कृति **रूपमती**बाट आधुनिकताको वरण गरी स्वच्छन्द प्रकृतिको नायकको केन्द्रीयतामा घुमेको स्वच्छन्दतावादी उपन्यास **भ्रमर**मा आधुनिकताको पूर्ण संवरण गर्न पुग्दछ भने लैनसिंह बाङ्गदेलको **मुलुकबाहिर**(२००४)को प्रकाशनपछि सामाजिक यथार्थवादी धारातिर उन्मुख हुन पुग्दछ । पूर्वी भेगका नेपालीहरू हिउँद याममा काम र मामको खोजीमा कसरी भारत पस्छन् र केकस्तो काम गरी हातमुख जोर्ने बन्दोबस्त गर्दछन् भन्ने विषयलाई मूलरूपमा अघि बढाउने बाङ्गदेलकै कलमबाट पुनः अर्को उपन्यास **माइतघर** (२००५) पनि देखा पर्दछ । पूर्वी नेपालको सामाजिक, सांस्कृतिक तथा आर्थिक जनजीवनको चित्र खिच्दैखिच्दै दार्जीलिङसम्म नै पुग्ने बाङ्गदेलले प्रस्तुत उपन्यासमा राम्रोसँग विश्लेषण गरी अवलम्बन गर्न नजाने हाम्रै संस्कार, हाम्रै भावनाले हाम्रो जीवनलाई दुःखमय बनाउन पनि सक्छ भन्ने कुरा छुसुक्क छुस्क्याउनुसँगै निम्नमध्यमवर्गीय जीवनका, नारीपीडाका कारुणिक चित्र खिचेका छन् ।

यसरी बाङ्गदेलबाट सामाजिक यथार्थतिर उन्मुख भएको आधुनिक नेपाली-उपन्यास वि.सं. २००६ सालमा प्रकाशित डायमनशमशेर ज.ब.रा.को **वसन्ती**ले पूर्ववर्ती ऐतिहासिकतालाई गति प्रदान गरेको ऐतिहासिक धारातिर मोडिन्छ; टुकराज तथा पद्मराज मिश्रको **रजबन्धकी** (१९९३), **रामकृष्ण कुँवर राणा**(१९९९)बाट

नै नेपाली आधुनिक उपन्यासमा भित्रेको ऐतिहासिक धारा **वसन्ती**मा केही परिपुष्ट रूप प्राप्त गर्दछ ।

यसपछि आधुनिक नेपाली उपन्यास बाङ्गदेलकै औपन्यासिक कृति **लङ्गडाको साथी**(२००८)बाट पुनः सामाजिक यथार्थको चित्र खिच्दै मनोयथार्थ, अतियथार्थतिर लम्कन्छ । यसरी सामाजिक यथार्थ तथा अतियथार्थ हुँदै अघि बढेको नेपाली-उपन्यास हृदयचन्द्रसिंह प्रधानको **एक चिहान**(२०११)मा पुगेपछि प्रगतिवादी स्वर लिएर अघि बढ्दछ भने उनकै अर्को औपन्यासिक कृति **स्वास्नीमान्छे**(२०११) बाट नारीवादी धारातिर पनि मोडिन्छ । यसको आधा दशकपछि नेपाली-उपन्यास मनोवैज्ञानिक धारातिर मोडिन पुग्दछ । गोविन्द मल्ल 'गोठाले'को **पल्लो घरको झ्याल**(२०१६) फ्रायडीय मनोविज्ञान तथा प्रकृतवादी स्वरको मूर्त रूप लिएर देखा पर्दछ भने विजय मल्लको **अनुराधा** (२०१८) मनोविज्ञानका सिद्धान्तहरूको विश्लेषणकै रूप लिएर देखा पर्दछ । यसरी नेपाली-उपन्यासको फाँटमा मल्लबन्धुद्वयका कलम मनोविज्ञान तथा मनोविश्लेषण दुवै पक्षलाई भित्राउन पुग्दछ ।

**अनुराधा**ले भित्र्याएको मनोविश्लेषणपछि नेपाली उपन्यास इन्द्रबहादुर राईको **आज रमिता छ** (२०२१) विशृङ्खलित संरचनामा मानवजीवनका विसङ्गतिहरूलाई शृङ्खलित गर्न पुग्दछ । वि.सं. २०२० को दशक नेपाली-उपन्यासको फाँटमा विषय र शिल्प दुवै दृष्टिले नवीन प्रयोगको अवधि भएर देखा पर्दछ । उपन्यास/साहित्य जीवन हो र जीवन जस्तो अनुभूत हुन्छ त्यस्तै रूपमा लेखिनुपर्दछ भन्ने मान्यतासहित नेपाली-उपन्यासफाँटमा आएका इन्द्रबहादुर राई दार्जिलिङे नेपाली विसङ्गतिलाई विसङ्गत रूपमै **आज रमिता छ**मा चित्रित गर्न पुग्दछन् भने नेपाली-साहित्यकी विशिष्ट प्रतिभा पारिजात **शिरीषको फूल**(२०२२)द्वारा अस्तित्वको पुटसहित विसङ्गतिवादी जीवनदृष्टिलाई नै उपन्यासको प्रतिपाद्य विषय बनाउन पुग्दछिन् । शून्यवादी, अस्तित्ववादी, विसङ्गतिवादी जीवनदृष्टिलाई काव्यात्मक परिपाकमा कलात्मक रूपमा प्रस्तुत गरी नेपाली-उपन्यासलाई कोल्टे फेराउने काम पारिजातबाट भएपछि भने नेपाली-उपन्यास सानासाना घुम्तीमा नै हिँडिरहेको छ, विशेष मोड वा घुम्तीमा पुगेको छैन ।

हुनत पौराणिक धारा तथा नारीवादी धाराले औपन्यासिक रूपको परिपुष्टता मदनमणि दीक्षितको **माधवी**, **त्रिदेवी** तथा विनोदप्रसाद धितालको **योजनगन्धा** जस्ता पछिका कृतिहरूमा नै प्राप्त गरेको पाइन्छ, तैपनि विषय-प्रवेशको दृष्टिले हेर्ने हो भने पौराणिक विषय नेपाली-साहित्यको सन्दर्भमा नवीन देखा पर्दैन भने नारीवादको नारीविद्रोहको आगो अम्बालिकादेवीको **राजपूत रमणी**मा नै बलिसकेको पाइन्छ । यसैले पनि पारिजातपछिका नेपाली-उपन्यासमा धारागत दृष्टिले विशेष

नवीनता फेला पर्दैन भन्न सकिन्छ ।

ध्रुवचन्द्र गौतमको **फूलको आतङ्क** (२०५५), बानिरा गिरिको **शब्दातीत शान्तनु** (२०५६) जस्ता सूत्रात्मक तथा काव्यात्मक औपन्यासिक कृतिहरू केही मात्रामा शिल्पगत नवीनता त भित्र्याइरहेकै छन्, तर **आज रमिता छ** र **शिरीषको फूलले** भित्र्याएको प्रयोगवादी धारापछि हलचल नै मच्चाउन सक्षम धारा भने अस्तित्वमा आउन सकेको छैन ।

रुद्रराज पाण्डेले भित्र्याएको आदर्शोन्मुख यथार्थवाद, रूपनारायण सिंहले भित्र्याएको स्वच्छन्दतावाद, लैनसिंह बाङ्देलको सामाजिक यथार्थ, अतियथार्थवाद, अम्बालिकादेवीको ऐतिहासिक तथा नारीवादी धारा, हृदयचन्द्रसिंहको प्रगतिवाद, गोविन्द 'गोठाले'को मनोवैज्ञानिकता, विजय मल्लको मनोविश्लेषणात्मकता, ऋद्धिबहादुर मल्लको पौराणिकता र पारिजातको अस्तित्ववादी विसङ्गतिवादलाई त्यसपछिका उपन्यासकारहरूले अघि बढाउँदै आएको पाइन्छ ।

अम्बालिकादेवीको ऐतिहासिक धारा डायमनशमशेरको **वसन्ती**, **सेतो बाघ**-हुँदै विकसित रूपमा औपन्यासिक रूप प्राप्त गर्न पुगेको पाइन्छ भने पौराणिक धारा विनोदप्रसाद धितालको **योजनगन्धा**मा औपन्यासिक सौष्ठव प्राप्त गर्न पुगेको पाइन्छ । अन्य धाराको सन्दर्भमा हेर्ने हो भने उल्लिखित केन्द्रीय प्रतिभाका औपन्यासिक लेखन नै आफ्नो समयविशेषमा विशेष प्रभावशाली नेपाली-उपन्यासफाँटमा एक-एक कोसे ढुङ्गो बनी स्थापित भएको पाइन्छ भने तिनै कोसे ढुङ्गोवरिपरि तत्-तत् धाराका उपन्यास तथा उपन्यासकारको प्रवाहमा नेपाली-उपन्यासको विकासको क्रम अघि बढ्दै आएको पाइन्छ ।

यसरी विभिन्न धारागत प्रवृत्तिलाई आत्मसात् गर्दै अघि बढेको नेपाली-उपन्यासले विकासको क्रममा थुप्रै नारी तथा पुरुष साहित्यकारहरूको न्यानो माया र सद्भाव प्राप्त गरेको छ । ती सबैको विस्तृत चर्चा विस्तृत नै हुने भएकोले यस पत्रको उद्देश्यअनुरूप यो चर्चा यतिमा नै सीमित भएको छ ।

## २ नेपाली उपन्यास विधामा नारी साहित्यकारको प्रवेश र विस्तार

नेपाली उपन्यासको प्रारूप खोज्दै जाने हो भने वि.सं. १८२७ को शक्तिवल्लभ अर्यालको **महाभारत विराटपर्व**मा नै पुगिन्छ । तर यसमा नारी साहित्यकारको संलग्नतालाई खोतल्न थाल्ने हो भने नेपाली-उपन्यासको निर्माणकालको पनि उत्तरार्धतिर ओर्लनुपर्ने स्थिति देखिन्छ ।

वि.सं. १९८९ को अम्बालिकादेवीको **राजपूत रमणी** नै नेपाली-उपन्यासको विकासक्रममा देखिएको पहिलो नारीप्रयासको रूपमा देखा पर्दछ (हुनत दुर्गादेवी आचार्यको **अनसूया-सीतासंवाद** (१९६५) र **भार्याकर्तव्य** (...?) जस्ता गद्याख्यानात्मक कृतिहरूलाई पनि उपन्यासको प्रारूपकै रूपमा लिन खोजिएको पनि पाइन्छ, तर

आख्यानात्मक विस्तारकै दृष्टिले पनि यी कृतिलाई औपन्यासिक कृतिको प्रारूप मान्नु त्यति उपयुक्त नदेखिने भएकोले **राजपूत रमणीलाई** नै यस विधाको पहिलो नारी-हस्ताक्षरको रूपमा लिइएको हो ।

अन्य विधाको विकासक्रममा नारीको कलम तुलनात्मक रूपमा अघिदेखि नै चलेको पाइन्छ । सङ्ख्यात्मक रूपमा नगण्य नै किन नहोओस् उपन्यासविधा कथा र कविताविधाका तुलनामा सबै दृष्टिले व्यापक विधा भएकोले होला शायद नारी-हस्ताक्षरको नगण्य स्थिति पनि निकै ढिलो नै आएको देखिन्छ । शिक्षाको अभाव, समयको/अवसरको अभाव र सामाजिक सन्त्रासको स्थितिमा गुज्रनुपरेको नारीवर्गको कलम उपन्यास जस्तो जीवनको बहुआयामिक पक्ष समेट्ने विधामा दगुर्न सक्नु निकै दुस्साहसिलो कार्य थियो शायद । यसैले अम्बालिकादेवीको **राजपूत रमणी**(१९८९)को प्रकाशनपछि पनि नेपाली-उपन्यासले अर्को नारी-हस्ताक्षर प्राप्त गर्न तीन दशकको अवधि नै प्रतीक्षामा बिताउनुपरेको देखिन्छ । वि.सं. २०२२ मा पारिजातको कलमबाट **शिरीषको फूल** प्रकाशित भएपछि नेपाली-उपन्यासले दोस्रो नारी-हस्ताक्षर प्राप्त गर्दछ । 'ढिलै होस् तर गरेको काम पूर्ण होओस् भनेझैं दोस्रो नारी-हस्ताक्षर नै नेपाली-उपन्यासफाँटमा एउटा युगान्तकारी औपन्यासिक कृतिको रूपमा देखा पर्दछ । एउटी नारीको कलमबाट नेपाली-उपन्यासले नवीन स्वर र शिल्प प्राप्त गर्दछ । अस्तित्ववाद र विसङ्गतिवादको मूल-स्वरलाई काव्यात्मक भाषाको परिपाकमा **शिरीषको फूलले** नेपाली-उपन्यासमा प्रयोगवादी धाराको पूर्ण प्रतिष्ठापन गर्दछ ।

यसपछि नै पारिजातकै कलमबाट पनि एकपछि अर्को गरी उपन्यासको लेखन तथा प्रकाशन हुन थाल्दछ भने अन्य नारी साहित्यकारहरू पनि उपन्यासविधातर्फ आकर्षित हुन थालेको पाइन्छ ।

अध्ययनको क्रममा प्राप्त नेपाली उपन्यास विधामा देखा परेका नारी उपन्यासकार तथा तिनका औपन्यासिक कृतिहरू यसप्रकार रहेका छन् -

**अम्बालिकादेवी** (१९५१-१९९३) रामनगर, भारत)
- राजपूत रमणी (१९८९)

**गीताकेशरी** (१९९७, काठमाडौं)
- कसिङ्गर (२०३४), सौगात (२०४६), आवाज (२०४७), मुक्ति (२०४८), खोज (२०५०), अन्तिम निम्तो (२०५१), विश्वास (२०५२), खुला आकाश (२०५४), नोकरी (२०५५)

**भागीरथी श्रेष्ठ** (२००५, गुल्मी-काठमाडौं)
- मालती (२०३४), यस्तो एउटा आकाश (२०४६)

**आशा सिंह शाह** (२००६, काठमाडौं)

- दाइजो ओझेल परेपछि, रात रोएपछि, शिक्षितको सपना, फर्केर हेर्दा
बानीरा गिरि (२००३, खरसाङ-काठमाडौं)
- कारागार (२०३५), निर्बन्ध (२०४४), शब्दातीत शान्तनु (२०५६)
कमला न्यौपाने (१९९७, धरान - काठमाडौं)
- उसको सपना (२०३४)
बेन्जु शर्मा (२००४, काठमाडौं)
- देहमुक्त (२०४०, संयुक्त लेखन)
मञ्जु काँचुली (२००७, काठमाडौं)
- आकाश विभाजित छ (२०३२, संयुक्त लेखन)
पारिजात (१९९४-२०५०, दार्जिलिङ-काठमाडौं)
- शिरीषको फूल (२०२२), महत्ताहीन (२०२५), तोरीबारी बाटा र सपनाहरू (२०३३), बैंसको मान्छे (२०३४), पर्खालभित्र र बाहिर (२०३४), अन्तर्मुखी (२०५३), उसले रोजेको बाटो (२०३५), अनिँदो पहाडसँगै (२०३९), परिभाषित आँखाहरू (२०४६) र बोनी (२०४८)
प्रेमा शाह (२००२, काठमाडौं)
- आकाश विभाजित छ (२०३२, संयुक्त लेखन), मम्मी (२०४०)
सीता पाण्डे (२०१६, झापा-काठमाडौं)
- अवतार-विघटन (२०४५ संयुक्त लेखन), अन्तर्द्वन्द्व (२०५६)
भारती खरेल (१९९५-२०४९, काठमाडौं)
- गङ्गा जमुना (२०४६), एउटी आमाको कथा (२०४६), कुमारी आमा (२०५१), लाहुरे (२०५२)
प्रमिला उपाध्याय (२००९, काठमाडौं)
- दुई हत्या एक भेद, रहस्यमय युवक, शिवा
श्रेष्ठ प्रिया पत्थर (कैलाली)
- पुकार (२०४६), पतिङ्गर (२०४८), रङ्गभूमि (२०५०), मर्यादा (२०५२), कसिङ्गर (२०५३), पुनरावृत्ति (२०५७)
सङ्गीता स्वेच्छा (२०३०, ललितपुर)
- पखालिएको सिउँदो (२०४९)
शबनम श्रेष्ठ
- मनीषा (२०५०)
पुण्यरश्मि खतिवडा (१९८०, काठमाडौं)
- ज्योतिको विवाह, अपूरो अभिलाषा, जयन्त जुनू, (२०५१), अक्लान्त (२०५२)

**शोभा राना** (२०३२, चितवन)

- बेवारिसे (२०५२)

**सुस्मिता नेपाल** (२०२७, ललितपुर-काठमाडौं)

- एकान्त पनि रुन्छ (२०५३), मेरा छातीका कोलाजहरू (२०५५)

**गायत्री विष्ट गाउँले** (२०२८, काठमाडौं)

- जूनकीरी (२०५४)

**इन्दिरा प्रसाई** (२०४१, विराटनगर - काठमाडौं)

- विश्वामित्र (२०५५), रनमाया (२०५८)

**टीकाकुमारी याखा** २०३६, धनकुटा)

- औंलाको सिन्दूर (२०५७)

**वेदकुमारी न्यौपाने** (२०४१, धादिङ-काठमाडौं)

- धूवाँ (२०५७)

**शोभा भट्टराई**

- अन्त्यहीन अन्त्य (२०५८)

**शान्ता श्रेष्ठ** (१९९२, काठमाडौं)

सङ्घर्षभित्रका अनौठा पाइला (२०५८)

**शुभ श्रेष्ठ**

अस्मिताको खोजी (२०६०)

हुनत नेपाली उपन्यासविधामा नेपालभित्रका मात्र होइन नेपालबाहिर विशेष गरी दार्जिलिङ र आसाममै बसेर नेपालीभाषा-साहित्यको सेवा गर्ने नारी साहित्यकारहरूको पनि योगदान रही आएको छ, तर प्रस्तुत कार्यपत्र अहिलेलाई नेपालभित्रका नारी साहित्यकारहरूको औपन्यासिक यात्रामा सीमित रहन पुगेको छ ।

## ३. प्रवृत्ति-विश्लेषण

आधुनिक नेपाली उपन्यासको मिरमिरे कालमा नै अर्थात् वि.सं. १९८९ मा नै प्रकाशित अम्बालिकादेवीको **राजपूत रमणी** ऐतिहासिक कथामा आधारित वीराङ्गनाको बहादुरीको कथाको रूपमा देखा परेको छ । बङ्गालका अत्यन्त सम्पन्न सेठकी बुहारी राजपूत रमणी बङ्गालकै नबाबले अपहरण गरी लगेपछि उनले आफ्नो सतीत्वरक्षाको लागि के कसरी युद्धको संगठन गरिन् ? कसरी चण्डीको रूप धारण गरी नबाबलाई पराजित गराइन् र आफुलाई अवहेलना गर्ने घरका सदस्यहरूलाई पश्चात्ताप गराउन कसरी सफल भई स्वयं मृत्यु समेत वरण गरिन् भन्ने घटनाक्रमलाई अतिरञ्जनामिश्रित कलात्मक शैलीमा वर्णन गरिएको प्रस्तुत कृति नेपाली-उपन्यासले आधुनिक रूप प्राप्त गर्नुअघिकै परिवेशमा

नेपाली-उपन्यासको फाँटमा एक ऐतिहासिक कृतिकै मूल्य प्राप्त गर्न सफल रहेको देखिन्छ । औपन्यासिक विधागत विकासको सचेतताभन्दा पनि नारीशिक्षाको अभीष्ट लिई लेखिएको प्रस्तुत औपन्यासिक कृतिको उद्देश्य तथा प्राप्ति ऋद्धिबहादुर मल्लको **शर्मिष्ठा**को हाराहारीमा नै देखा पर्दछ । ठाउँठाउँमा दिइएका पद्यात्मक टिप्पणीले गर्दा चम्पुकाव्यको पनि झल्को दिने **राजपूत रमणी**ले 'नारीको मूलधर्म मुख्यतः सतीत्वरक्षा नै हो, पतिव्रताधर्म नै हो' पति जस्तोसुकै दुराचारी नै किन नहोओस्, भन्ने मानसिकताले जरो गाडेको त्यस समयमा त्यस् मानसिकताकै पुष्टि गर्नको लागि भए तापनि नारीको विद्रोह, नारीको शक्ति र सामर्थ्यलाई सघाएको छ । यस अर्थमा प्रस्तुत कृतिले नेपाली-उपन्यासजगत्मा ऐतिहासिक धारासँगै नारीविद्रोह(नारीवादको प्रारूप)को पनि बीजारोपण गरेको छ ।

अम्बालिकादेवीबाट शुरू भएको महिला साहित्यकारको औपन्यासिक यात्राले पारिजातको **शिरीषको फूल**मा पुगेर दोस्रो पाइलो प्राप्त गर्दछ, तर दोस्रो पाइलो नै वामन अवतारको पाइलोका रूपमा देखा पर्दछ । सिङ्गो नेपाली-साहित्यकी एक विराट् प्रतिभा पारिजातको **शिरीषको फूल** सिङ्गो नेपाली औपन्यासिक जगत्मा अस्तित्ववादी-विसङ्गतिवादी जीवनदृष्टि र काव्यात्मक भाषाशैली अँगाली एउटा राजमार्ग नै बनेर देखा पर्दछ यस राजमार्गको निर्माणपछि नेपाली महिला उपन्यासकारहरूको औपन्यासिक यात्रा निर्बाध रूपमा अघि बढिरहेको छ । बेग्लाबेग्लै पात्रहरूको बाह्य तथा आन्तरिक चित्रण तथा विश्लेषणद्वारा जीवनको अर्थ र जीवनको अस्तित्व केलाउँदै आधुनिक जीवनका सङ्कट, विकृति तथा जीवनप्रति पलाउँदै गएका निस्सारताका अनुभूतिहरूको अतिबौद्धिक औपन्यासिक प्रस्तुतिको रूपमा रहेको **शिरीषको फूल** नेपाली औपन्यासिक फाँटमा एउटा अतिविशिष्ट कृतिको रूपमा स्थापित भएको छ । वि.सं. २०२२ को मदन पुरस्कार प्राप्त गर्न सफल **शिरीषको फूल** सिङ्गो नेपाली-उपन्यासजगत्कै एउटा विशिष्ट प्राप्तिको रूपमा पनि रहेको छ ।

उनकै दोस्रो औपन्यासिक कृति **महत्ताहीन** निम्नस्तरीय यौन व्यापारको चित्रण गर्दै यौन कुण्ठाको वीभत्स रूपको उद्‌घाटनसँगै जीवनको निस्सारताकै अभिव्यक्तिको रूपमा देखा परेको छ भने **तोरीबारी बाटा र सपनाहरू** सिङ्गो मानव-समाजलाई दुःखी बनाउने कारक तत्त्व समाजमा विद्यमान वर्गीय भेद हो र नारीसमस्याको समाधान पनि यस वर्गीय भेदको समाप्तिबाटै मात्र सम्भव छ भन्ने सन्देश बोकी प्रगतिवादी स्वरको औपन्यासिक अभिव्यक्तिको रूपमा प्रस्तुत भएको छ ।

उनको चौथो औपन्यासिक कृति **बैंसको मान्छे** नेपाली समाजका विकृति र विसङ्गतिको प्रतिविम्बको रूपमा देखा परेको छ । यसमा नेपाली समाजका शोषित, पीडित वर्गको चरित्र-चित्रणद्वारा नेपाली-समाजमा व्याप्त शोषणको नाङ्गो तसबीर

खिचिएको छ । आर्थिक अभावले गर्दा यौनजन्य शोषण खप्न बाध्य निम्नवर्गीय युवतीहरूको पीडाचित्रण पनि उपन्यासले मार्मिक रूपमा गरेको छ ।

उनकै अर्को उपन्यास **पर्खालभित्र र बाहिर**ले पञ्चायती शासन-व्यवस्थाको चरम उत्कर्षको समयावधिमा सम्पूर्ण जनताले विकासको समान अवसर पाउनुपर्ने चाहना राख्ने क्रान्तिकारी नेताहरूको जेलभित्रको र बाहिरको स्थितिको चित्रण गरेको छ । तात्कालिक विकट परिस्थितिमा कतिपय नेताहरू सरकारको मोलमा बिकी कसरी सुखपूर्वक जीवन-यापनतिर लागे भन्ने तथ्यको उद्घाटन गर्ने प्रस्तुत कृतिले आफ्नो राजनीतिक नैतिकतामा अडान लिने, सच्चा क्रान्तिकारीहरूले जेलभित्र केकस्तो यातना खप्नुपर्दछ र जेलबाहिर जीवन धान्नकै लागि कसरी रोडा कुट्न र बालुवा ओसार्न समेत बाध्य हुनुपर्छ अनि त्यहाँ पनि अन्याय सहन नसक्दा कसरी फेरि जेलमा नै पुग्नुपर्छ भन्ने राजनीतिक सन्दर्भलाई अघि सार्दै पाठकहरूमा क्रान्तिकारी चेत उमार्ने काम गरेको छ ।

**अन्तर्मुखी**ले सानै उमेरमा मातृविहीना, मामाको अनुग्रहमा पढ्ने अवसरसम्म पाएकी र टाइपिस्टको नोकरी गरी मामाको गृहस्थीमा समेत भरथेग गर्न विवश एउटी युवतीको दैनिकीको माध्यमबाट तात्कालिक नेपालको सामाजिक यथार्थसँगै मनोवैज्ञानिक यथार्थको पनि अभिव्यक्ति दिएको छ । औपन्यासिक यात्राको प्रारम्भमा नै अस्तित्ववादी विसङ्गतिवादी जीवनदृष्टिलाई सशक्त रूपमा प्रस्तुत गर्दै त्यसपछिका औपन्यासिक कृतिमा पनि विसङ्गतिवादलाई नै चर्को रूपमा प्रस्तुत गर्दै प्रगतिवादतिर उन्मुख हुन पुगेकी पारिजातको यो कृति उनका पूर्वप्रकाशित उपन्यासका स्वरलाई मत्थर पार्दै सामाजिक तथा मनोवैज्ञानिक यथार्थको चित्रण गरेर केही मात्रामा यथार्थलाई आलोचनात्मक रूपमा पनि प्रस्तुत गर्न पुगेको छ ।

उनको छैटौँ औपन्यासिक कृति **उसले रोजेको बाटो**ले प्रगतिवादी स्वरलाई सशक्त रूपमा उठाएको छ । सर्वहारा वर्गको मजदूर ज्ञानबहादुरको केन्द्रीयतामा घुमेको प्रस्तुत कृतिले नेपाली समाज तथा भारतीय समाजमा व्याप्त आर्थिक असमानता तथा त्यसैको परिणतिस्वरूप देखा परेको वर्गीय भेद तथा ती वर्गको असमान मानसिकताले गर्दा उत्पन्न वर्गीय द्वन्द्वलाई प्रभावकारी रूपमा प्रस्तुत गरेको छ ।

पारिजातको सातौँ औपन्यासिक कृति **अनिदो पहाडसँगै**ले नेपाली राजनीतिक इतिहासमा भएका विद्यार्थी आन्दोलन (२०३५-३६) तथा त्यसले निम्त्याएको जनक्रान्ति अनि त्यसको प्राप्ति जनमतसङ्ग्रह(२०३६)को घोषणाको सेरोफेरोको राजनीतिक तथा सामाजिक परिवेश प्रस्तुत गरेको छ । राजनीतिक क्षेत्रमा घटेका सनसनीपूर्ण घटनाहरूको भावप्रवण प्रस्तुति प्रगतिवादी स्वर बोकेको यो कृति जनमानसमा क्रान्तिचेत उमार्न सक्षम कृतिको रूपमा देखा परेको छ ।

**परिभाषित आँखाहरू** पारिजातका अन्य कृतिहरूको तुलनामा विशाल आयाम र संरचनात्मक दृष्टिले पनि भिन्न स्वरूप लिएर देखा परेको छ । नेपाली समाजमा झाङ्गिँदै गएका तस्करी, चेलीबेटी-बेचबिखन तथा वेश्यावृत्ति जस्ता सामाजिक विकृति र विसङ्गतिलाई नवीन संरचनामा प्रस्तुत गर्दै यो कृति आलोचनात्मक यथार्थवादी प्रवृत्ति लिएर देखा परेको छ ।

आकार-प्रकारको दृष्टिले लघु उपन्यासको रूपमा प्रस्तुत **बोनी** (यो कथासङ्ग्रहको कोटिमा पनि राखिएको पाइन्छ भने लघु उपन्यास पनि मानिएको पाइन्छ) पारिजातको अन्तिम औपन्यासिक कृतिको रूपमा देखा परेको छ । नेपाली नारीको सामाजिक क्रान्तिको सिङ्गो आगो नदन्केसम्म बोनी(नेपाली नारी)हरूको अवस्थामा सुधार देखा पर्दैन भन्ने तथ्यबोध गराउँदै नारीवर्गमा विद्रोहको स्वर भर्ने काम पनि यसले गरेको छ ।

गीताकेशरीको **कसिङ्गर** नेपाली समाजमा व्याप्त नारीसमस्याको चित्रण गर्दै समाज-सुधारको सन्देशवाहकको रूपमा उभिएको छ । नारी र असामाजिक यौन सम्बन्धबाट जन्मेको बच्चाको उत्तरदायित्व नारीको भागमा त पर्दछ तर ऊ सामाजिक कारणले त्यस बच्चाको लालनपालन गर्न सक्दिन र फ्याँक्न बाध्य हुन्छे भन्ने तथ्यको उद्घाटन गर्दै 'यसरी बच्चा फ्याँकिदैमा समस्याको समाधान हुँदैन; त्यो फ्याँकिएको बच्चा झन् ठूलो सामाजिक समस्या लिएर आउँछ, ऊ कसिङ्गर झैं फ्याकिँदैमा हावामा विलीन हुने वस्तु होइन ऊ त अस्तित्वयुक्त प्राणी हो भन्ने अभिव्यक्ति यसले दिएको छ ।

उनकै दोस्रो औपन्यासिक कृति **सौगातले** तस्करी मानसिकताको चित्रण गरेको छ । साथै यसले नेपाली समाजमा व्याप्त छोरा र छोरीबीचको असमान व्यवहार र आमाको छोराप्रतिको झुकाव देखाउँदै त्यसको कारक तत्त्व सामाजिक संरचना नै हो' भन्ने धारणा प्रस्तुत गरेको छ ।

उनकै तेस्रो औपन्यासिक कृति **आवाजले** बाबुआमाको आर्थिक हैसियतले गर्दा सानैमा बाबुआमाको काख छाडी घरेलु नोकर्नीका रूपमा जीवन बिताउन बाध्य केटीहरूको मनोविज्ञान, यौवनको सँघार टेकेका घरेलु कान्छीहरूलाई आफ्नो यौवन जोगाउन परेको समस्यालाई निकै मार्मिक रूपमा उठाइएको छ । अशिक्षा र कुसंस्कारले गर्दा नारीहरू नै नारीको विकासको लागि बाधक बन्न पुगेका छन् भन्ने तीतो सत्यप्रति पनि यसले औंलो ठड्याएको छ ।

उनको चौथो औपन्यासिक कृति **मुक्तिले** राणा-शासनकालदेखि २०४६ को जनान्दोलनसम्मका राजनीतिक क्रान्तिहरूलाई विषयवस्तुका रूपमा समेट्दै राजनीतिक इतिहासको सन्दर्भमा नेपाली समाज तथा नेपाली नारीले भोग्नुपर्ने समस्याको अङ्कन गरेको छ । उनकै अर्को औपन्यासिक कृति **खोजले** नेपाली

समाजभित्र रहेका र रहिरहेका चेलीबेटी-बेचबिखन, तस्करी तन्त्र जस्ता आपराधिक वृत्तिको खोज गरेको छ भने आमाको कारावासले गर्दा कारावासमा हुर्कन बाध्य केटाकेटीहरूले भोग्नुपर्ने समस्याहरूको पनि खोज गरी तिनको समाधान पहिल्याउन खोजेको छ ।

उनकै **अन्तिम निम्तो** एड्ससम्बन्धी जनचेतना जगाउने कृतिको रूपमा देखा परेको छ भने **विश्वास** नेपाली ग्रामीण समाजमा व्याप्त महिलासम्बन्धी शोषण, उत्पीडन तथा राजनीतिक र आर्थिक क्षेत्रमा देखा परेको विसङ्गतिको पोकोकै रूपमा देखा परेको छ । सम्पूर्ण समस्या-समाधानको जड नारीशिक्षा हो भन्ने सन्देश दिने प्रस्तुत कृतिले कृत्रिम गर्भाधानको वकालत गरी नारीवादतिरको झुकाव पनि देखाएको छ ।

उनकै आठौँ औपन्यासिक कृति **खुला आकाशले** नेपाली समाजमा एउटा विकराल समस्याको रूपमा देखा परेका खातेहरूको जन्मका कारण र उनीहरूको जीवनशैली प्रस्तुत गर्दै यस समस्याको समाधानको खोज पनि गरेको छ ।

गीताकेशरीकै **नोकरीले** जागीरे मनोविज्ञान, कर्मचारी तन्त्रमा देखा परेका वर्गीय दृष्टिकोण तथा महिला कर्मचारी भएकैले गर्दा भोग्नुपरेको समस्याको उल्लेख गर्दै महिलावर्गमा ती समस्यासँग लड्ने मनोबल जगाउन बलप्रदान गरेको छ । शिक्षार्जन तथा जागीर दुवै कार्यमा छोरा-छोरीबीच हुने असमान व्यवहार हटाइनुपर्छ भन्ने सन्देश दिने **नोकरीले** मूलरूपमा प्रजातन्त्रको पुन:स्थापनापछि कर्मचारी तन्त्रमा देखा परेको विकृति देखाउन खोजेको छ भने नेपालको मध्यपश्चिमाञ्चल तथा सुदूर पश्चिमाञ्चल क्षेत्रमा विद्यमान बदिनी तथा देउकी प्रथाबाट जन्मेका समस्या तथा ती समस्याबाट पीडित वर्गको त्यसबाट उम्कने चाहनाको पनि सङ्केत गरेको छ ।

भागीरथी श्रेष्ठको **मालती** सौतेनी आमाको दुर्व्यवहारले सताइएकी सुन्दरी ग्रामीण युवतीले भोगेको सौन्दर्यको वरदान र अभिशापको कथा हो । अन्तर्जातीय विवाहको वकालत गर्ने प्रस्तुत औपन्यासिक कृति नारीसौन्दर्यको सुपरिणति र दुष्परिणतिकै सेरोफेरोमा घुमेको छ । उनकै दोस्रो औपन्यासिक कृति **यस्तो एउटा आकाश** दाम्पत्य जीवनको आकाशमा बादल लाग्दाको उकुसमुकुस र उक्त बादल फाट्दाको माधुर्यको अभिव्यक्तिको रूपमा प्रस्तुत भएको छ । दाम्पत्य जीवनमा दोस्री नारीको हस्तक्षेपबाट पत्नीमा विकसित असुरक्षाको भावनाले कुण्ठित मनोदशा तथा पतिमा विकसित विभाजित मानसिकताको सूक्ष्म रेखाङ्कन गर्ने प्रस्तुत कृतिले पाल्पाली ग्रामीण परिवेश तथा शहरी परिवेशको चित्रण गरी आञ्चलिकताको रङ पनि भरेको छ ।

आशा सिंह शाहको **दाइजोले** नेपाली समाजमा देखा परेको दाइजोप्रथाले

गर्दा एकातिर विपन्न वर्गका छोरीचेलीहरू आफ्नै प्रेमीहरूबाट विछोडिन बाध्य भएका छन् भने अर्कोतिर दाइजो बोकेर आउने सम्पन्न घरका छोरीचेलीहरूको दुर्व्यवहारले घरपरिवारमा अशान्तिको बीज रोप्दै गएको छ भन्ने औंल्याई दाइजोले पारेको दोहोरो दुष्प्रभावलाई देखाउन खोजेको छ । अलि अस्वाभाविक घटनाक्रमको सहारामा नै भए पनि समाज-विकासको लागि शिक्षाको अपरिहार्यताको बोध गराउने प्रस्तुत कृतिले ग्रामीण समाजमा व्याप्त दाइजोको दुष्प्रभाव, बहुविवाह र अनमेल विवाह जस्ता कुरीतिहरूको चित्रण गरी त्यसप्रति मन्द रूपमा विद्रोह पनि व्यक्त गरेको छ । आशा सिंह शाहकै अर्को औपन्यासिक कृति **रात रोएपछि**ले विपन्नताको मारमा परी बाध्यतावश देहव्यापारमा लागेका युवतीहरूको कुण्ठा, उनीहरूमा जागेको मातृत्वको भोक तथा त्यो तृप्त हुन नपाउँदाको उनीहरूको मनोदशाको चित्रण गरेको छ ।

बानिरा गिरिको **कारागार**ले अत्यन्त लाडप्यार तथा सन्तानोचित सम्मान दिने बाबुआमाको असामयिक मृत्यु तथा सम्पत्तिको मोहमा अतिलालायित दाजु-भाउजूहरूको कुचक्रमा परी अविवाहित रहन बाध्य अतिबौद्धिक नारीपात्रको एकान्तिकताले चलाएको दिनचर्या तथा त्यस किसिमको दिनचर्याले उसमा पलाएको जीवनदृष्टिलाई काव्यात्मक भाषा तथा रोचक शैलीमा प्रस्तुत गरेको छ । शारीरिक, मानसिक तथा आर्थिक सबै दृष्टिले सम्पन्न, शिक्षित तथा सुसंस्कृत हुँदाहुँदै पनि आफुले रोजेको जिन्दगी जिउन नपाएकी उच्च बौद्धिक नारी पात्र तथा माइतीको सम्पन्नताको आडमा पतिलाई एउटा वस्तुको रूपमा प्रयोग मात्र गर्ने उच्छृङ्खल पत्नीबाट पीडित, हीनताबोधी तर उच्च बौद्धिक पुरुष पात्रबीचको प्रेमसम्बन्धलाई प्रेमको एउटा अलग स्वरूपमा स्थापित गराउन खोज्ने प्रस्तुत उपन्यासमा एकातिर प्रेमलाई उदात्त रूपमा प्रस्तुत गरिएको छ भने अर्कोतिर अस्तित्ववादी एवं निस्सारतावादी जीवनदृष्टि पनि प्रकट गर्न खोजिएको छ ।

उनकै अर्को औपन्यासिक कृति **निर्बन्ध**ले स्वच्छन्दताको वरण गरी निर्बन्ध रूपमा जीवन भोग्ने नारीको अन्तर्मनलाई छामेको छ भने २०५६ को साझा पुरस्कार प्राप्त गर्न सफल उनको नवीन औपन्यासिक कृति **शब्दातीत शान्तनु**ले व्यक्तिचित्रण तथा परिवार-चित्रणको माध्यमबाट सिराहा जिल्लाको बस्तीपुर गाउँको सिङ्गो समाजको सूक्ष्म चित्रण गरेको छ । कवितात्मक भाषा, जीवनशैली, वर्णनात्मक-विश्लेषणात्मक प्रस्तुति र आञ्चलिक रङले सजिएको प्रस्तुत औपन्यासिक कृतिले बस्तीपुरका उच्च तथा निम्न दुवै वर्गको अर्थात् सिङ्गो समाजको चित्रण चलचित्रकै ढाँचामा गरेको छ । समयअनुसार आफुलाई ढाल्न नसके दानशीलता, परोपकार तथा प्रेम नै किन नहोओस् अति हुने विभूषणले सजिन पुग्यो भने त्यसले नकारात्मक परिणति नै निम्त्याउँछ भन्ने शाश्वत तथ्यको अभिव्यक्तिलाई प्रस्तुत कृतिले निकै

कलात्मक रूपमा प्रस्तुत गरेको छ ।

कमला न्यौपानेको **उसको सपनाले** असहनशील, अधीर र अस्थिर स्वभावले गर्दा घर छोडी हिँडेकी युवतीले बाँच्नको लागि पहाड-काठमाडौं-बनारस गरी गरेको सङ्घर्षको विवरण प्रस्तुत गरेको छ । घरेलु नोकरी गर्न बाध्य युवतीमाथिको यौन शोषणको उद्घाटन पनि गर्न पुगेको प्रस्तुत कृतिले एउटी युवतीमाथि पति तथा प्रेमीको एकोहोरो र असामान्य प्रेमको चर्को रूपको चित्रण गर्नुसँगै नेपाली समाजमा व्याप्त चेलीबेटी-बेचबिखन समस्यालाई पनि कोटचाएको छ ।

प्रेमा शाहको **मम्मीले** स्व-अस्तित्वचेतले गर्दा पतिको दुर्गुणमा आँखा चिम्लन नसकी पतिबाट टाढिएरै समाजका बिब्ल्याँटाहरूसँग जुध्दै आफ्नो सन्तानको लालन-पालनमा जीवनको उत्सर्ग गर्ने शिक्षित प्रबुद्ध नारीको जटिल मनोदशाको रेखाङ्कन गरेको छ ।

भारती खरेलका **गङ्गा-जमुना, यौटी आमाको कथा, कुमारी आमा** तथा **लाहुरेले** नेपाली समाजका नारीहरूको उत्पीडनलाई नै मुख्य विषय बनाएका छन् । आदर्शको मुकुट लगाई, सहनशीलताको प्रतिमूर्ति बनी शोषण तथा उत्पीडन सहिरहने, अनि भित्रभित्रै आध्यात्मिक उपचार खोज्ने उनका औपन्यासिक पात्रहरूले पाठकको सहानुभूति र आक्रोश दुवै प्राप्त गर्न खोजेको देखिन्छ ।

उनको पछिल्लो औपन्यासिक कृति **लाहुरेले** जँड्याहा बाबुआमाको जीवनले ऋणमा डुबेका तथा धन कमाई ऋणमोचन गरी सुखी जीवन बिताउने लालसामा लाहुरिँदा विखण्डित जीवन भोग्न बाध्य नेपाली युवकहरूको कथा बोकेको छ । यसले छोरालाई छोरा होइन पैसा कमाउने यन्त्र सम्झने द्रव्यपिचासहरूको छोराबुहारीप्रतिको दुर्व्यवहारको पराकाष्ठालाई सारै मार्मिक रूपमा उतारेको छ ।

प्रमिला उपाध्यायका **दुई हत्या एक भेद** र **रहस्यमय युवकले** युवमानसिकतामा सनसनाहट उत्पन्न गराउने जासूसी विषयलाई समेटेका छन् भने **शिवाले** सामाजिक विषयलाई नै अघि सारेको छ ।

शवनम श्रेष्ठको **मनीषाले** नारीलाई मस्तिष्कयुक्त सचेत प्राणीका रूपमा व्यवहार नगरी केवल एउटा साधन वा वस्तुका रूपमा लिने मानसिकताप्रति विद्रोह गरेको छ भने नारी अस्मितायुक्त प्राणी हो केवल दयाकी भागी होइन भन्ने मान्यतालाई प्रतिष्ठापित गर्न खोजेको छ ।

श्रेष्ठ प्रिया पत्थरका **पतिङ्गर, पुकार, रङ्गभूमि, मर्यादा** तथा **कसिङ्गरले** युवा पाठकको लागि आकर्षक विषय प्रेम तथा तस्करीलाई नाटकीय ढङ्गमा रोमाञ्चक पारामा प्रस्तुत गरेका छन् । उनको पछिल्लो औपन्यासिक कृति **पुनरावृत्तिले** भने सुदूरपश्चिमाञ्चलमा कमैयाका रूपमा रहेको थारु जातिको जीवनवृत्त तथा उनीहरूप्रति मालिकवर्गबाट भएको शोषण यथार्थ रूपमा प्रस्तुत

गरेको छ । थारुसमाजका कमैया युवतीहरू आफ्ना मालिकको विलासका साधन बन्दछन् र गर्भवती भएपछि एउटा थारुकै हिल्ला लगाइन्छन् । यो परम्परा नै बनेको छ र यसको पुनरावृत्ति भइरहन्छ । कुनै मालिक थारु-समाजमा पालित युवतीप्रति साँचो प्रेम नै किन नगरोस् यस परम्पराको पुनरावृत्ति भएरै छाड्छ भन्ने तथ्यलाई केही नाटकीय रूपमा प्रस्तुत गरे तापनि थारु-समाजमाथि भएको शोषणलाई यसले निकै मार्मिक ढङ्गमा प्रस्तुत गरेको छ ।

सङ्गीता स्वेच्छाको **पखालिएको सिउँदो** असत् नारी तथा पुरुष पात्रहरूबाट क्षतविक्षत भएकी युवतीले सत् नारी तथा पुरुष पात्रहरूको सहयोगबाट नै जीवन सार्थक बनाउन पुगेको कथा बोकेर उभिएको छ । यसले एकातिर समाजमा व्याप्त चेलीबेटी-बेचबिखनको व्यापार चलाउनेहरूको कार्यशैलीलाई उदाङ्गो पारेको छ भने अर्कोतिर शोकलाई शान्तिमा रूपान्तरित गरी प्रेरणाका स्रोत बन्न सक्षम नारीहरूको चित्रणद्वारा नारीको सबल पक्षलाई उजिल्याएको छ ।

पुण्यरश्मि खतिवडाको **जयन्त र जुनू**ले एकातिर भौतिक महत्त्वाकाङ्क्षामा अन्धा बनेका नारीहरू आफ्नै पतिबाट पनि व्यापारका साधनका रूपमा प्रयुक्त भइरहेका छन् भने बाल्यावस्थामा नै विवाहित भई गृहस्थीको चौघेरामा साँघुरिन पुगेका नारीहरू पत्नीकै अधिकारबाट पनि वञ्चित भइरहेका छन् भन्ने नारीसमस्यालाई उठाएको छ । त्यसरी नै तस्करी, चोरी जस्ता कुकर्मले शुरूशुरूमा सुपरिणति देखाउन खोजे तापनि अन्तमा कुपरिणति नै निम्त्याउँछ र मानिस जतिसुकै भौतिकवादी हुन खोजे तापनि अन्ततः शान्तिको लागि लाग्ने बाटो आध्यात्मिक नै हो भन्ने सन्देश पनि दिएको छ ।

पुण्यरश्मिकै दोस्रो औपन्यासिक कृति **अक्लान्त**ले दाम्पत्य जीवनमा आउने कटुताको बीज के हो भन्ने तथ्यको सूक्ष्म विश्लेषण गरेको छ भने प्रेम र प्रणयसम्बन्धी नारी तथा पुरुष दुवैका धारणा तथा मानसिकतालाई पनि स्पष्ट पारेको छ । यसरी नै प्रस्तुत कृतिले नेपाली समाजमा कानूनसम्मत नहुँदा नहुँदै पनि पुरुषहरूको लागि बहुविवाह मौन रूपमा स्वीकार्य छ भने नारीको लागि भत्केको गृहस्थी सम्याउन पुनर्विवाह कानूनसम्मत हुँदाहुँदै पनि सहजस्वीकार्य छैन भन्ने तथ्यबोध गराउँदै नारीहरूले आवश्यकतानुसार पुनर्विवाह गर्न सक्नुपर्छ भन्ने सन्देश पनि दिएको छ ।

शोभा रानाको **बेवारिसे**ले साँलनालसहित फ्याँकिएकी बच्चीको कथाको माध्यमबाट नेपाली समाजमा व्याप्त, नारी भएकै हुँदा बाध्यतावश भोग्नुपर्ने समस्यातिर औँल्याएको छ ।

सुस्मिता नेपालको **एकान्त पनि रुन्छ**ले ग्रामीण समाजका नारीहरूले सासू तथा पतिको दुर्व्यवहारले गर्दा भोग्नुपरेको समस्याको कारुणिक चित्र खिचेको छ

भने **मेरा छातीका कोलाजहरूले** सडकलाई दर्शक/भोक्ता बनाएर प्रजातन्त्रको पुन:स्थापनाकालपछिको नेपाली समाजको नाङ्गो यथार्थको चित्रण गरेको छ । अन्धकारको गर्भभित्र हुने गरेका अन्याय, अत्याचार तथा महिलामाथिको यौनजन्य शोषणको चित्र खिचिएको प्रस्तुत औपन्यासिक कृतिले 'नेपाली जनताहरू सुनौलो भविष्यको अपेक्षामा प्रजातन्त्रको पुन:स्थापनार्थ ज्यानको बाजी लगाएर सङ्घर्षमा उत्रेका थिए, तर त्यसको परिणति प्रजातन्त्रका सत्ताधारी नेता र कार्यकर्ताको लागि मात्र उपभोग्य भएको छ' भन्ने तीतो सत्यलाई पनि सरल तथा सहज रूपमा प्रस्तुत गरेको छ ।

गायत्री विष्ट 'गाउँले'को **जूनकीरीले** पनि नेपाली ग्रामीण समाजका निम्नवर्गीय महिलाहरूको पीडालाई नै अघि सारेको छ ।

इन्दिरा प्रसाईको **विश्वामित्रले** प्रेम तथा प्रणयलाई नै मुख्य विषय बनाएको छ । प्रस्तुत औपन्यासिक कृतिले पत्नी तथा प्रेमिकामा विभाजित पुरुष-मानसिकता, आफ्नो दाम्पत्य जीवनमा दोस्री नारीको उपस्थिति भोग्न बाध्य पत्नीको मानसिकता तथा दोस्री पत्नी हुन पुग्ने नारीको मानसिकता, उसमा विकसित असुरक्षाको भावना र त्यसको दुष्परिणतिलाई निकै सूक्ष्म ढङ्गमा केलाएको छ ।

उनकै दोस्रो औपन्यासिक कृति **रनमायाले** नेपाली मूलका भूटानीहरूको जीवनवृत्तको अवलोकन गर्दै, अन्याय सहन नसक्ने नेपाली मूलका भूटानीहरूमाथि भूटान सरकारबाट भएको अत्याचारको शब्दचित्र उतार्दै, समृद्ध जीवन व्यतीत गरिरहेका भूटानीहरू विखण्डित हुँदाहुँदै कसरी नेपालमा शरणार्थी जीवन बिताउन आइपुगेका छन् भन्ने तथ्यलाई अत्यन्त कोमल, अत्यन्त सूक्ष्म र अत्यन्त मार्मिक रूपमा चित्रण गरेको छ ।

टीकाकुमारी याखाको **औंलाको सिन्दूरले** विद्यालयीय जीवनदेखि नै पलाएको भावुक, अन्तरजातीय प्रेमको दु:खान्त कथा प्रस्तुत गर्दै नेपालमा व्याप्त अशिक्षा र कुसंस्कारको अन्धकारमा जकडिएका निम्नवर्गीय नेपाली जनताहरू कसरी केटी बेच्ने दलालहरूको फन्दामा पर्दछन् भन्ने तथ्यलाई औंल्याउन पुगेको छ ।

वेदकुमारी न्यौपानेको **धूवाँले** एकातिर ग्रामीण समाजका शोषक, जाली फटाहाहरू नै शहरमा पसी चेलीबेटी-बेचबिखन, लागु पदार्थको व्यापार जस्ता तस्करतन्त्र फैलाउन पुगेका छन् भन्ने कटु सत्यलाई नङ्ग्याएको छ भने अर्कोतिर अशिक्षाले गर्दा नेपाली नारीहरू सम्पत्ति भएरै पनि त्यसको संरक्षणको लागि फटाहा पुरुषहरूको शरणमा परी मरण भोग्न बाध्य भएका छन् भन्ने नारीसमस्यालाई पनि अघि सारेको छ ।

सीता पाण्डेको **अन्तर्द्वन्द्वले** दिदीको कर्मठ जीवनको संरक्षकत्वमा हुर्केकी एउटी नारीको आँखाले देखेको उ स्वयंको, उसकी दिदीको र सिङ्गो नेपाली

समाजका नारीहरूको चित्रलाई विश्लेषणात्मक रूपमा प्रस्तुत गरेको छ भने सामाजिक औपन्यासिक कृतिका रूपमा प्रस्तुत यस कृतिले 'नारी दान दिइने वस्तु होइन, उ अस्तित्वयुक्त सचेत प्राणी हो, उसको जीवन उ स्वयंको निर्णयअनुसार चल्न पाउनुपर्छ, उसले मान्छेको परिचय पाउनुपर्छ' भन्ने नारीवादी दृष्टि पनि अघि सारेको छ । जीवनमा यौनको महत्त्व दर्शाइएको प्रस्तुत कृतिले यौन मनोविज्ञानको आलोकमा नारी-अस्मिताको स्वरलाई उठाएको छ ।

शान्ता श्रेष्ठको **सङ्घर्षभित्रका अनौठा पाइलाले** तान्त्रिक शक्तिको आडमा फैलेको चेलीबेटी-बेचबिखन धन्धाको उद्‌घाटन गरेको छ । चेलीबेटी-बेचबिखन कार्यमा सामान्य व्यक्ति मात्र होइन अनेक सिद्धि प्राप्त गरी धर्मगुरुको प्रतिष्ठा प्राप्त गरिसकेका असामान्य पहुँचवाला व्यक्तिहरू पनि सामेल छन् र उनीहरू आफ्नो सिद्धिबल र पहुँचको आडमा समाजसेवीका भेषमा ठाउँठाउँ घुमी रूपवती युवतीहरूलाई विभिन्न प्रलोभन देखाई आफ्नो जालमा पारी भारत पुऱ्याउँछन् भन्ने अपत्यारिलो यथार्थलाई उदाङ्गो पार्ने प्रस्तुत कृतिले नेपाली समाजमा प्रचलित बोक्सीप्रथा, धामीप्रथा तथा तान्त्रिक विधानलाई पनि समेटेको छ ।

शोभा भट्टराईको **अन्त्यहीन अन्त्यले** अभिजात वर्गको फुस्रो इज्जतको ढाकछोपको लागि हिजडाकी पत्नीका रूपमा बलिको बोको बन्न पुगेकी युवतीको मार्मिक पीडाको अभिव्यक्ति दिँदै हिजडा-मनोविज्ञानको चित्रण गरेको छ । शिक्षितै किन नहओस् छोरीचेली बाबुआमाका सम्पत्ति हुन्, जो उनीहरू स्वयंको निर्णयमा एक ठाउँबाट अर्को ठाउँमा हस्तान्तरित हुनुपर्छ र सौभाग्य वा दुर्भाग्य जे चिट्ठामा पर्छ त्यही भोग्नुपर्छ भन्ने परम्परागत धारणाप्रतिको विद्रोह गर्ने प्रस्तुत अनुभवन्यासले हिजडाको क्रियाकलापको वर्णनक्रममा अतिशयोक्तिको गन्ध बोकेरै पनि नारीपीडाको मार्मिक अभिव्यक्ति दिएको छ।

## ४. उपसंहार : मूल्याङ्कन

नेपाली उपन्यासले आधुनिक रूप अर्थात् विधागत स्वरूप प्राप्त गर्नुभन्दा अघिकै समयदेखि नै नेपाली नारी साहित्यकारहरूको कलम यस विधातर्फ उन्मुख भएको पाइन्छ । यस क्रममा अम्बालिकादेवीको **राजपूत रमणी** पहिलो हस्ताक्षरको रूपमा देखा पर्दछ । भारतीय भूमिको राजनीतिक इतिहासको प्रसङ्गमा नारीको धैर्य, वीरता तथा विद्रोहको अभिव्यक्तिको रूपमा देखा परेको प्रस्तुत आख्यानात्मक कृतिले विषयवस्तु तथा शिल्प दुवै दृष्टिले तात्कालिक परिवेशमा नेपाली उपन्यासले आफ्नो स्वरूप प्राप्त गरि नसकेको समयमा नारी-हस्ताक्षरको पूर्ण प्रतिनिधित्व गरेको छ भने रुद्रराज पाण्डेको **रूपमती**को आगमनको लागि मिरमिरेको तारा झार्ने काम गरेको छ ।

नेपाली उपन्यासजगत्मा नारी-हस्ताक्षरको दृष्टिले द्वितीय भएर देखा पर्ने

पारिजात नेपाली-उपन्यासको सिङ्गो फाँटमा युगान्तकारी प्रतिभाको रूपमा देखा परेकी छिन् । अस्तित्ववादी-विसङ्गतिवादी जीवनदृष्टिलाई औपन्यासिक रूप दिई नेपाली उपन्यासमा प्रवेश गरेकी पारिजात गुणात्मक तथा सङ्ख्यात्मक दुवै दृष्टिले नेपाली उपन्यासमा हिमालय पर्वतकै उचाइ लिएर उभिएकी छिन् । पहिलो उपन्यासबाट नै मदन-पुरस्कारविजेता भएकी र अमेरिकी विश्वविद्यालयको पाठ्यक्रममा पनि बस्न सफल भएकी पारिजातले पौने दर्जन उपन्यास र एक लघु उपन्यासको लेखन गरी नेपाली उपन्यास विधामा अस्तित्ववादी-विसङ्गतिवादी, प्रगतिवादी तथा आलोचनात्मक यथार्थवादी औपन्यासिक प्रवृत्तिलाई मूलरूपमा समेटी तत्-तत् वादका उत्कृष्ट औपन्यासिक कृतिहरूको रचना गरेर सिङ्गो नेपाली उपन्यासको फाँटलाई उर्वर बनाएकी छिन् । समग्र नेपाली साहित्यकै उच्च शिखर पारिजातलाई नारी-साहित्याकाशमा अलग मूल्याङ्कन गरिरहनु वास्तवमा अनावश्यक प्रतीत हुन्छ ।

नेपाली समाजमा देखा परेका विविध समस्याहरूको उद्घाटनसँगै नारी-समस्यालाई केलाउँदै नारीविकासको, समाज-सुधारको सन्देश दिँदै नारीवादी दृष्टिकोण समेत प्रस्तुत गर्ने गीताकेशरी नेपाली उपन्यासको फाँटमा सङ्ख्यात्मक दृष्टिमा पनि उल्लेखनीय देखा पर्दछिन् । कमला न्यौपाने, भारतीय खरेल, सुस्मिता नेपाल, गायत्री विष्ट गाउँले, शोभा राना, वेदकुमारी न्यौपाने, शान्ता श्रेष्ठ, पुण्यरश्मि खतिवडा जस्ता नारी स्रष्टाहरू पनि नेपाली समाजका विद्यमान विविध समस्याका साथमा नारीसमस्यालाई नै समेटेर अघि बढेका देखिन्छन् । यिनमा पनि सुस्मिता नेपाल आफ्नो पछिल्लो औपन्यासिक कृतिमा केही मौलिक प्रस्तुतिसाथ देखा परेकी छिन् भने भारती खरेल आध्यात्मिक सन्देशसाथ देखा परेकी छिन् । वेदकुमारी न्यौपाने र शान्ता श्रेष्ठ आफ्नो प्रथम औपन्यासिक कृतिको माध्यमबाट नै आलोचनात्मक यथार्थवादी धारामा आफ्नो स्थान ओगट्न सफल भएका छन् । भागीरथी श्रेष्ठ प्रेम र प्रणयका विषयलाई कोमल भाषामा प्रस्तुत गर्नमा रमाएकी छिन् भने पुण्यरश्मि खतिवडा प्रेम र प्रणय-जीवनका कटुता र माधुर्यलाई नै समेटेर पनि आफ्नो पछिल्लो कृतिमा विशेष आकर्षक रूपमा जीवनबोधलाई समेट्न सफल भएकी छिन् । सङ्गीता स्वेच्छा र टीकाकुमारी याखा प्रेम र प्रणयका उकाली र ओरालीलाई अभिव्यक्त गर्ने औपन्यासिक प्रस्तुति र भाषाको खोजीमा प्रयासरत रहेका छन् ।

पारिवारिक वातावरणभित्र पलाएको व्यापारिक प्रवृत्ति तथा त्यसबाट पीडित पात्रमा विकसित जटिल मानसिकतालाई कोमल भाषामा प्रस्तुत गर्दै औपचारिक यात्रा प्रारम्भ गर्ने उपन्यासकार बानीरा गिरि विषयगत सघनता र शैलीगत कलात्मकतासाथ नेपाली-उपन्यासफाँटमा विशिष्ट पहिचान बनाउन सक्षम रहेकी

छिन् । उनी आफ्नो पछिल्लो कृति **शब्दातीत शान्तनुद्वारा** व्यक्तिविशेषको जीवनवृत्तको उपन्यासमा सिङ्गो समाजको चित्रणलाई काव्यात्मक भाषामा प्रस्तुत गर्ने विशेष प्रवृति भित्राई नेपाली-उपन्यासको भाषा र प्रस्तुतिशैलीमा नवीनता भित्र्याउन सफल भएकी छिन् ।

समाज-मनोविज्ञान र यौन मनोविज्ञानको पृष्ठभूमिमा नारी-अस्तित्वको सवाल उठाउने सीता पाण्डे नेपाली उपन्यासफाँटमा अर्की उल्लेखनीय स्रष्टाका रूपमा देखा परेकी छिन् । शवनम श्रेष्ठ छोरालाई मात्र सन्तान मानी दर्जनौं छोरी जन्माएर छोराको प्रतीक्षा गर्ने परम्पराप्रति हुङ्कार गर्दै नारीवादी धारामा आफ्नो सलग्नता देखाउन पुगेकी छिन् भने शोभा भट्टराई अपुरुष पतिको अप्राकृतिक व्यवहारबाट उम्कनको लागि गरिएको विद्रोहलाई औपन्यासिक रूप दिँदै नारीवादी धाराको परिपोषणमा आफ्नो सक्रियता देखाउन पुगेकी छिन् । यसरी भिन्दाभिन्दै विषय उठाउँदै आएका शवनम श्रेष्ठ र शोभा भट्टराई नेपाली-उपन्यासफाँटमा नारीवादी धारमा उल्लेखनीय स्रष्टाका रूपमा देखा परेका छन् ।

नेपाली उपन्यासको एकल लेखनसँगै संयुक्त लेखनमा पनि नारी साहित्यकारको संलग्नता रहेको पाइन्छ । चार नारी सष्टाहरू सीता पाण्डे, बेन्जु शर्मा, मञ्जु काँचुली तथा प्रेमा शाह संयुक्त लेखनमा पनि सहभागी भई नेपाली-उपन्यासको क्षेत्रमा योगदान पुऱ्याउँदै आएका देखिन्छन् ।

### *४.९. निष्कर्ष*

नेपाली उपन्यासविधामा आधुनिक कालको मिरमिरेदेखि हालसम्म देखा परेको नारी साहित्यकारको संलग्नता सङ्ख्यात्मक हिसाबमा हेर्ने हो भने न्यून देखा पर्दछ । सात दशकको नेपाली साहित्यको औपन्यासिक यात्रामा पच्चीस नारी स्रष्टाहरूको नाम मात्र गनिनु सङ्ख्याको दृष्टिले निकै नै न्यून स्थितिकै रूपमा देखा पर्दछ । यसरी नेपाली उपन्यासको फाँटमा नारीसङ्ख्या कम हुनुमा पनि नारीविकासका अन्य क्षेत्रमा देखा परेको कमी अर्थात् शिक्षाको कमी, अवसरको कमी तथा समयको कमी नै देखा पर्दछ ।

गद्यसाहित्यका अन्य विधाको तुलनामा जीवनको समग्रताको अभिव्यक्ति दिने उपन्यासविधा रचनाको दृष्टिले पनि तुलनात्मक रूपमा श्रमसाध्य र समयसाध्य विधा हो । यसैले कविता तथा कथाविधाको तुलनामा सङ्ख्यात्मक हिसाबले यस विधामा नारी स्रष्टाको संलग्नता कम देखिनु स्वाभाविक नै देखा पर्दछ । नेपाली उपन्यासको सिङ्गो फाँटलाई नै हेर्ने हो भने यस विधामा कलम चलाउने नारी स्रष्टा मात्र होइन पुरुष स्रष्टाकै पनि तुलनात्मक रूपमा सङ्ख्या कम नै देखिन्छ भने शिक्षाको उज्यालोबाट प्राय: ओझेलमा परेका, जीवनको महत्त्वपूर्ण समयावधिका अधिकांश भाग घरगृहस्थीमा नै खर्चन बाध्य भएका र अन्धविश्वास र रूढिको

तुवाँलोले ढाकिएको स्थितिबाट गुज्रनुपरेका नेपाली नारीको कलम श्रमसाध्य, समयसाध्य र अध्ययनसाध्यविधातर्फ यति नै चल्नुलाई पनि समय र परिवेशको दृष्टिले उपलब्धिकै रूपमा लिनुपर्ने देखिन्छ । विषयगत प्रवृत्तिको दृष्टिमा पनि नारी उपन्यासकारहरूको कलम तुलनात्मक रूपमा फैलेको नै पाइन्छ । नेपाली उपन्यासको विकासक्रमभित्रका यथार्थवादी, आदर्शोन्मुखी यथार्थवादी, स्वच्छन्दतावादी, अस्तित्ववादी-विसङ्गतिवादी, मनोवैज्ञानिक यथार्थवादी, प्रगतिवादी र नारीवादी सबै धारामा नारी साहित्यकारको संलग्नता कतै प्रबल रूपमा त कतै क्षीण रूपमा नै भए पनि रहँदै आएको पाइन्छ ।

शिल्पगत प्राप्तिको कुरो कोटचाउनुपर्दा चाहिँ अधिकांश नारी साहित्यकारहरूको औपन्यासिक कलम औपन्यासिक शिल्पको खोजमा नै रहेको देखिन्छ । साहित्यका अन्य विधा(विशेषत: कथा र कविता)मा पनि स्थापित भई प्रसिद्धि प्राप्त गरेका र नेपाली उपन्यासको समग्र फाँटमा आफ्नो परिचय दिन र प्रसिद्धि लिन सक्षम नारी उपन्यासकारहरूले मानव-जीवनका, नारीजीवनका तीता पक्ष, अपूर्ण पक्ष र विसङ्गत पक्षलाई मीठो भाषाशैली र औपन्यासिक कलाले सिँगारेर प्रस्तुत गरेका छन् भने उपन्यास विधाबाट नै साहित्यिक यात्रा सुरु गर्ने नारी स्रष्टाहरू उपयुक्त भाषाशैली र औपन्यासिक कलाको खोज गर्ने क्रममा नै आफ्नो लेखन अघि बढाइरहेका छन् । जसरी नेपाली उपन्यासको समग्र फाँटमा देखा परेका सबै उपन्यासकारले सफलता प्राप्त गरिसकेका छैनन् त्यसरी नै नारीफाँटमा पनि सबैले सफलता पाइसकेका छैनन् र सफलताको प्राप्तिको लागि अघि बढिरहेका छन् । घर-परिवार तथा अन्य दायित्वहरूलाई भाग लगाउँदा बचाएर निकालेको अलिअलि समयमा समाज अनि स्वयम् आफुसँगै लड्दै-भिड्दै जीवनको समग्रताको अभिव्यक्तिस्वरूपको विधामा नारीको कलम यस रूपमा चल्नु नै पनि समयाभावले गाँजिएको, अवसरको अप्राप्तिले डसिएको नारीजीवनको परिवेश दृष्टिले महत्त्वपूर्ण उपलब्धिको रूपमा नै देखा पर्दछ । यति हुँदाहुँदै पनि चित्त बुझाएर थकाइ मार्ने समय भने भइसकेको छैन ।

नारीपीडा, नारीमाथिको शोषण तथा दमनलाई औपन्यासिक कथ्यका रूपमा प्रस्तुत गर्दै नारीसमस्याकै चित्रणमा विशेष केन्द्रित नारी स्रष्टाहरूले पनि आफ्नो कलमलाई आफैले नियाली अघि बढ्नुपर्ने समय आएको छ । नारीसमस्याको चित्रण र यथास्थितिको उद्घाटनको मात्र होइन समस्याको समाधान अनि विकासगामी स्थितिको परिकल्पनालाई पनि औपन्यासिक रूपमा प्रस्तुत गर्दै पाठकहरूलाई नयाँ दिशाबोध गराउने जिम्मेवारी पनि आजका नारी स्रष्टाहरूमाथि नै आएको छ । नारीजीवनको सफलता पत्नी बन्नुमा मात्र होइन, प्रेमिका बन्नुमा मात्र होइन, आमा बन्नुमा मात्र होइन, असल छोरी बुहारी बन्नुमा मात्र होइन सिङ्गो मानवीय

अस्मितासाथ ती भूमिका निर्वाह गर्नुमा छ, मानवीय मूल्य र मान्यताको आधारमा हेर्ने र हेरिने हुनुमा छ । 'नारीविद्रोह अस्मिताप्राप्तिको लागि मात्र हो, वर्गीय भेद उत्पन्न गर्नको लागि होइन' भन्ने सत्य तथ्यलाई पाठकको मस्तिष्कमा बसाउने अभिभारा नारी उपन्यासकारका काँधमा पनि आएको छ, किनकि उपन्यास लोकप्रिय पाठ्य विधा हो, अनि प्रभावकारी सम्प्रेषणको माध्यम हो । यसैले यस विधामा संलग्न आजका नारी स्रष्टाहरूले यसको लागि पनि उपयुक्त कथ्य र प्रस्तुतिशिल्पको खोज गर्नुपरेको छ र त्यो प्राप्त गर्नुपरेको छ । पाठकको सहानुभूति र करुणा बटुल्ने पात्रको निर्माण मात्र होइन उनीहरूमा उत्साह र जाँगर भर्ने अनि अस्तित्वबोध गराउने ज्यूँदा-जाग्दा पात्रको निर्माणतिर लाग्नुपरेको छ ।

साथै आजका नारी स्रष्टाहरूले आफ्ना कृतिमा जीवनको प्रस्तुति मात्र होइन, जीवनको अध्ययनको प्रस्तुतिलाई पनि समेट्नुपरेको छ, किनभने उपन्यास जीवनको प्रस्तुतिसँगै जीवनको समालोचनाको अध्ययनको पनि अभिव्यक्ति हो, जीवन-भोगाइको क्रममा भएको जीवनबोधको अभिव्यक्ति पनि हो । बाँच्नु मात्र जीवन होइन, जीवनका अँध्यारा उज्याला सबै पक्षको अनुभव गरेर, बोध गरेर बाँच्नु जीवन हो । यस किसिमको जीवनको स्वाद अलग्गै मीठो हुन्छ । अधिकांश स्रष्टाहरू त्यस स्वादकै जीवन बाँच्छन् । जीवनको यही मीठो स्वाद पाठकहरूलाई समेत पस्केर उनीहरूलाई बाँच्ने कला हस्तान्तरित गर्ने कार्य पनि आजका नारी स्रष्टाको उत्तरदायित्वभित्रै परेको देखिन्छ र यस उत्तरदायित्व निर्वाह उनीहरूबाट राम्रोसँग हुन सक्यो भने नारी स्रष्टाहरूको भविष्य अत्यन्त समुन्नत हुनेछ भन्नुमा कुनै अप्ठ्यारो मान्नुपर्ने स्थिति देखा पर्दैन ।

**– उप प्रा. शारदा अधिकारी (ढकाल)**

# आधारग्रन्थ-सूची


१. अम्बालिकादेवी, **राजपूत रमणी**, ईश्वरीप्रसाद उपाध्याय, पटना, १९८९ ।

२. आशा सिंह शाह, **दाइजो**

३. आशा सिंह शाह, **रात रोएपछि**

४. इन्दिरा प्रसाई, ***विश्वामित्र,*** पिलिग्रिम्स बुक हाउस, काठमाडौं, २०५५ ।

५. इन्दिरा प्रसाई, **रनमाया**, नइ प्रकाशन, काठमाडौं, २०५८ ।

६. कमला न्यौपाने, **उसको सपना**, साझा प्रकाशन, ललितपुर, २०३४ ।

७. गायत्री विष्ट गाउँले, **जूनकीरी**, मिस्रीमैयाँ विष्ट, काठमाडौं, २०५४ ।

८. गीताकेशरी, **कसिङ्गर**, साझा प्रकाशन, ललितपुर, २०३४ ।

९. गीताकेशरी, **सौगात**, भारद्वाज प्रकाशन, काठमाडौं, २०४६ ।

१०. गीताकेशरी, **आवाज**, भारद्वाज प्रकाशन, काठमाडौं, २०४७ ।

११. गीताकेशरी, **मुक्ति**, भारद्वाज प्रकाशन, काठमाडौं, २०४८ ।

१२. गीताकेशरी, **खोज**, भारद्वाज प्रकाशन, काठमाडौं, २०५० ।

१३. गीताकेशरी **अन्तिम निम्तो**, सेभ द चिल्ड्रेन, काठमाडौं, २०५१ ।

१४. गीताकेशरी **विश्वास**, लेखक स्वयम्, काठमाडौं, २०५२ ।

१५. गीताकेशरी **खुला आकाश**, बालकल्याण-समाज, काठमाडौं, २०५४ ।

१६. गीताकेशरी **नोकरी**, वाणी-प्रकाशन, विराटनगर, २०५५ ।

१७. टीकाकुमारी याखा, **औँलाको सिन्दूर**, लेखिका स्वयम्, २०५७ ।

१८. पारिजात, *शिरीषको फूल,* **पारिजातका सङ्कलित रचनाहरू ग्रन्थ-१**, निर्माण-प्रकाशन, सिक्किम, २०५४ ।

१९. पारिजात, *महत्ताहीन*, **पारिजातका सङ्कलित रचनाहरू ग्रन्थ-१**, निर्माण-प्रकाशन, सिक्किम, २०५४ ।

२०. पारिजात, *बैंसको मान्छे,* **पारिजातका सङ्कलित रचनाहरू ग्रन्थ-१**, निर्माण-प्रकाशन, सिक्किम, २०५४ ।

२१. पारिजात, *तोरीबाटो बाटा र सपनाहरू,* **पारिजातका सङ्कलित रचनाहरू ग्रन्थ-१** निर्माण-प्रकाशन, सिक्किम, २०५४ ।

२२. पारिजात, *अन्तर्मुखी, पारिजातका सङ्कलित रचनाहरू ग्रन्थ-२*, निर्माण-प्रकाशन, सिक्किम, २०५४ ।

२३. पारिजात, *उसले रोजेको बाटो,* **पारिजातका सङ्कलित रचनाहरू ग्रन्थ-२**, निर्माण-प्रकाशन, सिक्किम, २०५४ ।

२४. पारिजात, *पर्खालभित्र र बाहिर,* **पारिजातका सङ्कलित रचनाहरू ग्रन्थ-२**, निर्माण-प्रकाशन, सिक्किम, २०५४ ।

२५. पारिजात, *अनिँदो पहाडसँगै*, **पारिजातका सङ्कलित रचनाहरू** ग्रन्थ-२, निर्माण-प्रकाशन, सिक्किम, २०५४ ।
२६. पारिजात, **परिभाषित आँखाहरू**, स्यो-म्हेन्दो-प्रकाशन, काठमाडौँ, २०४६ ।
२७. पारिजात, *बोनी*, साङ्ग्रिला-प्रकाशन प्रा.लि., काठमाडौँ, २०४८ ।
२८. प्रेमा शाह, **मम्मी**, रत्न पुस्तक भण्डार, काठमाडौँ, २०४० ।
२९. पुण्यरश्मि खतिवडा, **जयन्त र जुनु**, रत्न पुस्तक भण्डार, काठमाडौँ, २०५१ ।
३०. पुण्यरश्मि, **अक्लान्त**, भाभा-प्रकाशन, काठमाडौँ ।
३१. भागीरथी श्रेष्ठ, **मालती**, दुर्गाप्रसाद श्रेष्ठ, भैरहवा, २०३४ ।
३२. भागीरथी, *यस्तो एउटा आकाश*, नेपाल राजकीय प्रज्ञा-प्रतिष्ठान, काठमाडौँ, २०४६ ।
३३. भारती खरेल, **लाहुरे**, दीपक खरेल, काठमाडौँ, २०५२ ।
३४. शबनम श्रेष्ठ, **मनीषा**, रत्न पुस्तक भण्डार, काठमाडौँ, २०५० ।
३५. शान्ता श्रेष्ठ, **सङ्घर्षभित्रका अनौठा पाइला**, जनमत-प्रकाशन, बनेपा, २०५८ ।
३६. शोभा भट्टराई, **अन्त्यहीन अन्त्य**, प्रतिभा-प्रकाशन, काठमाडौँ, २०५८ ।
३७. श्रेष्ठ प्रिया 'पत्थर', **पुनरावृत्ति**, वाणी-प्रकाशन, विराटनगर, २०५७ ।
३८. सङ्गीता स्वेच्छा, **पखालिएको सिउँदो**, सुनीता श्रेष्ठ, काठमाडौँ, २०४९ ।
३९. सीता पाण्डे, **अन्तर्द्वन्द्व**, प्रवेश-प्रकाशन, काठमाडौँ, २०५६ ।
४०. सुस्मिता नेपाल, **एकान्त पनि रुन्छ**, आकाश-परिवार, काठमाडौँ, २०५३ ।
४१. सुस्मिता नेपाल, **मेरो छातीका कोलाजहरू**, आकाश-परिवार, काठमाडौँ, २०५५ ।
४२. वानिरा गिरि, **कारागार**, साझा प्रकाशन, ललितपुर, २०५३ ।
४३. वानिरा गिरि, **निर्बन्ध**, साझा प्रकाशन, ललितपुर, २०४४ ।
४४. वानिरा गिरि, **शब्दातीत शान्तनु**, साझा प्रकाशन, ललितपुर, २०५६ ।
४५. वेदकुमारी न्यौपाने, **धूवाँ**, रत्न पुस्तक भण्डार, काठमाडौँ, २०५७ ।

# सन्दर्भग्रन्थ

१. इन्द्रबहादुर राई, नेपाली–उपन्यासका आधारहरू, साझा प्रकाशन, ललितपुर, २०५० ।

२. कृष्णचन्द्रसिंह प्रधान, नेपाली–उपन्यास र उपन्यासकार, साझा प्रकाशन, ललितपुर, २०५२ ।

३. कृष्णप्रसाद घिमिरे र रामप्रसाद ज्ञवाली, आख्यानकार पारिजात, हजुरको पुस्तक संसार, काठमाडौँ, २०५८ ।

४. कृष्णहरि बराल, नेत्र एटम, उपन्यास–सिद्धान्त र नेपाली–उपन्यास, साझा प्रकाशन, ललितपुर, २०५६ ।

५. घटराज भट्टराई, नेपाली–लेखककोश, लक्ष्मीप्रसाद देवकोटा प्रतिष्ठान, काठमाडौँ, २०५६ ।

६. तारानाथ शर्मा, नेपाली–साहित्यको इतिहास, नवीन प्रकाशन, काठमाडौँ, २०५१ ।

७. दयाराम श्रेष्ठ सम्भव र मोहनराज शर्मा नेपाली–साहित्यको सङ्क्षिप्त इतिहास, साझा प्रकाशन, ललितपुर, २०४० ।

८. राजेन्द्र सुवेदी, नेपाली–उपन्यास परम्परा र प्रवृत्ति, भूमिका–प्रकाशन, वाराणसी, २०५३ ।

# गुन्जनका गतिविधिहरूका प्रमुख झलक

| मिति | स्थान | सभापति प्रमुख अतिथि | कृति/विषय |
|---|---|---|---|
| ०५४ जेठ | पद्मावती सिंह | | गुन्जनको जन्म |
| ०५४ असार | उषा शेरचन | धुवचन्द्र गौतम | अग्निदत्त + अग्निदत्त उपन्यासमा अन्तरक्रिया |
| ०५४ साउन | चन्द्रकला नेवार | ईश्वर वल्लभ | मेरो आमाले आत्महत्या गरेको देशबारे परिचर्चा |
| ०५४ भदौ | सुलोचना | सरूभक्त | तरुनीखेतीबारे अन्तरक्रिया |
| ०५४ असोज | गीताकेशरी | डा. दयाराम श्रेष्ठ परशु प्रधान, राजब किशोर पहाडी, विश्व विमोहन श्रेष्ठ | आधुनिक कथाको सन्दर्भ र विश्वसाहित्य-विचारगोष्ठी |
| ०५४ असोज | स्व. केदारमान व्यथित | स्व. केदामान व्यथित | विशेष कवितगोष्ठी आसामी साहित्यकार गोमा शर्मालाई प्रशंसा-पत्र |
| ०५४ कार्तिक | सुस्मिता नेपाल | पद्मावती सिंह | गुन्जनका सदस्यहरूद्वारा आ-आफ्ना रचनापाठ |
| ०५४ मङ्सिर | भुवन ढुङ्गाना | डा. ताहिरा नैय्यर | नेपाली तथा पाकिस्तानी साहित्यबारे चर्चा |
| ०५४ पूस | डा. ताहिरा नैय्यर | कृष्णचन्द्रसिंह प्रधान | निबन्ध-लेखनबार चर्चा |
| ०५४ माघ | भागीरथी श्रेष्ठ | विजय मल्ल | उपन्यास-लेखनबारे चर्चा अनुराधाबारे अन्तरक्रिया |
| ०५४ फाल्गुण | ज्ञानू पाण्डे | माधव घिमिरे | अश्वत्थामा खण्डकाव्यबारे अन्तरक्रिया |
| ०५४ चैत्र | हिरण्य कुमारी | प्रा. मोहनराज शर्मा | समालोचनाको सिद्धान्तबारे विचार गोष्ठी |
| ०५५ वैशाख | डा. मृदुला शर्मा | | वार्षिक बैठक सम्बन्धी बैठक |
| ०५५ जेठ | पद्मावती सिंह | | वार्षिक बैठक/गत वर्षको कार्यक्रमहरूका पुनरवलोकन आगामी, कार्यक्रमहरूको योजना तर्जुमा |
| ०५५ असार | चन्द्रकला नेवार | पद्मावतीसिंह | आ-आफ्नो रचनाहरूको वाचन |
| ०५५ साउन | प्रतिसरा सायमि | छिन्नतला | छिन्नलताका जीवन तथा लेखनबारे परिचर्चा |

| | | | |
|---|---|---|---|
| ०५५ भदौ | | | गोष्ठीको तयारी |
| ०५५ असोज | प्रज्ञाप्रतिष्ठान | मा. भूमिसुधार मन्त्री चिरञ्जीवी वाग्लेको प्रमुख आतिथ्यमा तथा देवकुमारी थापाको सभापतित्वमा उद्घाटन-समारोह भारतका सुप्रसिद्ध लेखिकाहरूको सहभागिता | नेपाली तथा हिन्दी साहित्यमा नारी प्रतिभाहरूको स्थान विषयक दुईदिने अन्तरक्रिया गोष्ठी । गोष्ठीमा नेपाली साहित्यबारे ज्ञानू पाण्डेद्वारा कार्यपत्र प्रस्तुति । हिन्दीसाहित्यबारे डा. ऊषा ठाकुरद्वारा कार्यपत्र-प्रस्तुति । |
| ०५६ वैशाख | सुस्मिता नेपाल | गीता उपाध्याय | गीता उपाध्यायका कृति तथा साहित्यिक यात्राबारे चर्चा तथा गुञ्जनद्वारा उहाँलाई प्रशंसापत्र । |
| ०५६ जेठ | ज्ञानू पाण्डे | उपकुलपति मोहन कोइराला | मोहन कोइरालालाई स्वागत तथा उहाँको लामा कविता गङ्गाप्रवासबारे परिचर्चा |
| ०५६ असार | उषा शेरचन | बङ्गलादेशका राजदूत कवि मोहमुद्दिन अहमद तथा भारतीय राजदूतावासका प्रथम सचिव अखिलेश मिश्र | राजदूत कवि मोहमुद्दीनलाई स्वागत तथा अखिलेश मिश्रलाई विदाइ/साथै कविगोष्ठी |
| ०५६ साउन | गीताकेशरी | रमेश विकल | विकलका कथाहरूबारे अन्तरक्रिया |
| ०५६ भदौ | प्रतिसरा सायमि | प्रा. पद्मप्रसाद देवकोटा | विश्वसाहित्यको सन्दर्भमा नेपाली-साहित्यबारे चर्चा |
| ०५६ असोज | डा. मृदुला शर्मा | मदनमणि दीक्षित | माधवी उपन्यासबारे अन्तरक्रिया |
| ०५६ कार्तिक | मुगलमहल रेस्टुरेन्ट | भारतका सुप्रसिद्ध लेखक राजेन्द्र अवस्थी तथा लेखिका सरोजिनी प्रीतम | हिन्दी र नेपाली-साहित्यबारे चर्चा |
| ०५६ मङ्सीर | भुवन ढुङ्गाना | मञ्जु काँचुली | मञ्जु काँचुलीका कृतित्वबारे चर्चा तथा कविगोष्ठी |
| ०५६ पुष | भागीरथी श्रेष्ठ | पद्मावतीसिंह | गुञ्जनका सदस्यहरूद्वारा आ-आफ्ना रचनाहरूको पाठ |
| ०५६ माघ | दौलतविक्रम विष्ट | दौलतविक्रम विष्ट | उपन्यास-लेखनबारे तथा **फाँसीको फन्दा** उपन्यासबारे चर्चा |

| | | | |
|---|---|---|---|
| ०५६ फाल्गुन | सुलोचना मानन्धर | विनोद दीक्षित | योजनगन्धा उपन्यासबारे अन्तरक्रिया |
| ०५६ चैत्र | हिरण्यकुमारी पाठक | कमलमणि दीक्षित | साहित्यका विविध पक्षबारे चर्चा |
| ०५७ वैशाख | उषा शेरचन | ईश्वरवल्लभ दिलमाया खाती र सुप्रसिद्ध कवि, गीतकार तथा सङ्गीतकारहरूको उपस्थिति | साहित्य, सङ्गीत र गीतबारे चर्चा तथा साङ्गेतिक साँझ साथै गुञ्जनद्वारा दिलमाया खातीलाई प्रशंसापत्र |
| " " | प्रज्ञाप्रतिष्ठान | मोहन कोइरालाको सभापतित्वमा माधव घिमिरेको प्रमुख आतिथ्यमा सारांश तथा गुञ्जनको संयुक्त आयोजनामा | कवि भीमदर्शन रोक्काको अभिनन्दन तथा घाम डुबेपछि उदाएको तारा हुँ मको सार्वजनीकरण |
| ०५७ जेठ | प्रज्ञाप्रतिष्ठान | माधव घिमिरे | अस्वीकृत समाजको संयुक्त आयोजनामा विक झमककुमारीको अभिनन्दन |
| ०५७ जेठ | प्रज्ञा-प्रतिष्ठान | पद्मावती सिंहको सभापतित्व तथा गोविन्दबहादुर गोठालेको प्रमुख आतिथ्यमा | लघुकथा-गोष्ठी |
| ०५७ असार | सुस्मिता नेपाल | प्रा. मोहन हिमांशु थापा | उहाँका (थापाका) कृति तथा साहित्यिक यात्राबारे चर्चा |
| ०५७ साउन | प्रज्ञा-प्रतिष्ठान | प्रा. पूर्णबहादुर खड्काको प्रमुख आतिथ्य तथा डा. वानिरा गिरि सभापतित्वमा | उषा शेरचनको अक्षरहरूको शिविर (मुक्तक-सङ्ग्रह)को लोकार्पण |
| ०५७ भदौ | पद्मावती सिंह | देवकुमारी थापा | नेपाली-साहित्य तथा विश्व साहित्यबारे विचार-बिमर्श |
| ०५७ कार्तिक | प्रज्ञा-प्रतिष्ठान | माननीय मन्त्री तथा साहित्यकार बलदेव शर्मा मजगैया तथा आरजू देउवाको प्रमुख आतिथ्य तथा पद्मावती सिंहको सभापतित्वमा | **साहित्यिक मञ्चमा लैङ्गिक समानता कति सान्दर्भिक तथा कति असान्दर्भिक ?** विषयमा विचारगोष्ठी डा. घनश्याम कँडेल तथा सुधा त्रिपाठीद्वारा कार्यपत्र प्रस्तुत |

| | | | |
|---|---|---|---|
| ०५८ वैशाख | प्रज्ञाप्रतिष्ठान | ईश्वरवल्लभ तथा कोइलीदेवी माथेमाको प्रमुख आतिथ्य बानिरा गिरीको सभापतित्वमा क्यासेट तथा सीडीको समालोचना - कृष्णहरि बरालद्वारा | उषा शेरचनको अभीप्सा गीति एल्बम तथा सी.डी.को लोकार्पण तथा दिलमाया खातीलाई सम्मान |
| ०५८ असोज | सुलोचना | बङ्गलादेशका भाषाविद् शैहबुद्दीन अहम्मद तथा भरत जङ्गमको प्रमुख आतिथ्य तथा पद्मावती सिंहको सभापतित्वमा | नेपाली तथा बङ्गला साहित्यबारे चर्चा |
| ०५८ फाल्गुन | चन्द्रकला नेवार | तुलसी दिवस | लोकसाहित्यबारे तथा तुलसी दिवसको साहित्यिक यात्राबारे चर्चा |
| ०५९ असार | प्रज्ञा-प्रतिष्ठान | उपसभामुख चित्रलेखा यादवको प्रमुख आतिथ्य तथा भागीरथी श्रेष्ठको सभापतित्वमा उद्घाटन समारोह । उपन्यास विधा कार्यपत्रको प्रस्तुति तथा छलफलका सभापति गीताकेशरी कथा विधा कार्यपत्रको प्रस्तुति तथा पद्मावती सिंह र कविता विधाको कार्यपत्रको प्रस्तुति तथा छलफलका सभापति - बेन्जु शर्मा | नारी-साहित्यकारहरूको विधागत इतिहास विषयमा दुईदिने गोष्ठी तथा कवितावाचन उपन्यास विधाका कार्यपत्र प्रस्तोता - शारदा अधिकारी, कथा विधाका कार्यपत्र प्रस्तोता सावित्री मल्ल कविता विधाका कार्यपत्र प्रस्तोता प्रभा भटराई |
| ०५९ साउन | होटल हिमालय | पद्मावती सिंहको सभापतित्वमा प्रमुख वक्ता परशुप्रधान | जलेश्वरी श्रेष्ठका कथासङ्ग्रह "लावाका बाफहरू" बारे विचारगोष्ठी |
| ०५९ भाद्र | ने.रा.प्र. | कुन्ता शर्माको सभापतित्वमा | गोमा शर्माको श्रद्धाञ्जलि |
| ०५९ माघ | नेपाल पर्यटन बोर्ड | माधव घिमिरेको प्रमुख आतिथ्य र डा. दुर्गा भण्डारीको सभापतित्वमा | लोककवि अलिमियाँको अभिनन्दन |

| | | | |
|---|---|---|---|
| ०६० वैशाख | पद्मावती सिंह | | गुञ्जनको साधारण वैठक तथा निर्वाचन |
| ०६० असार | जलेश्वरी श्रेष्ठ | पद्मावती सिंहको सभापतित्वमा । वैरागी काइँला तथा ईश्वरवल्लभको प्रमुख आतिथ्यमा | नेपाली-साहित्यको वर्तमान स्थितिबारे चर्चा । तेस्रो आयामपत्र सैद्धान्तिक पक्षबारे छलफल |
| ०६० साउन | नम्रता शर्मा | पद्मावती सिंहको सभापतित्व तथा डा. दुर्गा भण्डरीको प्रमुख आतिथ्यमा | माया ठकुरीको आत्मवाचन |
| ०६० भदौ | गीताकेशरी | पद्मावती सिंहको सभापतित्व तथा डा. तारानाथ शर्माको प्रमुख आतिथ्यमा | पद्मावती सिंहका कथाहरूबारे अन्तरक्रिया |
| ०६० असोज | चन्द्रकला नेवार | डा. वासुदेव त्रिपाठीको प्रमुख आतिथ्य र पद्मावतीसिंहको सभापतित्वमा समालोचना -प्रा. माधव पोखरेलद्वारा | भागीरथी श्रेष्ठका कथाबारे अन्तरिक्रिया |
| ०६० कार्तिक | ज्ञानू पाण्डे | धूस्वाँ सायमि डा. ध्रुवचन्द्र गौतम तथा डा. अरूण सायमि समालोचना - डा. रामप्रसाद ज्ञवालीद्वारा | गीताकेशरीको उपन्यासबारे अन्तर्क्रिया |
| ०६० मङ्सीर | उन्नति वोहरा | द्वारिका श्रेष्ठको प्रमुख आतिथ्य तथा पद्मावती सिंहको सभापतित्वमा समालोचना - ईश्वर वल्लभद्वारा | चन्द्रकला नेवारको कवितामाथि अन्तर्क्रिया |
| ०६० पुस | माया ठकुरी | सनत रेग्मीको प्रमुख आतिथ्य तथा पद्मावती सिंहको सभापतित्वमा समालोचना श्री घटराज भट्टराई पितामबर उपाध्याय | हिरण्य कुमारी पाठकको कथाहरूबारे अन्तर्क्रिया |

# गुञ्जनका कार्यप्रति साहित्यकारहरूका मन्तव्य

नेपाली-साहित्यका तपाईं महिला साथकहरूले गुञ्जननामक संस्थाको संस्थापन गरी थोरै समयमा धेरै कार्य सम्पन्न गर्नुभएको छ । यस संस्थाबाट महिला प्रतिभाहरूलाई लेखनक्षेत्रमा गतिप्रदान गर्ने कार्यमा अझ बढी सफलता प्राप्त होओस् भन्ने कामना गर्दछु । प्रसन्नताको कुरो छ गुञ्जन-समूहमा लागेका कतिपय महिला साहित्यकारहरु आफ्नु पहिचान प्रस्तुत गर्न सफल भएका छन् । तपाईंहरूको कार्यबाट नेपाली-साहित्यका विभिन्न विधा अझ झन्‌झन् बढी समृद्ध हुँदै जाने कुरोमा म विश्वस्त छु ।

*- केदारमान व्यथित*

---

केही महिनाअघि गुञ्जन परिवारको निमन्त्रणामा परिवारका सदस्यहरूसँग वसी साहित्यिक चर्चा-परिचर्चामा भाग लिएँ । आफ्ना साहित्यिक जीवनका अत्यन्त तीता मीठा कुराहरू र वैयक्तिक अनुभवहरू व्यक्त गर्ने सौभाग्य मलाई उहाँहरूले दिनुभएको थियो । यसको लागि म उहाँहरूप्रति अत्यन्त आभारी छु र अहिले उहाँहरूले गुञ्जन-परिवारको दोस्रो वर्ष प्रवेशको उपलक्ष्यमा मुखपत्र प्रकाशित गर्न लाग्नुभएको कुरा सुन्न पाउँदा अत्यन्त हर्ष लागेको छ । उक्त मुखपत्रले नेपाली-साहित्यको फाँटलाई विकसित गर्न सकोस् भन्ने शुभकामना ।

*- विजय मल्ल*

---

आजको विश्वमा हामीले हाम्रा विभूतिहरूको जीवनी इतिहासको पन्नामा टिपी राख्न नसकेमा त्यो त्यसरी नै विलीन भएर जान्छ जसरी नालपानीको खलङ्गाभित्र अपूर्व साहस र वीरतासाथ आफ्नो जीवन बलिदान गर्ने नारीरत्नहरूको नामसम्म पनि थाहा भएन । त्यसैले तपाईंहरूको नारी साहित्यकारहरूको इतिहास प्रकाशित गर्ने कार्यलाई म आशीर्वाद दिन्छु ।

*- देवकुमारी थापा*

---

२०६० अदौ ६ गते शनिवार आज गुञ्जन साहित्यिक संस्थाको मासिक गोष्ठीमा सहभागी भई **कथाकार पद्मावती सिंहका कथाहरूविषयक** अन्तरक्रियामा संलग्न हुन पाउँदा अपार हर्ष लागेको छ । मैले गुञ्जनका अरु पनि कार्यक्रमहरूमा भाग लिएको छु । यस संस्थाका सदस्यहरूको कर्मठता प्रशंसनीय छ । यसले नारीवादी साहित्यको ठूलो र समुचित विकास गर्नेछ भन्ने कुरामा पूर्णत: विश्वस्त छु । म लैङ्गिक समानताको कट्टर पक्षधर हुँ । समय-समयमा नारी लेखिकाहरूको

विषयमा लेखेको पनि छु । चाँडै नै आज चर्चित विशिष्ट कथाकारहरूको आख्यान-साहित्य तथा त्यसको योगदानबारे लेख लेख्ने प्रण गर्छु ।

– डा. तारानाथ शर्मा

---

गुञ्जन समूहले यसको स्थापना-समयदेखि अहिलेसम्म साहित्यिक सांस्कृतिक विशेष कार्यक्रम सम्पन्न गर्दै आएको कुरा सर्वविदितै छ । विशेष गरेर स्वयं नारी साहित्यकार समुदायबाट सञ्चालित सँस्था भए तापनि सबै समान समुदायलाई भावनात्मक रूपले समाहित गर्ने गुञ्जनका क्रियाकलापले नेपाली वाङ्मयको जगत्मा विशिष्ट स्थान लिइसकेको छ । यसैकारण यसको उत्तरोत्तर सफलताको कामना गर्नु र यसप्रति सद्भावना राख्नु सबैको सांस्कृतिक कर्तव्य हो ।

– ईश्वरवल्लभ

---

गुञ्जनले गरेको प्रगतिसँग साह्रै खुशी छु म । यसले अझ गहन जिम्मेवारीको वहन गरोस्, अझ सुन्दर कामहरू गरोस् - अटूट रहोस् अहिले झैँ नै । एउटा साहित्यिक संस्थाले यस किसिमका कार्यहरू गर्नु, यस किसिमको लोकप्रियता पाउनु र यसरी अगाडि बढ्नु अत्यन्त सुन्दर कुरा हो ।

– मञ्जुल

६ वर्षअघि 'गुञ्जन' खुल्दा यसको स्थायित्व सुसंगठन र क्रियाकलापबारे म त्यति विश्वस्त थिइनँ । परन्तु ६ वर्षको यसको सक्रिय गतिविधि विश्वासपूर्ण नेतृत्व, समसामयिक क्रियाकलाप आदिमा प्रत्यक्ष/अप्रत्यक्ष सहभागी भएपछि मेरो शङ्काको पर्खाल गर्ल्यामगुर्लुम भई भत्क्यो । विश्वसाहित्यमा आएको उत्तर आधुनिकतासँगै जन्मेको नारीवादी साहित्य-लेखनको संस्थापन र विकासमा 'गुञ्जन'को योगदानको प्रशंसक हुन म बाध्य भएको छु । नेपाली-साहित्यका सर्जकहरूको एउटा स्थायी मञ्च 'गुञ्जन'को सम्पूर्ण सफलताको शुभकामना व्यक्त गर्दछु ।

– परशु प्रधान

---

नेपाली नारी साहित्यकारहरूलाई एकै स्थानमा भेला गराएर उनीहरूलाई आ-आफ्नो हृदयको भावना व्यक्त गर्न आफ्नो मञ्च प्रदान गर्ने गरेकोमा गुञ्जन-समूह साँच्चै धन्यवादको पात्र भएको छ । गुञ्जन-समूहले साहित्यिक उत्थानको निम्ति जति पनि कार्य गर्दै आएको छ, त्यो अति नै प्रशंसनीय छ ।

– माया ठकुरी

अहिलेसम्म साहित्यिक क्षेत्रमा महिलाहरूको व्यक्तिगत रूपमा जति नै प्रयास भए तापनि संगठित रूपमा यसमा निर्देश गर्न अभिभारा उठाएको गुञ्जन साहित्य अभियानको महत्त्व ज्यादै उल्लेख्य भएको छ । यसले जसरी साहित्य, संस्कृतिमा महिला-हस्ताक्षरलाई निष्ठा र सङ्कल्पका साथ बढाइरहेको छ । त्यो निष्ठा र जोशमा शिथिलता नआओस्, वरु बढ्दै जाओस् र यसमा अपेक्षित वर्गको सहभागिता गुणात्मक रूपमा बढ्दै जाओस्, मेरो यही शुभ कामना छ ।

– रमेश विकल

---

गुञ्जन नारी साहित्यकारहरूको संस्थाले नारी साहित्यकारहरूबारे पुस्तक-प्रकाशन गर्न लागेकोमा सफलताको कामना गर्दछु । त्यस प्रकाशनले सम्पूर्ण नारी साहित्यकारहरूको प्रतिनिधित्व गर्नेछ भन्ने विश्वास गर्दछु ।

हुनत साहित्य भन्नासाथ सबै साहित्यकारहरू आउँछन्, त्यो पुरुष होस् वा नारी । यो विभेद किन भन्ने लाग्छ । सामाजिक अवस्थाको कारणले गर्दा यो प्रकाशन आवश्यक भएको हो । नारी जाति जानी-जानी अथवा नजानी नजानी अवहेलित भएका थिए, अझै भएकै छन् । यस्तो अवस्थामा आफ्नो अस्तित्वको पनि छुट्टै संस्था खोलिई नारी साहित्यकारहरूसम्बन्धी छुट्टै पुस्तक-प्रकाशन हुन गएकोले गुञ्जनले यस्तो किसिमको प्रकाशन गर्नु आवश्यक ठानेको हो । धन्यवादसहित सफलताको कामना गर्दछु ।

– गोविन्दबहादुर गोठाले

---

व्यस्त जीवनको एकाकीपन र नीरसतालाई सरसता र संजीवनी प्रदान गर्ने युक्ति पारस्परिक संवाद हो । बात गर्नु भनेको परस्परलाई बुझ्नु हो यसले जीवनबाट तनाव र समाजबाट द्वन्द्व पनि निर्मूल गर्दछ । यही पारस्परिक सभदारीको वृद्धि गर्ने उद्देश्य समेत राखेर नेपाली नारी साहित्यकारहरूको संगठित प्रयासका रूपमा अघि आएको गुञ्जन (जेठ, २०५४)लाई सबैले स्वागत गर्नैपर्दछ ।

जीवनलाई अखण्ड बुझ्ने र बाँच्ने दृष्टिकोण राखेर ठूला र व्यापक पाँच उद्देश्यहरू लिएर स्थापित गुञ्जनले स्रष्टाहरूलाई भेला गर्दै घरेलु वातावरणमा विचार सुन्ने र बुझ्ने कार्यक्रम नियमित रूपमा सञ्चालन गरीआएको पनि छ । तर पनि जीवनको अखण्ड भोगाइ भनेको समग्रमा हुनुपर्दछ । कसैलाई चाहे पुरुष हउन्, चाहे नारी हउन्, सीमान्तमा धकेलेर शक्तिको केन्द्रमा हालीमुहाली गर्ने परम्परागत संरचनाको विरुद्धमा आवाज अब पनि गुञ्जन नभएमा नारीले मात्र भएर निर्माण भएको योजस्तो संस्थाको औचित्य प्रमाणित गर्ने गाह्रो हुनेछ ।

समाजबाट द्वन्द्व र घरबाट तनाव समाप्त गरेर सार्थक र शान्तिपूर्ण जीवनयापन गर्ने सद्भावको वातावरण-निर्माणमा गुञ्जनले सफलता प्राप्त गर्नेछ भन्ने विश्वास गर्दछु । गुञ्जन परम्परामा जकडिएको अरुको अनुअनुज नहोस्

बरु आफ्नै स्वतन्त्र स्वरलहरी बनोस् ।

*– बैरागी काइँला*

गुञ्जनमा मेरा बहिनीहरू धेरै छन् । तर बहिनी भनेर मैले तिमी भनी सम्बोधन गर्ने भने एकैजना छन् पद्मावती । उनका बुवा र मेरा पिताजी १०/१२ वर्षसम्म एउटै कार्यालयमा काम गर्ने साथी जस्तै हुनुहुन्थ्यो । त्यसै नाताले पद्मावती मेरी बहिनी भइन् । एक दिन मलाई पद्मावतीले भनिन्- 'दाइ र भाउजु एकपटक **गुञ्जन**को मासिक कार्यक्रममा आइदिनुपर्‍यो' । त्यस वेलासम्म गुञ्जनका क्रियाकलापसँग म त्यति वाकिफ थिइनँ । त्यहाँ पुगेपछि देखेँ । बाफरेबाफ ! कति काम गरिसकेका रहेछन् यी कर्मनिष्ठ महिलाहरूले म सारै प्रभावित भएँ । अनि त्यहाँ मैले भनेँ, "म त पुरुष परेँ, सक्रिय सहभागी हुन सक्तिन तपाईहरूसँग, तर मैले गर्न सक्ने कुराहरू भन्नुस्, म गर्ने छु ।" नभन्दै, त्यसपछि मैले **गुञ्जन** परिवारलाई सहयोग गर्दै आएको छु बौद्धिक र (अलिअलि) भौतिक रूपले । अझ पनि मैले सकेको गर्दै जानेछु । शुभ होस् ।

*– कमल दीक्षित*

---

**गुञ्जन** संस्थाको महत्त्व एउटा मूलकुरामा छ । यो महिला साहित्यकारहरूद्वारा गठित महिला साहित्यकारहरूको मञ्च हो । महिला साहित्यकारको मञ्चले पुरुष नेतृत्व र शक्तिभित्र महिला साहित्यकारलाई बोलाएर दिइने स्थानको विनिर्माण गर्छ र त्यसको ठीक उल्टो आफ्नो मञ्च बनाउँछ जहाँ पुरुष साहित्यकार आमन्त्रित हुन्छन् । **गुञ्जन**का मञ्चमा आजसम्म त्यही भएको छ । त्यसले समानताको अपरोक्ष तर बलियो सन्देश दिने काम गरेको छ ।

*– डा. अभि सुवेदी*

---

**गुञ्जन** नामक संस्थासित यसको थालनीदेखि नै मेरो निकट सम्बन्ध रहेको हो । यसले आफ्नो प्रथम कार्यक्रममा नै मलाई संलग्न गराएको हो । म अझै पनि सम्झन्छु । यो संस्था सृजना र बौद्धिकताले भरिएको साहित्यिक नारीहरूको संस्था भए तापनि यसले सधैँ समानतामा विश्वास राखेको अनुभव हुन्छ । यसको गतिशीलता झन्झन् तीव्र र व्यापक हुँदै जाओस्- यसै शुभ कामनाका साथ ।

*– ध्रुवचन्द्र गौतम*

---

गुञ्जन एउटा साहित्यिक संस्था हुनुको साथै नेपाली नारी साहित्यकारहरूको एक समूह हो । यसका कार्यक्रमहरू अति उपलब्धिमूलक र महत्त्वपूर्ण हुने गर्छन् । यस संस्थाले नारी साहित्यकारहरूको लागि विभिन्न गोष्ठी, सेमिनार र कार्यक्रमहरू

गर्दै आएको छ । नेपाली-साहित्याकाशमा यसको सिद्धान्त यसको विचार जोगाई राख्नुपर्नेछ । गुन्जनका कतिपय कार्यक्रममा म स्वयं पनि सहभागी हुने मौका पाएको छु । यस्ता कार्यक्रमहरूबाट सम्पूर्ण नारी साहित्यकारहरूलाई उत्साह र हौसला मिल्छ । यसको लागि गुन्जन अति प्रशंसनीय संस्था बनेको छ ।

गुञ्जनले प्रकाशमा ल्याउन लागेको नेपाली नारी साहित्यकारहरूको विधागत इतिहास शीर्षकको अनुसन्धानमूलक ग्रन्थ चाँडै प्रकाशित ओस् भन्ने कामना गर्दछु ।

*– मोहन कोइराला*

---

'गुञ्जन'को कार्यक्रममा आफु पनि सहभागी हुन पाउँदा मलाई औधी खुशी लागेको छ । यस संस्थाले गर्दै आएको कार्यक्रम ज्यादै सराहनीय छ । यस्तो अन्तरक्रिया कार्यक्रम भइरहोस् । आजको कार्यक्रमबाट म ज्यादै लाभान्वित भएँ ।

*– वासुदेव त्रिपाठी*

---

'गुञ्जन'लाई म मौरीले मधुसञ्चय गर्दै मधुकोशमा गर्ने मधुर गुञ्जन जस्तै मान्दछु । यहाँ स्रष्टाहरू वेला-वेलामा भेला भएर गरिने परस्पर रचनावाचन र साहित्यिक चर्चा परिचर्चा साँच्ची नै रमाइला र रचनात्मक हुन्छन् । यहाँ मैले पनि आमन्त्रित भएर यस कुराको प्रत्यक्ष अनुभव गर्न पाएको छु ।

'गुञ्जन'का तर्फबाट नारी साहित्यकारहरूको विधागत इतिहास शीर्षकको अनुसन्धानमूलक ग्रन्थ प्रकाशित हुन लागेको कुरा सुन्न पाउँदा मलाई सन्तोष लागेको छ । नेपाली-साहित्यमा नारी प्रतिभाहरूले पुऱ्याएका योगदानको उचित मूल्याङ्कन गर्न उक्त ग्रन्थले अवश्य सघाउनेछ भन्ने मैले विश्वास लिएको छु । म 'गुञ्जन'ले अझै उत्तरोत्तर प्रगति गर्न सकोस् भनी आफ्नो तर्फबाट हार्दिक शुभकामना व्यक्त गर्दछु ।

*– माधव घिमिरे*


---

'गुञ्जन' नारीकेन्द्री सिर्जनात्मक संस्थाहरूमा अग्रणी रहेको देखिन्छ । मैले यसलाई सदैव क्रियाशील रहेको पाएको छ । साहित्य एवं सिर्जनाका विविध विषयहरूमा फलदायी छलफल, समसामयिक ज्वलन्त समस्याहरूमा उपयोगी विचार-विमर्श र नारीसम्बन्धी अनेक प्रसङ्गहरूमा सार्थक अन्तरक्रिया आयोजित गरेर यस संस्थाले आफ्नो आवाज टाढा-टाढासम्म पुऱ्याएको छ ।


नारीप्रतिभाको उत्थानमा समर्पित 'गुञ्जन' हाल एउटा उत्तरदायी तथा प्रेरक संस्थाको रूपमा क्रियाशील छ । यो संस्था प्रगतिका मार्गमा निरन्तर अघिअघि बढोस् र उन्नतिका भऱ्याङमा निरन्तर माथिमाथि उक्लोस् भन्ने हार्दिक शुभकामना व्यक्त गर्दछु ।

*– मोहनराज शर्मा*

# परिशिष्ट



गुञ्जनको विधिवत् रूपमा स्थापना हुनुपूर्व पद्मावती सिंहको निवासमा यसका संस्थापक सदस्यहरू पद्मावती सिंह, उषा शेरचन, भागीरथी श्रेष्ठ, ज्ञानू पाण्डे र भुवन ढुङ्गाना आपसमा छलफल गर्दै ।



गुञ्जनको पहिलो कार्यसमितिको बैठक अध्यक्ष पद्मावती सिंहको निवासमा ।



कविवर केदारमान व्यथित तथा उहांकी धर्मपत्नी आफ्नै निवास स्थानमा 'गुञ्जन' का सदस्यहरू माझ ।



उषा शेरचनको निवासमा आयोजित गुञ्जनको पहिलो अन्तरक्रिया कार्यक्रममा वरिष्ठ साहित्यकार ध्रुवचन्द्र गौतम गुञ्जनका सदस्यहरू माझ ।




वरिष्ठ समालोचक कृष्णचन्द्रसिंह प्रधान गुञ्जनका सदस्यहरू माझ ।



भागीरथी श्रेष्ठको निवासमा आयोजित गुञ्जनको नियमित मासिक कोठे गोष्ठीमा वरिष्ठ साहित्यकार विजयबहादुर मल्ल गुञ्जनका सदस्यहरू माझ ।




उषा शेरचनद्वारा रचित कविता सङ्ग्रह 'अक्षरहरूको शिविरबाट'को लोकार्पण कार्यक्रममा तत्कालीन गृह, सूचना तथा सञ्चार मन्त्री पूर्णबहादुर खड्का पुस्तकको लोकार्पण गर्नुहुँदै ।



गुञ्जनद्वारा आयोजित एक साहित्यिक विचार गोष्ठीमा सहभागीहरू ।




लघुकथा गोष्ठीमा गोष्ठीका प्रमुख अतिथि वरिष्ठ साहित्यकार गोविन्द बहादुर गोठालेद्वारा गुञ्जन पत्रिकाको लोकार्पण गर्नुहुँदै ।



दीपमा शर्माको निवासमा आयोजित 'गुन्जन' को नियमित मासिक बैठक गोष्ठीमा गीतकार छिन्नलता गुन्जनका सदस्यहरू साथ ।



नेपाली तथा हिन्दी साहित्यका नारी प्रतिभाहरूबारे आयोजित दुईदिने संवाद कार्यक्रममा सभाध्यक्षको आसनबाट आफ्नो मन्तव्य प्रस्तुत गर्नुहुँदै वरिष्ठ साहित्यकार देवकुमारी थापा ।




ज्ञानु पाण्डेको निवासमा आयोजित 'गुन्जन' को नियमित मासिक बैठक गोष्ठीमा कविवर माधव घिमिरे गुन्जनका सदस्यहरू साथ ।



गुञ्जनले आयोजना गरेको एक साहित्यिक कार्यक्रममा गरिष्ठ साहित्यकार विजयबहादुर मल्ल, धुस्वाँ सायमि, ईश्वरवल्लभ, तुलसी दिवस, मोहन कोइराला तथा अन्य सहभागीहरू ।



नेपाल राजकीय प्रज्ञाप्रतिष्ठानको हलमा 'गुञ्जन'ले आयोजना गरेको एक साहित्यिक गोष्ठीको उद्घाटन गर्नुहुँदै उपसभामुख चित्रलेखा यादव ।



गुञ्जनको कार्यक्रममा कवि मोहन कोइराला तथा उपसभामुख चित्रलेखा यादव गुञ्जनका सदस्यहरू माझ ।



गुन्जन तथा सारांशको संयुक्त आयोजनामा आयोजित कवि भीमदर्शन रोक्काको अभिनन्दन कार्यक्रममा प्रमुख अतिथि कविवर माधव घिमिरेद्वारा कवि रोक्काको कविता सङ्ग्रहको लोकार्पण गर्नुहुँदै ।



गीताकेशरीको निवासमा आयोजित गुन्जनको नियमित कोठे गोष्ठीमा डा. दयाराम श्रेष्ठ कथासम्बन्धी आफ्नो मन्तव्य दिनुहुँदै साथमा कवि राजव, कथाकार परशु प्रधान, किशोर पहाडी ।




सुलोचना मानन्धरको निवासमा आयोजित गुन्जनको नियमित मासिक कोठे गोष्ठीमा साहित्यकार [illegible] गुन्जनका सदस्यहरू माझ ।




उषा शेरचनको निवासमा आयोजित 'गुञ्जन'को कार्यक्रममा वरिष्ठ गायिका दिलमाया खातीलाई वरिष्ठ साहित्यकार ईश्वरवल्लभद्वारा प्रशंसापत्र प्रदान गर्नुहुँदै ।



सुस्मिता नेपालको निवासमा आयोजित गुञ्जनको नियमित कार्यक्रममा गुञ्जनले प्रदान गरेको प्रशंसापत्र ग्रहण गर्दै हुनुहुन्छ आसामी साहित्यकार गीता उपाध्याय ।



गुञ्जनद्वारा ने. रा. प्र. प्र. मा आयोजित सहस्राब्दी पूर्व सन्ध्या विशेष कवि गोष्ठीमा गुञ्जनका सदस्यहरूसित अतिथि साहित्यकारहरू ।



हिरण्यकुमारी पाठकको निवासमा आयोजित गुञ्जनको नियमित कोठे गोष्ठीमा साहित्यकार मोहनराज शर्मा आफ्नो मन्तव्य दिनुहुँदै ।



नारी साहित्यकारहरूको विधागत इतिहास विषयक गोष्ठीमा बोल्नुहुँदै डा. हरि शर्मा ।



जलेश्वरी श्रेष्ठको निवासमा आयोजित गुञ्जनको नियमित मासिक कोठे गोष्ठीमा गुञ्जनका सदस्यहरू माझ वरिष्ठ कविद्वय ईश्वरवल्लभ तथा बैरागी काइँला ।



ज्ञानू पाण्डेको निवासमा आयोजित गुन्जनको नियमित कार्यक्रममा वरिष्ठ कवि तथा नेपाल राजकीय प्रज्ञाप्रतिष्ठानका उपकुलपति श्री मोहन कोइराला गुन्जनका सदस्यहरू माझ ।



मुगल रेष्टुरेन्टमा गुन्जनद्वारा आयोजित रात्रीभोजमा कादम्बिनीका सम्पादक राजेन्द्र अवस्थी तथा साहित्यकार सरोजिनी प्रीतम गुन्जनका सदस्यहरूको साथमा ।



उषा शेरचनको निवासमा आयोजित गुन्जनको कोठे गोष्ठीमा बङ्गलादेशका राजदूत कवि मोहिउद्दीन अहमद र भारतीय राजदूतावासका प्रथम सचिव श्री अखिलेश मिश्र, नेपालका साहित्यकारहरू डा. अभि सुबेदी, मञ्जुल, ईश्वरवल्लभ, तोया गुरुङ तथा अन्य साथमा गुन्जनका सदस्यहरू ।

# गुञ्जन

## संस्थापक सदस्य तथा पदाधिकारीहरू

| | | |
|---|---|---|
| स्थापना | : | २०५४ |
| अध्यक्ष | : | पद्मावती सिंह |
| उपाध्यक्ष | : | चन्द्रकला नेवार |
| महासचिव | : | उषा शेरचन |
| सचिव | : | डा. मृदुला शर्मा |
| कार्यकारिणी सदस्यहरू | : | गीता केशरी<br>हिरण्यकुमारी पाठक |
| संस्थापक सदस्यहरू | : | भुवन दुङ्गाना<br>भागीरथी श्रेष्ठ<br>ज्ञानू पाण्डे<br>सुलोचना मानन्धर<br>प्रतिसरा सायमि<br>सुस्मिता नेपाल |
| आजीवन सदस्यहरू | : | माया ठकुरी<br>जलेश्वरी श्रेष्ठ (कोषाध्यक्ष)<br>उन्नती बोहरा "शिला"<br>शारदा अधिकारी |

ISBN 99933-896-9-2

आवरण : कमल खत्री, [illegible]
मुद्रण : हिसि अफसेट प्रेस, फोन: ४२२६४१६